Digitization by Arya Samaj Charitable Foundation, Chennai

बी० ४५



Digitization by Arya Samaj Charitable Foundation, Chennai

Digitization by Arya Samaj Charitable Foundation, Chennai

सम्मति

जीवनलाई छुँदै अगाड़ि बढ़िरहेका यी नाटकहरुले मानव-मनमा चिमोट्न सकेको छ। शैतानलाई देवता बन्ने र पीड़ितलाई वीर बनेर स्वयं उद्धार हुने प्रेरणा यी एकाङ्की दिनखोज्छन्। हास्य र प्रायः करुणारसको आधारमा मानवताको प्रतिष्ठाको निम्ति विद्रोह गरिएको छ।

व्यङ्ग्य मनोरञ्जन संवेदन सबै स्वाभाविक मात्र होइन, मनोवैज्ञानिक गराउनमा पनि उत्साह र उमङ्ग भरिएका हाम्रा लेखकज्यूले पूरा शिल्प देखाउनु भएको छ। चरित्र-चित्रण सुन्दर, भाषा मधुर भएर सबै नाटक भावात्मक छन्।

यसको विस्तृत भूमिका पनि ज्यादै पठनीय छ।

—सिद्धि चरण

Digitization by Arya Samaj Charitable Foundation, Chennai

Digitization by Arya Samaj Charitable Foundation, Chennai

छेउ लागेर

(एकाङ्की संग्रह)

Chheu-Lagera
(Nepali)

लेखक
हृदयचन्द्र सिंह प्रधान

प्रकाशक
साथीहरू

प्रथम संस्करण १०००] २००६ [मूल्य १।५०; १॥)

Digitization by Arya Samaj Charitable Foundation, Chennai

(सर्वाधिकार लेखकबाट सुरक्षित)

मुद्रक—

सु० ऋद्धिबहादुर मल्ल,
जोरगणेश छापाखाना,
नेपाल ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

धन्यवाद

यो "छेउ लागेर" पुस्तकाकार भएर साहित्य-प्रेमीहरूको सेवामा पुग्नसकेको निम्न लिखित साहित्यानुरागी सज्जनहरूको सहयोग पाएर मात्र हो, त्यसैले कृतज्ञ र ऋणी भई म उहाँहरूलाई हृदयदेखि धन्यवाद चढाउँछु—

दुई-दुई प्रति यसको पाण्डुलिपि सारिदिएकोमा छात्रा कुमारी श्रीमाधना खत्रीलाई;

यसको आवरण-पत्र निःशुल्क लेखिदिनुभएकोमा प्रसिद्ध कलाकार श्री केशव दुवाड़ी, प्रधान अध्यापक, श्री चित्रकला पाठशाला, नेपाललाई;

शेयरको रूपमा आर्थिक सहयोग दिनुभएकोमा

श्री ले० क० सुरेन्द्रबहादुर शाह, दिल्लीबजार
श्री डि. दयाराम भक्त माथेमा,
श्री राजदास बादेश्रेष्ठ, बनेपा,
श्री शान्तराम भण्डारी,
श्री साहू रत्नप्रसाद श्रेष्ठ, भोटाहिटी,
श्री साहू महन्तलाल श्रेष्ठ,
श्री साहू भाइरत्न वज्राचार्य,
श्री के० बी० राणा, दार्जलिङ्ग,
श्री नारायणप्रसाद बासकोटा,
श्री साहू कैलाशराम श्रेष्ठ,
श्री पं० भेशराज शर्मा, बी० ए. काव्यतीर्थ,
श्री जोरगणेश प्रेस,
श्री पं० कृष्ण भट्ट,
श्री विजय पुस्तक भण्डार, बागबजार, नेपाल,
श्री सन्देश-गृह' बाङ्गेमूढा, नेपाल,
श्री जगतबहादुर सिंह,
श्री द्वारिकानारायण मानन्धर,

Digitization by Arya Samaj Charitable Foundation, Chennai

धन्यवाद

श्री मास्टर प्रेमबहादुर श्रेष्ठ,
श्रीमती मेनकामैया श्रेष्ठ,
श्रीमती रुक्मिणीदेवी प्रधानलाई

अनि यो नाटकलाई पुस्तकाकार गराउनमा सधै प्रेरणाका साथ सम्मति दिनुभई शेयरको सहयोग दिलाउने काममा समेत योगदान दिनुभएकोमा कविवर श्री सिद्धिचरण श्रेष्ठलाई र निःशुल्कतामा यसको सारा प्रबन्धको जिम्मा लिने भार लिनुभएकोमा श्री हिमालय पुस्तक भण्डार, ५५२, भोटाहिटी, नेपाललाई पनि हार्दिक धन्यवाद छ ।

—हृदयचन्द्र सिंह

यो पुस्तकमाः—

भूमिका	५	
१. छेउ लागेर	२०	पछि
२. नित्यबहादुर	३८	,,
३. बिरामी	५२	,,
४. श्री मैंयाको इयर्लिङ्ग	६२	,,
५. विमलाकुमारी	७६	,,
६. म जान्न	९२	,,
७. त्रिपासाका खेलाड़ी	१०४	,,
८. सतीशको रहर	११८	,,
९. तीन उरन्ठेउला	१४८	,,
१०. त्यो जान सकेन	१६६	,,
११. डाक्टर	१७८	,,
१२. पहिलो पोइको श्राद्ध	१९४	,,

Digitization by Arya Samaj Charitable Foundation, Chennai

भूमिका

सजीव भएर रङ्गमञ्चमा उतर्न सकिने सरस घटना वा भाव-चित्रणको नाम हो नाटक। त्यसैले दृश्यात्मक कथोपकथन वा वार्तालाप कहिल्यै पनि नाटक हुन सक्तैन, किनभने जेपनि कुराकानी र घटनाले कदापि सजीवता धारण गर्न सक्तैन।

प्रह्लादको जयको निम्ति नृसिंह अवतीर्ण भएर हिरण्यकशिपुलाई संहार गरेको इत्यादि कुरा पुराण हो; पृथ्वीनारायण शाहले नेपालका सब राजालाई जिते, त्यस वेलादेखि नेपालका सब टुक्रे राज्यहरू एक राष्ट्रमा उनिए, अनि एक भाषा र एक भावको पनि जागृति भयो भन्ने इत्यादि कुरा इतिहासमात्र हो; बत्तीस लक्षणले युक्त भएका राजा विश्वदेवको बलि हुनासाथ नारायणधाराबाट पानी बहनलाग्यो, तर बाबु मार्ने पापी मानदेवको मुख हेर्नु छैन भनी धारामा राखेको नागले आफ्नो मुख पछाडि फर्कायो भन्ने इत्यादि कुरा कथामात्र हो, महाराज जङ्गबहादुर शिकार जाँदा एउटा बाघबाट आक्रमण भएर अन्त भए भन्ने कुरा घटनामात्र हो।

तर, प्रत्येक वाक्य र शब्दमा सजीवता भएर भावोद्गार छन् र दृश्यात्मक भएर कलात्मक सत्यता पनि छन्भने उपर्युक्त सबै कुरा नाटक हुनसक्छन्। अर्को कुरा, स्वाभाविकता र यथार्थताले भरेको मानवीय मनोवृत्ति, प्रकृति र चरित्र-चित्रण, अनि रूपकको साँचोमा ढालिएको सन्देशमात्र पनि नाटक होइन, ती त एक किसिमका तमाशामात्र हुन्। ती नै नाटक भए संसारका समस्त कुरालाई नाटक

Digitization by Arya Samaj Charitable Foundation, Chennai

भने पनि भयो। कुरा कुरैमात्र हो, कुरा कहिल्यौ पनि नाटक हुनसक्तैन एउटा फकीर अथवा झुत्रे-झाम्रे मानिस वा एउटा डोके-खर्पने अथवा एउटा रईश वा एउटा बिरामी अथवा एउटी अधवैसी स्वास्नि मानिस आइरहंदा वा भेट्दा, अथवा कुरा गरिरहेको सुन्दा वा आफैसित कुरा गर्न आउँदा हामी उति चाख मान्दैनौं, न हाम्रो उत्सुकता टठमराउँछ, न हाम्रो कौतूहलै जागरित हुन्छ। तिनबाट अथवा कुनै कुराबाट कोही आकर्षित वा ध्यानस्थ भएपनि वैयक्तिक उपयोगिता वा फाइदाले मात्र हुन्छन्। यसको कारण हो, तिनमा कुनै विशेष शृङ्खलित र सजीव सृजना रहँदैन, त्यसैले मानिसलाई फिक्का लाग्छ। तर कुनै नाटकमा दृश्य-वर्णण देख्दा वा पात्र भेट्दा अथवा रंग-मञ्चमा कुनै पात्र आइरहेको वा बसिरहेको देख्दा तुरन्तै हामी ध्यानस्थ र आकर्षित हुन्छौं, किनभने त्यस दृश्य वा पात्र अथवा अभिनेतामा कुनै सृजनात्मक सजीव जगत्को छाया वा संकेत हुन्छ। वास्तवमा सुन्दर, सुष्ठु, शुभ र दृश्यात्मक भएर सृजनात्मकता र सजीवताको धारण नै नाटक हो।

त्यसैले नाटकले शिथिल वार्ता, गन्थन कुरा र साधारण घटनाबाट एकदमै बच्नुपर्छ। प्रभावशालिता, भावात्मकता र चुटकिलो-पनाले परिपूर्ण हुनु नै नाटकको सजीवता हो। भनाइमा वेग छैन, सिर्जनामा सौन्दर्य छैन र भावमा मार्मिकता छैनभने त्यस नाटकमा ज्यान हुँदैन। नाटक कुनै समस्या सुल्झाउने सामाजिक, धार्मिक, राजनीतिक आदि विषयको रूपकमात्र होइन, न नाटक केही कुराको चित्रण वा उद्गारमात्र हो। नाटकमा निबन्धको जस्तो विचार-प

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पक्कता, कहानीको जस्तो कथा–कौतूहल, कविताको जस्तो मार्मिक, सांकेतिक र सुन्दर भाव चित्रण, समालोचनाको ज़स्तो तीतो–मीठो उक्ति, निष्पक्षता र निर्भीकता, अनि संकेतको रूपमा महाकाव्य र उपन्यासको जस्तो वर्णन–माधुर्य र उनको जस्तो चरित्र–चित्रण र जीवनमयता रहन्छ, त्यसैले साहित्यसुलभ सर्वाङ्ग गुण रहने हुनाले नाटक सर्वप्रिय र सर्वापेक्षा प्रिय छ। तर नाटककार कवि, विचारक, समालोचक, कथामर्मज्ञ र औपन्यासिक हुनुपर्छ। स्पष्टतः र कार्यरूपमा नभएपनि तिनको हैसियत त नाटककारमा अनिवार्यतः हुनैपर्छ।

नाटकमा पनि एकाङ्कीमा गतिशीलता र सजीवता अझ बढता चाहिन्छ। यही विशेषताले गर्दा एकाङ्कीले आजकल साहित्यिकहरूलाई मात्र होइन, साधारण मानिसहरूलाई पनि प्रभावित पारिरहेकोछ। किनभने एकाङ्की छोटो पनि हुन्छ, अचेलको परिस्थितिबाट पिटिएर अवकाश नपाएका मानिसहरूले पनि पढ्न र अभिनय हेर्न भ्याउँछन्।

एकाङ्की वृहत् नाटकको लघुरूप अवश्य होइन, जस्तो आकार–प्रकार, रूप–रङ्ग मिल्नखोज्दैमा बिरालो बाघको जातविशेष होइन। उपन्यास र कहानीमा कहानी उपन्यासको लघुरूप नभईकन भिन्नै वा निजी अस्तित्वपूर्ण भएजस्तै नाटक र एकाङ्कीमा पनि नाटकको निजी अस्तित्व निज़ी व्यक्तित्व, निजी रूप र निजी आत्मा हुन्छ। यद्यपि आकृतिले समानता देखियोस्, तर प्रकृति र पद्धति वा तन्त्र (टेकनीक) तथा भावाभिव्यक्ति वा प्रकटीकरणमा मौलिक भिन्नता छ।

हुनत कलाकारको सृष्टि सँधै नियमबद्ध रहँदैन, सौन्दर्यको

Digitization by Arya Samaj Charitable Foundation, Chennai

आधारमा, कलाको चमत्कारमा उसको सृष्टि सीमाबाट पर गए पनि सुष्ठु, सुन्दर हुनसक्तछ , तैपनि रेखात्मकको रूपमा मात्र भएपनि नियम र भेदविशेषको परिधिमा उसको कलम वा तूलिका सीमित रहनैपर्छ। त्यसैले नाटक, उपन्यास,कहानी, कविता, निबन्ध इत्यादि-को अस्तित्व रहिरहेकोछ । यहीं हिसाबमा एकाङ्कीको विषयमा मेरो के धारणा र विचार छ, त्यो प्रकट गरेर म संतोष लिन चाहन्छु।

एकांकीमा एउटै मात्र अङ्क रहन्छ। अङ्कको माने हो अङ्ग,भाग खण्ड,अंश इत्यादि;तसर्थ एकाङ्कीमा भावको अनेक अङ्ग, भाग,खण्ड, वा अंश हुनुहुँदैन। मेरो विचारमा एकाङ्कीमा दृश्य पनि

एङ्काकीको परिभाषा

अनेक नभईकन एउटै मात्र हुनु जाती छ। एक किसिमले दृश्य पनि अङ्क नै हो। सम्बद्धता त अनेक अङ्कसित्त पनि रहन्छ, तर रूखका हाङ्गाहरू हाङ्गिएर फैलावट बोके जस्तै तिनको कथानकले जीवन बोकेको हुन्छ, त्यस्तै दृश्यहरूले पनि एकाङ्कीको एकाङ्गितालाई यता-उति तान्छ, फर्काउँछ। त्यसैले एकाङ्कीको महत्ता एक अङ्कले मात्र होइन, एक दृश्यले झन् बढा-उँछ। एकाङ्कीको उत्तम लक्षण हो एकलक्षता। अनेक दृश्य अवश्य पनि विस्तारको परिचय हो। यहाँ विस्तारको अभिप्राय यो अवश्य होइन, लघुरूपता नै एकाङ्कीको उत्कृष्टता हो। त्यसो त लघुता एकाङ्की-को गुण भएर पनि अति विस्तृत एकाङ्की पनि उत्कृष्ट हुनसक्छ। यसैले उत्कृष्ट एकाङ्कीको लक्षण हो एउटै मात्र वेग, ध्वनि, लक्ष र कृत्यनिहित तारतम्य।

दुई अङ्क, तीन अङ्क, ५ अङ्क भएका नाटकको कुनै विशेष

Digitization by Arya Samaj Charitable Foundation, Chennai

सम्बोधन छैन, तर एक अङ्क भएको नाटक 'एकाङ्की' ले प्रसिद्ध छ। यसको मतलब हो अङ्कविशेषसित नाटकको नाममा केही सम्बन्ध छैन, अर्थात् एक अङ्कको कारण होइन, एकलक्षता, एकवेगता, एकध्वनित्व, एकस्थितित्वको मर्यादाको कारण 'एकाङ्की' नाम रहेको हुनुपर्छ। त्यसैले एकाङ्कीमा जहाँसम्म संभव छ एकस्थानीयता, कालैक्य र कृत्य वा क्रिया-संकलनको मर्यादा रहनैपर्छ। एक लक्षलाई लिएर सिलसिलेवार दौड़िरहेको समयमा यदि मञ्चसुलभ भए कैयन् स्थान र दृश्य देखाएर पनि एकलक्षताको मर्यादा राख्न सकिन्छ। चलचित्रको आधार गरे त अनेक स्थान वा दृश्यले त एकलक्षताको मर्यादामा कति पनि खटको पैदा गराउँदैन। यदि दौड़ादौड, भागाभाग, लखेटालखेटी भइरहेको विषय वा विवरण देखाउन पन्योभने त अनेक स्थान देखाउनु नै स्वाभाविक ठहरिन्छ। त्यसैले कालैक्य र कृत्यैक्यको अगाड़ि एकस्थानीयताको पनि त्यति जरूरत छैन जस्तो देखिन्छ। यही विचारलाई लिएर मैले, आफ्नो एकाङ्कीमा अनेक दृश्यका प्रिय नभएर पनि कालैक्य र कृत्यैक्यको मर्यादा रहेको हुनाले दुई दृश्यमा लेखिन दौड़ेको मेरो **पहिलो पोइको श्राद्ध** शीर्षक एकाङ्कीलाई अफ्नाइदिएँ, नत्र मेरो विचारमा बहु दृश्य भएको वा हुने कथानक एकाङ्कीको सुहाउँदो विषय होइन। एकस्थानीयता पछि कालैक्यको पनि मर्यादा भङ्ग गर्न सकिन्छ। तर घंटा, दिनलाई नाघेर वा टप्केर अर्को घंटा वा दिन महीना वर्षको पाउ समात्न जाने विषय पनि मेरो विचारमा वस्तुतः एकाङ्कीको विषय होइन। परन्तु, कृत्य-संकलनको पनि मर्यादा भङ्ग भए त त्यो कृति कुनै हालतमा पनि एकाङ्की ठहर्नसकिन्न।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

एकाङ्कीको कथा-वस्तु छोटो पनि हुनसक्छ, लामो पनि; छोटो-लामोसित एकाङ्कीको केही मतलब छैन, तर उसको क्रिया-व्यापार एकाङ्की भएर यताउति कतै नहेरीकन सरासर अगाडि बढ्दै ठाउँमा पुग्ने हुनुपर्छ । त्यसैले एकाङ्कीको कथानकको छनाइमा निकै शिल्प र जानकारी चाहिन्छ।

एकाङ्कीको वस्तु

कहानीको कथावस्तुमा जीवनको क्रमगत व्याख्या नभईकन जीवनको एक टुक्राको मात्र सजीव अभिव्यक्ति भएर पुग्दैन, एकाङ्कीको कथानकमा झन्न बढता मसिनो शिल्पको जरूरत छ। जीवनको एक सजीव घटना भएरपनि बिजुली चम्के जस्तै शुरूदेखि आखिरसम्म चम्किलो भएर क्षणिक हुनुपर्छ। सुन्दर कहानीको जस्तो महीनौं वर्षौंको घटनासित सम्बन्ध भएको राम्रो घटना पनि एकाङ्कीको निम्ति उपयुक्त छैन। एकाङ्कीको निम्ति अखण्ड समयमा घटेको वेगवान र प्रवाहमय जीवनको कुनै आंशिक घटना सूपयुक्त छ।

त्यसैले एकाङ्कीको विषय कुनै लडाई नभईकन कुनै झगडा हुनु बेस छ, किनभने लडाईमा जीवनको साङ्गोपाङ्गता हुन्छ, झगडामा जीवनको कुनै अंचलको मात्र सम्बन्ध हुन्छ। एउटा काँक्रोको मोलमा अथवा काँक्रो किन्न जाँदा पसलेसित भएको झुरामा झगडा हुँदा त्यस विषयमा जीवनको व्यापकता केही हुँदैन। त्यसमा जीवनको स्पर्शतामात्र हुन्छ; तर एउटा लड़ाईमा जीवनको बढता व्यापकता हुन्छ। त्यसैले लडाई होइन, झगड़ा एकाङ्कीको विषय हो। तर झगड़ा जीवन छुने हुनुपर्दछ। यहाँ "लडाई होइन, झगडा एकाङ्कीको विषय हो" भन्नाको मेरो तात्पर्य एक कृत्य, एक स्थल र एक समयको मर्यादापालनको लक्ष्यमात्र हो, लडाईको अंचल समेत

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पनि एकाङ्कीको निम्ति अछूत छ भन्ने मेरो राय होइन । वास्तवमा एक क्रियात्मक अथवा संकलन त्रयात्मक जिउँदा र हृदय छुन सक्ने घटनाको सरसरी र सनसनीपूर्ण टुङ्गो नै एकाङ्कीको कथावस्तु वा विषय हो ।

अंग्रेजी भाषाको टेकनीकको नाम तन्त्र हो । यसलाई विधान, संविधान वा पद्धति पनि भन्दछन् । एकाङ्की कसरी लेख्ने, कस्तो हुनुपर्छ, यसैको नियम-नीतिको नाम तन्त्र हो । टेकनीकको बारेमा मेरो राय छ, टेकनीकको पाठ घोकेर वा टेकनीकको आधारमा एकाङ्कीको कृति सफल हुन गाह्रो छ । टेकनीकको निम्ति एकाङ्कीकारको दृष्टिकोण एउटा फोटोग्राफरले तस्वीर खिच्नलाग्दा कतातिरबाट, कुन साइड्बाट, कसरी, कुन मुद्रामा खिचे राम्रो होला भन्ने विचार बोकेको हुनुपर्छ ।

एकाङ्कीको तन्त्र

पहिले एकाङ्कीलाई सुहाउँदो कथावस्तु लिनुपर्छ । अनि त्यो कथा-वस्तुलाई एकाङ्कीमा ढाल्न वस्तुको कुन अंचल वा कुन भागबाट-शुरू, मध्य वा अन्तिम भागमा कतावाट उठाए कृति सुन्दर र सुष्ठु हुन्छ, प्रभाव र कुतूहल कसरी बढता हुन्छ, यसैमा पहिले कलात्मक विचार राख्नुपर्छ ।

ठूलो नाटकको जस्तै एकाङ्कीको आरम्भ पनि दृश्य वा मंच-संकेतको वर्णनबाट हुन्छ । एकाङ्कीमा अझ बढ़ता नाटकीयता हुनुपर्छ । दृश्य-संकेत सकिनासाथै कथालाई थाप्लोमा बोकेर आउने पात्र मौजूद हुनुपर्छ, अर्थात् रंगमञ्चको दृष्टिले पर्दा खुल्नासाथै पात्र मौजूद

Digitization by Arya Samaj Charitable Foundation, Chennai

भएको हुनुपर्छ । दृश्य-वर्णन सकिनासाथ पात्रको उपस्थिति एकैजनाको हुनु राम्रो छ । किनभने एकास्सि हूलबाट भएको व्यापार उति सजीव हुँदैन । प्रायः क्रियाको व्यापार वा संचालन पहिला-पहिले एकै जनाबाटै आरम्भ भएको हुन्छ पनि । पर्दा खुल्नासाथै एकभन्दा बढ़ता पात्र उपस्थित भएपनि क्रिया-विस्तारको सूत्र एक जनामात्रैबाट तानिन शुरू हुनुपर्छ । विशेष भाव जताउँदै क्रियाको मौन व्यापार गरिरहेकोबाट पनि नाटक शुरू हुनसक्छ । पर्दा खुल्नासाथ पात्र शून्य गराएर विशेष भावको संकेत गर्दै पात्र वा पात्रहरू आइरहेको पारेर पनि आरम्भ गर्नसकिन्छ ।

एकाङ्कीको कथावस्तु शुरूदेखि नै प्रभावपूर्ण ढङ्गमा एका-एक हुरी उठे जस्तै उठेको हुनुपर्छ । हुरी उठेर साम्य हुँदा जस्तो मानिसहरूको मनोजगतमा एकचोटि चिमोटिएको हुन्छ, त्यस्तै एकाङ्की नाटक पनि उसको अन्तपछि मानव-हृदयमा छोएर, कुत्कुत्याएर, चिमोटेर सनसनी फैलाउने हुनुपर्छ । अर्को शब्दमा भन्न सकिन्छ, एकाङ्कीको गति मानिसको स्वाभाविक वा साधारण हिडाइ जस्तो हुनुहुँदैन । त्यस्तो एकाङ्कीले, जस्तो साधारण हिडाइमा हिडिरहेको मानिसले कसैको ध्यानलाई तान्न सक्तैन, त्यस्तै कसैलाई प्रभावित र आकर्षित पार्नसक्तैन । साधारण हिडाइमा हिडिरहने मानिस यता-उति पनि हेर्दै हिड्दछ ; तर दगुडिरहेको मानिसको ध्याउन्ना केवल आफ्नै एक लक्ष्यमा मात्र हुन्छ, त्यस्तै एकाङ्कीको पनि गति हुनुपर्छ ।

एकाङ्कीको विधान-तन्त्रमा यो पनि विचार राख्नु पर्छ, उसको

Digitization by Arya Samaj Charitable Foundation, Chennai

कथानकको रहस्य वा चित्र कुनै कथा, उपन्यास वा महाकाव्यको सारांश कहँदा मैं छर्लङ्ग देखिने गरी एकासि देखापर्नु राम्रो हुदैन; पाठक, श्रोता वा दर्शकहरूलाई संकेतमा कुतूहल जगाउँदै नाटकको पराकाष्ठा (क्लाइमेक्स) मा कथानकको तत्वोद्घाटन गर्नुपर्छ । तर रहस्यलाई छोप्ने चेष्टाका ताना-बाना सूतको रूपमा देख्यो कि पाठक वा दर्शक अघाउन थाल्लान् । त्यसैले एकाङ्कीको विस्तार प्रभावपूर्ण, सरसरी भावात्मक र मनोवैज्ञानिक हुनुपर्छ, जसरी स्थिति-बाध्य कुनै व्यक्ति अर्को मानिससित कुरा गरिरहँदा उनीहरूको कुराको अन्त हुन्छ ।

एकाङ्कीमा पराकाष्ठा (क्लाइमेक्स) को अनिवार्य आवश्यकै छ भन्ने केही छैन भन्ने राय मलाई पनि चित्त बुझेको छ, किन-भने हाम्रो जीवनका कति अध्याय पराकाष्ठाहीन भएपनि प्रभावपूर्ण र रामा छन् । उपन्यास र महाकाव्य झस्तो सिंगै जीवनको व्याख्या रहने भए त पराकाष्ठाविना रामो हुँदैन भन्न पनि सकिन्छ । उपन्यास वा महाकाव्य वा बृहत् नाटकमा पराकाष्ठा हुनैपर्छ, किनभने तिनको अन्त तिनमा उल्लिखित जीवनको पनि अन्त हो । तर एकाङ्कीको घटना त जीवनको एक टुक्रामात्र हो । जीवनको कुनै विशेष स्थितिलाई मात्र त्यसमा छोइएको हुन्छ, त्यसैले एकाङ्कीमा लक्ष्यपूर्णता नै पराकाष्ठा हो । तर स्थितिविशेषको एक टुक्रालाई पनि पराकाष्ठापूर्ण तुल्याउनसक्नु त अवश्यमेव कलाकारको प्रवीणता र विशेषता नै हो । पराकाष्ठापूर्ण भएपनि, हीन भएपनि एकाङ्कीको अन्त हृदयस्पर्शी हुनैपर्छ ।

एकाङ्कीका पात्रमा सजीवता, तीव्रता, कर्मण्यता, र प्रभावशालिता

Digitization by Arya Samaj Charitable Foundation, Chennai

प्रचुर मात्रामा हुनुपर्छ । शैथिल्य, अकर्मण्यता र निर्जीवता भएका पात्रहरूबाट एकाङ्की वजनदार हुनसक्तैन । लेखकको इशारामा नाच्ने कठपुतली पात्रहरूबाट सजीवता आउन असम्भव छ । हुनत पात्रहरूका सृष्टिकर्ता लेखकै हुन्, त्यसैले लेखक-अनुसारकै पात्रहरू सिर्जिन्छन्, तर पात्रहरू यथेष्ट सजीव र प्राणप्रतिष्ठित हुनुपर्छ । कहिलेकाहिं पात्रहरू लेखकको व्यक्तित्वभन्दापनि प्रतिभासम्पन्न र अग्रगामी हुन्छन् । लेखकले पात्रहरूलाई सबै कुरामा अधीनमा राख्नु ठीक पनि छैन; मौलिक तत्वको मात्र आफूमा सत्ता राखेर पात्रहरूलाई स्वतंत्रता पनि पूर्णतया दिनुपर्छ । म त प्रायः आफ्ना पात्रहरूको साथी भएर दौड्न रमाउँछु । तिनीहरूले मलाई जथाभावी दौडाउँदैनन् पनि; किनभने आखिरमा त तिनीहरू मेरै पात्र न ठहरिए । पाइलो-पाइलोमा पात्रहरूलाई अधीनमा राख्नखोज्नु मेरो विचारमा पात्रहरूलाई पंगु बनाउनु मात्र हो ।

एकाङ्कीका पात्र

जहाँसम्म संभव छ, पात्रहरू कम हुनु एकाङ्कीको महत्ता हो । धेरै पात्रले एकाङ्कीमा शिथिलता उत्पन्न हुन्छ । प्रायः एकाङ्कीको निमित्त ५।६ जना पात्र पर्याप्त छन् । कथानकको स्थिति तीव्र गराउनाको निम्ति मात्र आएका पात्रहरूको गणना गरिंदैनन्; जस्तै मार-पीट, हल्लागुल्ला इत्यादि हुँदा आएको हूल, कुल्ली, भरिया इत्यादिको निम्ति मात्र आएका नगण्य मानिसहरू इत्यादि ।

नायक-नायिकाको निम्ति विशेष पात्रको केही जरूरत छैन; उच्च, मध्यम, निम्न कोटिमा जुन वर्गको पनि, अनि उत्तम, मध्यम र अधम

Digitization by Arya Samaj Charitable Foundation, Chennai

(नीच) मा अधम पात्र पनि नायक वा नायिका हुन सक्छन् । हाम्रो जीवन संघर्षमय भएको हुनाले प्रतिद्वन्द्विताको सामना हामीले हर्दम गरिरहनुपर्छ, त्यसैले प्रतिनायक पात्र पनि एकाङ्कीमा रहनसक्छ ।

पात्र रोगी भएपनि आत्मबल भएको, दीन भएपनि स्वाभिमानी, वृद्ध भएपनि वीर हुनुपर्छ । नायक वा नायिकाको महत्व बढाउन र लेखकको ध्येय, उद्देश्य वा लक्ष्य उज्ज्वल गराउनाको निम्ति हरिलट्टक वा प्राणहीन पात्रले पनि नाटकमा ठाउँ पाउन सक्छ ।

एकाङ्कीका पात्र मितभाषी र संयमी हुनुपर्छ । केवल तर्क, वाद-विवाद र विस्तारको निम्ति लामो-चौडा बोल्ने पात्रहरू देखेर पाठक वा श्रोताहरूलाई धोक्काउने मौका उठ्नसक्छ । कुनै पनि पात्र मास्टर, पण्डित वा नेता भएर निस्कला भन्ने कुरामा एकाङ्कीकारले पूर्णाङ्की नाटककारले भन्दा बढता होशियारी राख्नुपर्छ । यदि कलाले दियोभने नाटकीयताको सुरक्षामा कुनै त्यस्तो पात्र निस्कनु बेग्लै कुरा हो । त्यसैले एकाङ्कीको पात्र परदेशका शहर घुम्न गएका यात्री झैं यता-उति हेर्दै हिड्ने जस्तो हुनु हुँदैन, आफ्नै देशमा एउटा सिकिस्त बिरामी हेर्नलाई हिड्देका एउटा भावुक डाक्टर झैं हिड्ने हुनुपर्छ ।

एकाङ्कीको भाषा साहित्यिक भन्दापनि बढता बोलचाली हुनु-पर्छ, तर एउटा कविले बोले जस्तो मिठास त त्यसमा हुनु जरूरी छ । कविले जोसुकै साधारण मानिससित पनि कवितात्मक

एकाङ्कीको भाषा

भाषामा कुरा गर्दैनन्, तर उनको भनाइमा जुन माधुरी र साहित्यिक छिटा हुन्छ, त्यसरी साधारण मानिसले बोल्नसक्दैन ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

यद्यपि नाटकको भाषामा पात्र-अनुसारको बोली र भाषाले स्थान पाएको छ : अशुद्ध, गोज्याङ्ग्रे, अशिक्षित, ग्रामीन र विभाषी भाषालाई पनि स्थान पाइएको छ, तर मेरो विचारमा विभाषी भाषामा त्यही भाषाले मात्र ठाउँ पाउन सक्तछ, जुन नाटक लेखिएको मुख्य भाषासित आदान-प्रदान वा छिमेकको रूपमा घनिष्ठ सम्बन्ध छ, अर्थात् प्रस्तुत नाटकमा लेखिएको भाषाभाषीले बुझ्नसक्ने क्षमता होस्; जस्तै नेपाली राष्ट्रभाषाको नाटकमा नेवारी, हिन्दी, इत्यादि भाषासम्मको प्रसंग आउनु राम्रो छ, अंग्रेजी जर्मेनी इत्यादि पात्र आउँदैमा उनीहरूको भाषाको कथोपकथन रहनु उचित छैन।

एकाङ्कीमा सन्देश

अभ्युदय र सभ्यता नै मानव जातिको लक्ष्य वा उद्देश्य भएको हुनाले सन्देश वा उपादेयता हाम्रो निम्ति रसायनिक खुराक हो, तरपनि कुनै एकाङ्की वा उसको अभिनय हामी उपदेश वा शिक्षाको निम्ति हेर्दैनौं, सुन्दैनौं; उपदेशको निम्ति हामी कुनै पण्डितकहाँ जान्छौं, स्कूलमा गएर पढछौं, अनि गीता रामायण नीति आदि ग्रन्थ हेर्दछौं। फेरि केवल तस्बीर जस्तो, खालि सौन्दर्य-तत्वमय साहित्यले पनि हाम्रो आत्मालाई माथि उठाउन सक्तैन। हामीलाई माथि उठाउनाको निम्ति, मनुष्यको मनोवृत्ति उचाउनाको निम्ति साहित्यमा केही-न-केही सन्देश हुनु नितान्त आवश्यक छ। त्यसैले साहित्यको निम्ति, 'सत्यं शिवं सुन्दरम्' त्रितत्व प्राण मानिएका छन्। एकाङ्कीको निम्ति पनि यी त्रि-तत्व प्राण समानै

Digitization by Arya Samaj Charitable Foundation, Chennai

महत्वपूर्ण छन् । एकाङ्कीमा सन्देश वा उपादेयता मेरो विचारमा '५५५' अर्थात् 'पाँचपञ्चे'को रूपमा मात्र रहनु पर्छ, 'बराबर २५' भन्ने खाँचो वा अधिकार एकाङ्कीकारलाई छैन । त्यसको गुणनफल पाठक वा श्रोताहरूले आफै निकालून् । सन्देशको बारेमा कहानी, उपन्यास, नाटकहरूको निम्ति पनि मेरो यही राय छ, यस शिल्प-तन्त्रलाई नै म 'कलाको मर्यादामा शन्देश' भन्दछु ।

एकाङ्कीको रङ्गमञ्च

पहिल्यै रंङ्गमञ्च तयार गरेर हामी नाटक लेख्दैनौं । नाटक-अनुसारकै रंगमञ्च हुनुपर्छ, किनभने रङ्गमञ्चकै निम्ति नाटक लेखिन्न । तरपनि नाटककारले आफ्नो नाट्य-सूचिमा हवाई जहाज, तूफान-मेलमा दौड़िरहेको रेल, समुद्र, आगलागी इत्यादिको प्रसङ्ग प्रवेश गराउनु उचित ठहरिन्न, किनभने नाटकमा ती दृश्य देखाउनु संभव छैन । यो संभव नहुने हुनाले नै हाम्रो भारतीय नाट्य परंपराको अनुसार नाट्यशालामा युद्ध, घोडा, रथ, हाती, खाने काम देखाउनु निषेध भैराखेको होला । तर युद्ध त मजासितै देखाउन सकिन्छ । खानेकामलाई निषेध गरिराखेको चाहिं अभिनेताहरू विभिन्न जातका हुनसक्ने हुनाले जातीय विधानको सुरक्षाको निम्ति मात्र होला ।

एकाङ्कीकारले पनि रङ्गमञ्चको विषयमा संभवतासम्मको मात्र ख्याल राख्दछन् । वस्तुतः रङ्गमञ्चको काम मञ्च-प्रबन्धकको हो । उनको सुविधाको निम्ति नाटककारले आफ्नो भाव र विचारको हत्या गर्दैनन् । तर नाटककारले रङ्गमञ्चको सम्बन्ध वा संपर्कताबाट एक पाइलो पनि दूर हुनु हुँदैन । रङ्गमञ्चको अभिप्राय यहाँ श्रोताको सम्बन्धसित पनि छ, अर्थात् अभिनयको सञ्चालन रंगमञ्चमा

Digitization by Arya Samaj Charitable Foundation, Chennai

एक मिनेट पनि बन्द हुनु हुँदैन, नत्र श्रोताहरूलाई दिक्क लाग्ला।

एकाङ्कीको महत्ता विनोद र मनोरञ्जनमा पनि अवश्य निर्भर छ, त्यसैले भारतीय एकाङ्कीको परम्परा प्रायः विनोद र मनोरञ्जनकै आधारमा हुर्केर आइरहेको छ। संस्कृतबाट भाषामा रूपान्तरित हुँदै आएपछि त भारतीय एकाङ्कीको कलेवरले झन् गीति आभूषण धारण गर्नलाग्यो। पार्सियन थियेटर कंपनीकहाँ पुग्दा त एकाङ्कीले ठूलो नाटकको अन्तरमा पुगेर नकल (कमिकको)रूपमा अपहृत हुनु परेको थियो, तर पाश्चात्य एकाङ्कीको विकासको कारण एकाङ्कीले जातिच्युतबाट सुरक्षित भएर आफ्नो अलग अस्तित्वको सौभाग्य पाइरहेकोछ।

एकाङ्कीमा संगीत

एकाङ्कीमा संगीतको म सरासरै विरोधी नभएतापनि गीतले प्रायः एकाङ्कीमा जीवन आउँदैन भन्ने विचारमा छु, किनभने एकाङ्की जीवनगत क्रम नभईकन कुनै सजीव क्षणमात्र हो। त्यसमा पनि कलाको आँखाले पनि राम्रो देखिने संगीत छभने त्यसले कलालाई झन् चम्काउन सक्तछ। तर गीतविनाको नाटक वा अभिनयदेखि घृणा र अवहेलना गर्ने पाठक वा श्रोताको खेलौना नभईकन उनीहरूको रुचिलाई स्वास्थ्यपट्टि लैजान सक्ने एकाङ्कीकारको प्रतीक्षामा छु।

मञ्चसंकेतलाई रङ्गसंकेत पनि भनिन्छ। यसलाई अँग्रेजीमा 'स्टेज-डाइरेक्शन' भन्दछन्। रंगमञ्चको खालि दृश्यलाई लिंदा दृश्य-संकेत र भावलाई मात्र लिएमा भाव-संकेत भन सकिन्छ। तर रङ्गमञ्चसम्बन्धी सबैलाई लिएर गोस्वारा बोलीमा मञ्च वा रङ्ग-संकेत मानिएको छ।

मञ्चसंकेत

नाटकमा जस्तै एकाङ्की नाटकमा पनि नाटकीयता वा नाटकको

Digitization by Arya Samaj Charitable Foundation, Chennai

प्राण नै मञ्च-सङ्केत हो। कहानी, उपन्यास वा महाकाव्यमा जस्तो नाट-कमा लेखकले आफ्नो तर्फबाट एक्क शब्द पनि बोल्न सकिन्न। बाह्य अथवा आन्तरिक दृश्य वर्णन अथवा पात्रहरूको भाव-वर्णन गर्नु छभने नाटककारले मञ्च-संकेतकै सहारा लिनुपर्दछ। पात्रहरूको स्थिति वा भाव वा उनीहरूको अन्तर्जगतको आकृति प्रकट हुनसकेनभने त्यस नाटकले पाठक वा दर्शकलाई कति पनि प्रभावित, आकर्षित वा घायल गर्नसक्तैन; त्यसैले नाटककारले मञ्चसंकेतका पूरा शिल्पी अनि-वार्यतः हुनै पर्दछ। भाव-नाटकहरूमा मुख्य कला नै मञ्चसंकेतमा छ। उच्चकोटिका भाव-नाटकमा प्रायः मञ्च-संकेतकै अधिकता हुन्छ। मञ्च-प्रबन्धक र नाट्य-निर्देशकले त्यही मञ्च-संकेतकै आधार गरेर नाटक प्रदर्शनमा प्राण भर्दछन्।

दृश्य-वर्णनमा त साहित्यिक वा कवितात्मक छिटा पनि हुनु रामो भन्ने मेरो विचार छ, किनभने नाटक दृश्य-काव्यमात्र होइन, त्यसलाई श्रव्य-काव्य पनि भन्न सकिन्छ, किनकि यद्यपि नाटक अभिनीत विषय भएतापनि सबै नाटक खेलाइँदैनन्, अनेक अभाव र अनुकूल नमिल्ने भएकोले प्रायः हेरिने विषय नै भइरहेछ। यद्यपि नाटक केवल दृश्य-काव्य नै भएतापनि पठनमा पनि मज्जा दिन सक्छ र त्यसले मंच-प्रबन्धकलाई पनि हानि गर्दैनभने कलाकारको त्यो दोष नभैकन गुण ठहरिन्छ।

पात्र परिचयको पद्धतिबाट पनि देखिन्छ, नाटक केवल दृश्य-काव्य-मात्र होइन, बरु गौणरूपमा श्रव्य-काव्य पनि हो।

पात्र-परिचय नाट्यशालाको निम्ति पात्र-परिचयको जरूरत छैन, तर पठन-पाठनको निम्ति त त्यसको नितान्त आवश्यक छ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

त्यसको सहायतालै पाठकलाई वस्तुको केही-केही झल्का दिंदै अगाडि बढाउनमा मज्जा दिइरहन्छ । पात्र-परिचय नपढीकन नाट्य-प्रदेशमा प्रवेश गर्नाले अलि खल्लो अनुभव हुन्छ । त्यसैले नाटकको ढोका अगाडि नै सरलरूपमा, पात्र-परिचय रहनैपर्छ ।

पात्र-परिचयमा पनि पूर्णतया शिल्पको खाँचो छ । पात्र-परिचय हेर्दैमा नाटकको रहस्योद्घाटन भयोभने सबै कौतूहल खल्लो भएर मज्जा मर्नजान्छ, त्यसैले पात्र-परिचयको काम वस्तुको झलक बोक्ने पात्रलाई केवल चिह्नाएर पाठकलाई अगाडि बढाउने प्रेरणा दिनुमा भरथेग मात्र हुनुपर्छ । पात्र-परिचय हेर्दैमा व्यक्तिलाई पठनको निम्ति तानेर पाठक गराइछोड्ने कुत्कुती नै पात्र-परिचयको प्राण हो, यसैको सफलता त्यसको कला हो । अतः नाटककारले यसमा पनि पूरा ध्यान दिनु आवश्यक छ ।

पात्रहरूको उमेर, अवस्था, वेश-भूषाको परिचय पनि पात्र-परिचयकै छाँटमा अलग-अलग पनि राख्न सकिन्छ, तर रंग-संकेतकै अन्तर्गत रहनाले नै श्रव्यको निम्ति पनि बढता मज्जा दिने हुन्छ । किनभने नाटकीय मज्जाको निम्ति ती विषय पूरा सहायक छन् । ती अलग रहनाले नाटकमा जो श्रव्य-काव्यको पनि मज्जा रहन्छ, त्यो एकदम खल्लो हुन्छ । पाठकले तिनलाई अलग-अलग पाता-मा हेरेर आफ्नो पठनमा जोडिरहदैनन् । त्यसबाट मज्जा पनि माटो भएर जान्छ । तिनलाई अलग-अलग राख्नाले केवल मञ्च-प्रबन्ध एउटाको सुविधामा बाधा हुँदैन, वश त्यतिकै । रङ्गसंकेतकै अन्तर्गत रहनाले मञ्च-प्रबन्धकलाई पनि सुविस्तै हुन्छ ।

१२, चैत्र, '०६ । हृदयचन्द्र सिंह

Digitization by Arya Samaj Charitable Foundation, Chennai

छेउ लागेर

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पात्र-परिचय

पुलिस—एउटा रिसाहा पुलिस, वर्ष २२ ।

पहिलो बटुवा—दरो र हठी स्वभावको एउटा पाखे। बटुवा; वर्ष ३५ ।

दोस्रो बटुवा—एउटा हाजिरबुद्धि बटुवा; वर्ष २५ ।

तेस्रो बटुवा—एउटा चतुर बटुवा; वर्ष २० ।

बटुवी—एउटी तरुणी; वर्ष १७ ।

कप्तान— पुलिसका कप्तान, वर्ष ४० ।

पहिलो दर्शक, दोस्रो दर्शक र अरू दर्शकहरू ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

छेउ लागेर

समय—दिउँसो १ बजे ।

स्थान—जुद्धसडकको दोबाटो ।

[जुद्धसडकको जुद्धप्रतिमाको चौतारोमा एउटा पुलिस उभिएर 'छेउ लागेर, छेउ लागेर' भनी बाटो हिंड्नेहरूसित कराइरहन्छन् । पुलिसको उर्दी सुनेर छेउ नलागेका बटुवाहरू पनि छेउ लागेर हिंड्छन् । एक छिन बाटो हिंड्ने शून्य हुन्छ । अनि पुलिस चौतारोमा थ्याच्च बसी खल्तीबाट 'प्रेमलहरी' झिकी लय हालेर बाचिरहन्छन्—

मौकाको घारी दया होस् प्यारी तिम्रो जिउ मर्दैन ।
आमाले तिम्रो यो जान्लिन् भनी डर्माछु पदन ॥
जुन्दिन्मा प्यारी भएथ्यो बात्चित् एक मिनट एकै छिन् ।
सोही दिन्देखी दिल् चित्त मेरो आफूमा रातै दिन् ॥

यत्तिकैमा एउटा बटुवा बीचसडकबाट हिंडेर पूर्वतिर गइरहेको देख्छन् । उसलाई देखनासाथ पुलिस जुरुक्क उठेर 'छेउ लागेर हिंड, छेउ लागेर' भनी कराउँछन् । बटुवा पर्वाहै नगरीकन आफ्नो बाटो हिंडिरहन्छ । प्रतिमाको चौतारोबाट बटुवा करीब २० हातजति मात्र ढाढा देखिन्छ । अवज्ञा गरेको देखी पुलिस रीसले भुतुक्क भई समात्न दौडन्छन् । बटुवा एउटा वेष—भूषाले पाखे जस्तो देखिन्छ । अल्मस्तिएर उ हिंडिनैरहन्छ । पछाड़ितिरबाट गएर पुलिस उसको कान समाल्छन् । 'ऐय्या' भनी बटुवा पुलिसको मुख हेर्छ ।]

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पुलिस

(रिसाएको मुद्रामा) काम छैन तेरो; काम छैन ।

बटुवा

(आश्चर्य भावमा) के ?

पुलिस

'छेउ लागेर हिंड्' भनेको सुनिनस् !

बटुवा

(उपेक्षाको भावमा) सुनेको थिएँ ।

पुलिस

(झन् रिसाएर) सुनी-सुनीकन पनि हेलचक्याइँ गरेर हिंड्ने, लौ हिंड् ठाना !

बटुवा

(नम्र भावमा) हेलचक्याइँ गरेको होइन दाइ, छेउ लागेर हिंड्ने मेरो बानी नै छैन, जहिले पनि म माझ-माझैबाट मात्तै बाटो हिंड्छु ।

पुलिस

तेरो खुशी, तेरो मनपरी ! हिंड्, तँ नटेदुवालाई नजाकी छोड्दिन । तेरो माझ हिंड्ने बानीले आज सलामी पाउनेछ ।

बटुवा

(दिक्दारी भावमा) कस्तो उल्झन यो ? बाटो हिंड्न पनि आफ्नखुशी नपाउने !

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पुलिस

(रिसाएर गर्दन्याउँदै) बढ्ता बोल्छस् बजिया ! सरकारको आडर नाघ्ने भएका !

[पुलिस गर्दन्याउँदै लगिरहन्छ । यतिकैमा हूल जम्मा हुन्छ । 'किन? किन?' भनी हूलले सोध्छ । 'बाटो हिंड्न पनि आफूखुशी नपाउने' भनी बटुवा कराइरहन्छ ।]

एउटा दर्शक

(बटुवासित) "थाह पाइन, अबदेखि छेउ लागेर हिंड्छु" भनन, भइहाल्यो नि ।

बटुवा

(अलि दरो भएर) माझघाट हिंडेर कसलाई के नोक्सान हुन्छ र छेउ लागेर हिंडूँ ?

पुलिस

मोटरले किचेर परमधाम जालास् भनेर तँलाई कान समातेर छेउ लगाएर हिंडाउन परेको गधा !

बटुवा

(खूब जङ्गिएर) मरे तँलाई कपाल दुखाउन किन परेको छ ?— मैं मरूँला ।

दोस्रो दर्शक

(संझाएर) तपाईले कसरी कुरा बुझ्नुनभएको हो, तपाई मानिस हुनुहुन्छ, यसैले तपाई देशको ठूलो धन

Digitization by Arya Samaj Charitable Foundation, Chennai

हो, तपाईमा ठूला-ठूला गुण र शक्ति छन्, तपाईबाट देशको ठूलो भलाई र सेवा हुनसक्छ, त्यसैले तपाईको रक्षा हुन जरूरी छ, बेहोशिएर, अल्मलिएर र कहिलेकाहिं संयोगले पनि मानिस मोटर, बग्गी, बाइस्कल आदिबाट किचेर, घोडाबाट कुल्चेर पनि मरिन्छन्, यही मानिसको सुरक्षाको निम्ति सरकारबाट यस्तो सुप्रबन्ध भएको हो। (बटुवाको मुख हेरेर) अब त बुझ्नुभो ?

[चित्त बुझेको भावमा बटुवा चुप लाग्छ। सबैले संझाएतापनि पुलिसले 'यस्ता अटेढीलाई सजाय नदिलाई किन छोड्छु' भन्दै पुलिस बटुवालाई चौतारोतिर लगिरहन्छन्।]

दर्शकहरू

(एकै स्वरमा जसो) छोडिदिनोस् दाइ, छोडिदिनोस्, अब चित्त बुझ्यो उनको पनि।

पुलिस

(बटुवालाई चौतारोतिर लग्दै) उसको चित्त बुझेर हुन्छ !—हाम्रो चित्त बुझ्नुपर्छ।—यस्ता अटेढीलाई सजाय नदिलाई कहां छोड्छु म ! हामीले पनि टाउको बचाउनुपर्छ, थाह छ तपाईहरूलाई,— मोटरको नम्बर एउटा दिएन नसकेको कुरामा हिजो झण्डै नोकरीसमेत हिड्नलागेको थियो।

[बटुवालाई चौतारोमा उभ्याउँछन्। हूल एक-एक गरी शून्य हुन्छ। बटुवा जिल्ल परेर सोचिरहन्छ।]

Digitization by Arya Samaj Charitable Foundation, Chennai

बटुवा

(एकै छिनपछि माझबाट हिड़िरहेको एउटा बटुवालाई देखाएर)

उ, त्यो पनि त छेउ नलागीकन हिंडिरहेछ।

[पुलिस 'छेउ लागेर हिड़' भनी कराउँछन्। तर बटुवा आफ्नो मतापमा हिड़िरहन्छ। वेष-भूषाले बटुवा साधारणै देखिन्छ, तर अनुहार हुल्याहाको जस्तो छ। पुलिस रिसाएर उसलाई पनि समात्न दौडन्छन्। पुलिस उसलाई पनि कान समात्छन्। यतिन्जेल पहिलो बटुवा सुईं कुच्चो ठोक्छ। अनि पुलिस झन् रिसाउँ छन्। पहिलो बटुवा भागेको रीसले दोस्रो बटुवाको कान बेस्करी निमोठ्छन्।]

दोस्रो बटुवा

(आश्चर्य मानेर) किन ?

पुलिस

(रीसको मुद्रामा) कान छैन तेरो ?

दोस्रो बटुवा

के ?

पुलिस

'छेउ लागेर हिंड्' भनेको सुनिनस्? लौ हिंड् ठानामा।—बाटो हिंड्न पनि सिकाउन पर्ने बजियाहरू। (फत्फताउँदै) हिजो पनि अनेक गाल खानपऱ्यो। (चौतारोतिर लैजान खोज्दै) लौ हिंड्।

बटुवा

(सोच्दैको भावमा झक खोज्दै) किन गाली गर्नुहुन्छ दाइ त्यसै ?

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पुलिस

(जाग्दै, घिसार्दै) तेरो कानमा कीरा परिरह्यो र ?—'छेउ लागेर हिंड्' भनेर त्यस्तरी कराएको पनि सुनिनस् ?

बटुवा

(सोच्दैको भावमा) सुनेथें ।

पुलिस

(खूब रिसाएर घोक्न्याउँदै) कत्रो हेलचक्र्याइँ प, सुन्दा-सुन्दै पनि नटेढ्ने !

बटुवा

(घोक्र्याइबाट रोक्न खोज्दै) कुरा त सुन्नोस् दाइ, मेरो कुरा त सुन्नोस् ।

पुलिस

(घोक्र्याउँदै चौतारो देखाएर) लौ हिंड्, वहाँ सुनुंला तँ अटेढीको कुरा बजिया ! त्यसै हेलचक्र्याइँ गरेर मिचन खोज्ने!

बटुवा

(घोक्न्याइबाट थाम्न खोज्दै) मेरो कुरा त सुन्नोस् दाइ ।

पुलिस

(घोक्न्याउँदै चौतारो पुऱ्याएर) लौ भन बजिया, के कुरा तेरो ?

बटुवा

(खल्तीबाट फूलमारको चुरोटबट्टा झिकी, पुलिसलाई चुरोट दिंदै) नरिसाउनुस्न दाइ; चुरोट त खानुस् ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पुलिस

(रिसाएर) घूस खवाउन खोजेको यो ? — घूस खाने पुलिस देखिस् मलाई ?

बटुवा

(नम्र भावमा) केको घूस, चुरोट खवाउँदैछु, म आफै जान चाहन्न, तपाई के मलाई उम्काउन सक्नु हुन्छ ? आज ठानामा थुनाउन पाएपछि मेरो जीत हुने, म किन हारिरहन्छु ।

पुलिस

(आश्चर्य मानेर) किन थुनाउन चाहेको ?

बटुवा

बाजी ठोकेको थिएँ ।

पुलिस

कस्तो बाजी ?

बटुवा

पाँच रुपियाँको !

पुलिस

के कुरामा ?

बटुवा

एक जनाले भनेको थियो, तपाई सारै घूस खानुहुन्छ । मैले भनें-'अर्काको त्यसै बदनाम गर्नु ठीक छैन । उसले भन्यो- 'लौ आ त बाजी ठोकूँ ।' मैले पनि भनें- 'लौ आ,।' बाजी

Digitization by Arya Samaj Charitable Foundation, Chennai

ठोकिहाल्यौं । बाजी ठोकिसकेपछि मलाई शंका र डर भएर आयो, शायद तपाईले घूस खाने गरेको उसलाई राम्रै थाह छ कि, होरहेछभने त म भुस्रुक्कै हारें ।

पुलिस

(रिसाएर) के म घुस्याहा हुँ, को त्यो भन्ने ? अहिल्यै म उसको बाबुको बिहे देखाइदिउँला ।

बटुवा

कुरा त सुन्नोस्, तपाई यस्तै इमान्दार हुनुहोला भन्ठानेर त बाजी राख्न साहस गर्नसकेको । थुन्न पाएर अब मैले बाजी जित्न पाइहाल्ने भएँ । छेउ लागेर हिंड्ने कुरा थाह नभएको हो र भने, बाजी राखेको हुनाले पो नसुने जस्तो गरेको । त्यसैले धोक्न्याद किन खाने भनेर 'कुरा त सुन्नोस्, कुरा त सुन्नोस्' भनी तपाईसित बिन्ती गरेको ।

[पुलिस एक छिन जिल्ल पर्छन् । अनि चुरोट सल्काउँछन् । एकै छिनपछि पुलिस बटुवालाई चुरोट दिन्छन् ।]

बटुवा

अहं, आज म यो चुरोट खान्न ।

पुलिस

किन ?

बटुवा

यो चुरोटमा एउटा अमल छ ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पुलिस

के अमल छ यसमा ?

बटुवा

नाइँ-नास्ति गर्न नसक्ने कुरा। कदाचित् तपाईंले मलाई 'जा आफ्नो घर' भनिदिनुभोभने थुनाइ नपाएर मैले बाजी हार्नुपर्ला, त्यसैले आज म यो चुरोट खान्न।

पुलिस

(गजब मानेर) तिमी त बडो गजब-गजबका कुरा गछा।

बटुवा

लौ हेर्नुस् त तपाईं त्यस्तै भएर आउनु हुन्छ कि हुन्न।

पुलिस

यस्तो अमलले त के होला मलाई, नहुने र बेरोल, बेकानूनको कुरामा काटिदिएपनि हुन्छ भन्दिन, बेकानूनको कुरामा त पाइलो पनि सार्न दिन्न म।

बटुवा

लौ बाजी ठोक्नुहुन्छ त तपाईं पनि, आज मेरो दशा सप्रेको दिन रहेछ, डब्बल बाजी मार्ने भएँ मैले।

पुलिस

(गौरवसाथ) लौ आ!

Digitization by Arya Samaj Charitable Foundation, Chennai

बटुवा

लौ पाँच रुपियांको बाजी भो तपाईसित पनि। म म-पर (औंल्याईकन) 'उ, त्यो चुचुरो फोड्नँ है?' भन्छु, तपाई नाई-नास्ति गर्नसक्नुहुन्न, तपाईले 'लौ फोड्' भन्नुभो कि हार्नु भो नि।

पुलिस

(गर्वसाथ) लौ!

बटुवा

लौ है त (बटुवा चुचुरोनिर गएर पुलिससित) पुलिसज्यू, एक मुड्कीले यो चुचुरोलाई फोडिदिऊँ?

पुलिस

(गर्वसाथ) दण्डा खालास् बजिया, दण्डा। (बटुवाको ध्यानलाई तानेर) खै हुच्छ भनाउन सकेको?

बटुवा

उता एक चोटि हेर्नोस् त पुलिसदाइ।

पुलिस

(खिस्स हाँसेर) भाग्न अकल त गरिनस् तैंले।

बटुवा

भर्खर बिउँझ्यौ?

[यति भनेर बटुवा कुलेरम। लखेट्न पनि नसकेर पुलिस जिल्ल

Digitization by Arya Samaj Charitable Foundation, Chennai

परिरहन्छन् । एकै छिनपछि फेरि आकाँ एउटा छेउ नलागेर हिंड् ने बटुवा देख्छन् । " मासु नै खाइसके मेरो यी रांडाका छोराहरूले" भन्दै कराउँछन्– " छेउ लागेर हिंड, छेउ लागेर ।" २।३ चोटि भन्दा पनि बास्ता नगरेकाले पुलिस समात्न दौडन्छन् । समात्नासाथ पुलिसले उसको कान निमोठ्छन् ।]

बटुवा

(जिल्ल परेर) किन ?

पुलिस

"छेउ लागेर हिंड्" भनेको सुनिनस् ?

बटुवा

(नम्र भावमा) सुनिन ।

पुलिस

(जागेर) छेउ लागेर हिंड्नुपर्छ भन्ने थाह छैन तँलाई !

बटुवा

[पुलिसलाई सलाम गरेर हँ हँ हँ हाँस्छ ।]

पुलिस

मलाई जिस्क्याएको ? — म बहुला हुँ ?

बटुवा

(हाँस्दै) हँ हँ हँ तपाईं होइन, म बहुला हुँ ।

पुलिस

(रिसाएर) बहुला बनिटोपल्नखोज्छस् तं !— परदेखि

Digitization by Arya Samaj Charitable Foundation, Chennai

आइरहेको मैले देखेको छैन तँलाई !—ठाना नपुऱ्याई कहाँ छोड्छु तँलाई !

बटुवा

(हें हें हें हाँस्दै) अहिले भर्खरमात्र बहुला भएको हुँ, एकै छिन अगिसम्म त सबै थिएँ।

पुलिस

(कान निमोट्दै) अहिलेको अहिल्यै पनि कोही बहुला हुन्छ ?

बटुवा

हें हें हें हजूर, म आकल-झुकल बहुला हुन्छु, अहिले भरखरै बहुलाहीले छोइरहेछ ।

पुलिस

ढाँट्छस् तँ !

[बेस्करी कान समातेर घोक्न्याउन लाग्छन ।]

बटुवा

ऐय्या···! हजूर, ढाँटेकै हुँ, एउटा कितापमा यस्तो अकल गरेर आत्तिपबाट बचेको देखेर मैले पनि गरेको हुँ । बिराएँ, पुलिसदाइ, बिराएँ, अब कहिल्यै माझबाट हिंड्ने छैन । छेउ लागेर हिड्नुपर्छ भन्ने मलाई थाह पनि छैन पुलिसदाइ !

पुलिस

(छोडेर) फेरि माझबाट हिंडेको देखेभने तँलाई गर्न थाह छ !

Digitization by Arya Samaj Charitable Foundation, Chennai

[सलाम गरेर बट्टुवा जान्छ । पुलिस चौतारोमा उभिरहन्छन् । एकै छिनमा पहाडको आधुनिक फेशनमा एउटी भर्खरकी तरुणी गोरी आइमाई छेउ नलागेर हिँडिरहेकी पुलिसले देख्छन् । 'छेउ लागेर हिड, छेउ लागेर हिड' भनी पुलिस कराइरहन्छन् ।]

बट्टुवी

(पुलिसको मुख हेरी) कै करा'को मोरो, हाम्रो 'कान छैन र !

पुलिस

(चारैतिर हेरेर कोही पनि नभएको देखी ठट्टाको भावमा) कान भएर 'हो सुनेको !

बट्टुवी

(कटाक्ष हानेर मुस्क्याउँदै) किन सुनिन र मोरो, हामीलाई यस्तै हिंड्न मनलाग्यो रे !

पुलिस

(मन्द मुस्कानमा) तं जस्ती अटेढीलाई समातेर (औंल्याउँदै) ड, चौतारोमा उभ्याउने हाम्रो हक छ बुझिस् !

बट्टुवी

(फिस्स हाँसेर) तेरो चौताले पनि सक्तैन, बुझिस् मोरो !

पुलिस

(मोह-मुद्रामा) कहाँ जान आएकी मोरी भनन ।

बट्टुवी

तंलाई हेर्न ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पुलिस

[हर्‌एर हर्‌स्छन्]

बटुवी

(कटाक्ष हान्दै) लत्ते हो।

पुलिस

(मुग्ध आँखाले हेरी) दुवै हातले जुरुक उचालेर (आँखाले र मुखले लट्याउँदै) उ, त्याँ बसाउन लैजान मनलागेर आयो कान्छी!

बटुवी

(नखराउँदै) मोरो!

पुलिस

लत्ते हो कान्छी, ''' स ''' ।

बटुवी

हिंड्न त मोरो जाऊँ आज मेरो घरमा!

पुलिस

भरे ६ बजेमात्रै पालो बदल्न आउँछ।

बटुवी

आइरहला नि त्यो आफ्नो वेलामा, अहिले हिंड्।

पुलिस

गइल हुन्छु के!

Digitization by Arya Samaj Charitable Foundation, Chennai

बटुवी

(ठट्टाको भावमा)गइल भए के त, मसित त हाजिरै हुन्छस् । दुवैतिर हाजिर कहाँ पाउलास् त मोरो !— कि यो लोकको सुख चाहनुपर्छ, कि परलोकको ।

पुलिस

(प्रेम–तन्मयताको भावमा) कसले सिकायो तलाई यस्तो मीठो–मीठो, बाठो-बाठो कुरा गर्न –(मस्तिएर)आऊँ त कान्छी, आऊँ ?

बटुवी

(तिर्खाएको आँखामा) मोरो, "छेउ लागेर; छेउ लागेर" को कराउला नि? मानिस मन्योभने नि मोटर-सोटरले किचेर ! अनि गैलमात्तै होलास् मोरो ! काम सिध्याएर आन बरु चाँडै ! आफ्नो काँधमा बोकेको काममा हेलचक्न्याइँ गर्नुहुन्छ मोरो ! तँ सिपाही मोरोको के ठेगान छ, भरे अर्की तरुनी देखिस्भने साँढे पछिलागे झैं दौडिहाल्लास् के ! बरु चाँडै आ मोरो,भरे,आज घरमा म एक्लै मात्तौछु,आमाहरू सबै बूढाथोकी-को घरमा बिहे खान गैरा'का छन् । (पोल्टोबाट झिकेर दिंदै)ला मोरो, यी दुइटा कसार खा, यै दिनलाई मात्तै आएकी हुँ । तँलाई नखाईकन त मेरो घाँटीबाट केही पनि छिर्दैन । टुना गरिराख्या'छ क्यारे मोरोले, त्यसैले बिर्सिनसक्नु माया मैरा' छ ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

[पुलिस बटुवीको हातबाट कसार लिन्छन् । यतिकैमा बाइस्कलको घंटी सुनिन्छ ।]

पुलिस

(हड़बडाएर)**कप्तानसाहेब आउनु भो क्यारे, कप्तानसाहेब ! बाटोलाग चाँडै, बाटोलाग भने !** (कप्तान देखा पर्छन्) **लौ !**

[मयालु भावमा पुलिसप्रति एक चोटि पुलुक हेरी बटुवी बाटो लाग्छे । उत्तिखेरि कप्तान आइपुग्छन् । पुलिसको हातबाट दुवै कसार हडबडिएर खस्छन् ।]

कप्तानसाहेब

(बाइस्कल अड्याई पुलिसका खसिएका दुवै कसार समेटेर पुलिस-को हातमा सुम्पिंदै व्यंग्य भावमा)**छेउ लागेर हिड्न सिकाइरा'को !**

[पुलिस लाजले रा···तो मुख लाएर उभिरहन्छन् ।]

पटाक्षेप

२७ माघ,' ०६ ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

नित्यबहादुर

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पात्र-परिचय

नित्यबहादुर—छोराको कमाइमा निर्भर एउटा बूढो; वर्ष ६०।

मैंयानानी— नित्यबहादुरकी स्वास्नी; वर्ष ५२।

सीताकुमारी—नित्यबहादुरकी छोरी, वर्ष २४।

आनन्द— नित्यबहादुरको छोरा, वर्ष ३०।

आठपहरिया— दरबारको एउटा आठपहरिया, वर्ष ३५।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

नित्यबहादुर

समय— दिउँसो ३ बजे ।
स्थान— जाउलाखेलको एक कोठा ।

[कोठामा एउटा बूढो सतरंजा बिछ्याइएको छ । पूर्वतिरको भित्तानेर एकसरो डसनामा ३ वटा तकिया टंग्याइराखिएका छन् । पश्चिमतिरको गाह्रोनेर एउटा मैल नै रोगन भएर टल्किसकेको सन्दुस ढमिरहेकोछ । सन्दुसमाथि एउटा सिउने सारजाम भएको ढकी, एउटा अँखोरा र केही खरयाकखुरुक मालहरू छन् । सन्दुसनेरमुनि एउटा मकल, एउटा चिंटा र फुकाएर केही झिकिइसकेको सानो एउटा तमाखुको पोका राखिएको छ । भित्तामा एउटा चतुर्भुज नारायणको तस्वीर टांगिएको छ । भ्यालमा एउटा सुगा झुन्ड्याइराखेको छ । एउटा पिकदानी अगाडि राखी गुड्गुड़े हुक्कामा तमाखु खाँदै बीच-बीचमा खोक्दै, थुक्दै नित्यबहादुर सुगालाई पढाइरहन्छन् । सुगा ध्यान दिई सुनिरहन्छ ।]

नित्यबहादुर

पशुपती शरण कहो आत्माराम, पशुपती शरण कहो, अँ··· ह···अँ···ह···अँ···ह···· सीताराम कहो; राधाकृष्ण कहो। बोलो, बोलो, आत्माराम, अँ···ह···अँ··· —

Digitization by Arya Samaj Charitable Foundation, Chennai

अजगर करे न चाकरी पंछी करे न काम।
सप्त दीप नवखण्डके सबके दाता राम।।

[सीताकुमारी दौडेर भित्र पस्छिन् । उनको अनुहारमा संगृहीत वेदनाबाट चियाएको प्रसन्नता देखिन्छ ।]

सीताकुमारी

(खुशी मान्दै) बा, तपाईलाई जरसाहेबकहाँबाट बोलाउन आ' को छ !

नित्यबहादुर

(कौतूहलमय भावमा) को जरसाहेबकहाँबाट हं ?

सीताकुमारी

कान्छा जरसाहेबकहाँबाट रे ।

नित्यबहादुर

(आशाप्रद भावमा) किन रे ?—कसले बोलाउन आएको ?

सीताकुमारी

(संतुष्ट भावमा) कुन्नि किन हो, एउटा आठपहरिया आ'का छन् । — उनको हातमा एउटा चिट्ठी पनि छ।

[एउटा आठपहरिया र उनको पछि–पछि मैयानानीको प्रवेश]

नित्यबहादुर

(सन्मानसाथ) बस्नुस् दाइ, कहाँबाट आउनुभएको ?

आठपहरिया

(चिट्ठी दिंदै) जरसाहेबबाट पठाइबक्सेको ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

नित्यबहादुर

(चिट्ठी खोलेर हेर्दै) लौ ।

आठपहरिया

(जान खोज्दै) जवाफ लैजान पर्छ कि ?

नित्यबहादुर

जरसाहेबबाट बोलाइवक्सेको हो, हाजिर हुनआउँछु भन्ने विन्ती चढाइदिनुभए पुग्छ ।

आठपहरिया

म जान्छु त ?

नित्यबहादुर

हवस्, आउनुस् है आठपहरियादाइ ।

आठपहरिया

हव स् ।

[आठपहरिया जान्छन्]

मैं यानानो

(अलि मुस्कुराएको भावमा) के लेख्या छ चिट्ठीमा ?

नित्यबहादुर

(तमाखु खाएर खोक्दै)अँ···ह् ···अँ, केही छैन,खालि तिमी एक चोटि अँ···ह्···अँ, तुरन्त आउनू भन्ने अँ···ह्···अँ···ह्···अँ ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

मैं यानानी

जरसाहेबको चिट्ठीमा अरू थोक के लेख्या हुन्छ र ?—जानोस् झट्टै, आज मैले सपना पनि राम्रै देख्या थिएँ ।

नित्यबहादुर

(हाँसेर, खोक्दै) अँ ··ह···सपना राम्रो देखेर के काम ! सपना त म पनि दिन-दिनै राम्रो देख्छु । विपना राम्रो भए पो काम लाग्छ । (सुगा काँय् काँय् गराउँछ । सुगासित) आत्माराम, सीताराम कहो, पशुपती शरण कहो; कहो, कहोजी, गोपी-कृष्ण कहो :—

चित्रकूटके घाट पर भई सन्तनके भीड ।
तुलसीदास चन्दन घिसे तिलक देत रघुवीर ॥

सीताकुमारी

(स्नेहले भरेको भावमा) झट्टै जानोस्न बा, जरसाहेबबाट बोलाउँदा पनि ढिलो गर्नुहुन्छ र भने; सुगालाई पढाउन कहां जान्छ र भने, दिनौं पाइहाल्ने कुरा न हो ।

नित्यबहादुर

(खोक्दै, प्यारको भावमा) सुगालाई पढाउनु हो र परत्रको बाटो राम्रो पारिरहेको हुँ । आज मरिन्छ कि भोलि, कसलाई थाहा छ ? इहत्र त बिग्न्यो, बिग्न्यो, त्यसैले परत्रको निम्ति भरे-भोलि भन्नु छैन सीता ! —

Digitization by Arya Samaj Charitable Foundation, Chennai

" कल करे सो आज कर, आज करे सो अब ।
छिनम परलय होयेगा फिर करेगा कब ॥ "

यसलाई सँधै मनमा राख्ने गर, सीता ।

(फेरि सुगा काँय् काँय् कराउँछ । सुगासित) बोलो, बोलोजी,

(खोकी आउँछ । पिकदानीमा खँखार थुक्दै) अवस्था यस्तो छ, के ठेकान छ खोक्दै प्राण जानलाई पनि ।

मैंयानानी

(अलि झर्केको भावमा) तपाईं यस्तै हुनुहुन्छ जहिले पनि ! –जरसाहेबबाट बोलाघट हुँदापनि यसरी चाम्रो भइरहने र भने ? यस्तै हुनुहुन्छ र पो अनि तपाईले सँधै दुःख खानुपर्छ । मानिसले आफ्नै भरमा बाँच्नजान्नु पर्छ नि ।

[नित्यबहादुर उठेर लुगा लाउँछन् । लवेदाको तना बान्दा–बान्दै पनि सुगालाई पढाइरहन्छन् ।]

नित्यबहादुर

पढो, पढोजी,—

सत्तगुरु दत्तदाता कृष्ण करता, कृष्णके चरणमे चित्त धरता

(खोक्दै मैंयानानीप्रति) जुत्ता एक चोटि सिइदेउन, त्यस्तो झुत्रो कपडाको जुत्ता लाएर दरबार जस्तो ठाउँमा कसरी जाने ?

मैंयानानी

(सन्दुसमुनिबाट जुत्ता झिकेर) जुत्ता पनि म सिउन जान्छु र

Digitization by Arya Samaj Charitable Foundation, Chennai

भने ? (जुत्ता हेरेर) ओहो, कुकुंचामाथि त धेरै गइसक्यो, कसरी सिउने यो ? दरबारमा ठाँटेर जानुपर्छ र भने, उहाँ त गरीबी देखाएर मयालु पो हुनसक्नुपर्छ ।

नित्यबहादुर

हिजो-आज गरीबीमाथि मयालु भाव कसैको हुँदैन मैंया, उल्टो हलुका गरेको मात्र खानुपर्ला, "साधा जीवन,उच्च विचार" भन्ने जमाना पनि गइसक्यो, ठूला-वडा भैसकेका-लाई मात्र ठीक छ त्यो भनाइ । आजकल त फेसनी व्यक्तित्व नै मानिसको पहिलो मोल भैसकेको छ । (खोक्दै) अ॰ ह॰ अ॰॰ ह॰॰ अ॰॰॰ लुगा फाटेको छभने, उसको इज्जत र सन्मान पनि च्यातिन्छ, अनि उसको कदर पनि पोखिन्छ ।

सीताकुमारी

हिजो दाइले एकजोर राम्रो जुत्ता किनेर ल्याउनु भा' को छ, भाउज्यूसंग मागेर ल्याऊँ बा ?

नित्यबहादुर

(नैराश्य भावमा) भैगो बा, बाबु रिसाउला, सकि तिम्री भाउज्यूले नै दिन गाहो होला ।

सीताकुमारी

दरबार जस्तो ठाउँमा त्यस्तो झुत्रो जुत्ता लाएर कसरी जाने त बा ?

Digitization by Arya Samaj Charitable Foundation, Chennai

नित्यबहादुर

(जुत्ता ओल्टाई-पल्टाई हेर्दै) यस्तो जुत्ता लाएर कसरी जाने दरबारमा ? बाबुको अर्को पुरानो जुत्ता छ कि हेरेर आ त सीता ।

सीताकुमारी

अरू कुनै जुत्ता छैन बा, एक जोर भा'को दाइले ढुलेलाई बकस देर पठाइसक्नुभो । त्यही लेर आऊँ बा ?

नित्यबहादुर

(खोक्दै) लिएर आऊ त एकचोटि हेरूं । (सीताकुमारी जुत्ता लिन दौडन्छिन् । सुगासित) पशुपती शरण कहो, राधेश्याम कहो, बोलो, बोलो, आत्माराम, गोपीकृष्ण कहो ।

मैयानानी

(प्रसन्न भावमा) जरसाहेबसित पडटा आफूसुहाउँदो काम माग्नु होला, कति छोरा-बुहारीको लात खाएर बाँचिरहने ?

नित्यबहादुर

खुशी भैबक्स्योभने त अवश्य माग्छु ।

[सीताकुमारीको जुत्ता लिएर प्रवेश]

नित्यबहादुर

(अलि हर्षित भावमा हात थाप्दै) खइ !

सीताकुमारी

(जुत्ता अर्पदै) भाउज्यूले दिन गाह्रो मान्नुभा'को थियो ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

बाले माग्न पठाउनुभा'को, जरुताहेवकहाँ जानलाई, भने अनि अनकनाई-अनकनाई बल झिकिदिनुभो।

मैं यानानी

"तेरो दाइज्यू जुत्ता दिनुपर्ने होइन" भन्नसकिनस् त तैले।

सीताकुमारी

को बोलिरहन्छ त्यो छुच्चीसित, जुत्ता लिएँ, सरासर आएँ; तैपनि त खाउँला जस्तो गरेर हेरिरहेकी थिई, त्यति भने त चुल्ठो समा'र बाइन आइली।

नित्यबहादुर

(जुत्ता ओल्टाउँ दै--पल्टाउँ दै लाईकन हँसिलो अनुहारमा सीताकुमारीप्रति) जुत्ता त बडो राम्रो छ। (मैंयानानीप्रति हेरेर) बाबु रिसाउला कि?

मैं यानानी

(अलि जागेको भावमा) जावो जुत्ता एक जोर लाउनलाई पनि कत्रो डर तपाईलाई, त्यो विघ्न कष्ट सहेर छोरालाई हुकाएर लायक गरेको गुण सबै के गुहुमा गए? अनि किन छोरा र बुहारीले टाउको नकुल्चलान्?

सीताकुमारी

अर्कालाई भने आमा सिकाउनु हुन्छ; आफूभने सास फेर्न सक्नुहुन्न।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

नित्यबहादुर

लाएरै जाऊँ त ? (खोकी आउँछ) अँ···ख्···अँ···ख्···अँ··· ख्; यो मोरो खोकीले पनि ज्यानै लिइसक्यो। जरसाहेबको अगाडि पनि यस्तै खोकी आइदिने होकि। (नयाँ जुत्ता लाएर मुस्काउँदै कोठामा केही ओहर–दोहर गरेर जान लाग्छन्। यत्तिकैमा सुगा 'क्याँय् क्याँय्' कराउँछ। सुगानेर गएर प्रसन्न भावमा) सीताराम कहो, आत्माराम, सीताराम कहो।

[खिन्नता र संकुचित हृदयको भाव बोकेर आनन्दको प्रवेश]

आनन्द

यो जुत्ता नलाउनोस्, अहिल्यै फिर्ता दिनुपर्ने।

नित्यबहादुर

आज कान्छा जरसाहेबबाट बोलाइबक्सेको छ, यो जुत्ता एक जोर मै लाउँछु है बाबु ?

आनन्द

तपाईको जुत्ता के भो र ?

नित्यबहादुर

लाउनै नहुने भैसक्यो, सारै झुत्रो भो, जरसाहेबबाट केही काम बक्स्योभने यो जुत्ताको दाम मै दिउँला हुन ?

आनन्द

(एक छिन अकमक्क परिसकेपछि आफूले लाइराखेको जुत्ता फुकाएर दिंदै) बाले यो लाउनुस्, त्यो मलाई सारै लाउन रहर भएर किनेर ल्याएको हुँ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

नित्यबहादुर

(जुत्ता फुकाएर सुम्पिंदै) लौ ! (गहभरि आँसु गरेर उही पुराने झुत्रो जुत्ता लाएर निस्कन खोज्छन्। ठीक त्यसै वेला खोकी आइदिन्छ। मैंयानानी र सीताकुमारी पनि गहभरि आँसु गरी टोलाइरहन्छन्। आँखाभरि आँसु गरी आकाशतिर हेरेर मैंयानानी निस्कन्छिन। आनन्द पछुतोको भावमा शिर निहुराइरहन्छन। सुगा 'काँय्-काँय्' कराउँछ। सुगाको नजिक गएर पीडित स्वरमा) **पशुपती शरण कहो; आत्माराम, पशुपती शरण कहो !**

[नित्यबहादुर जान खोज्छन्]

आनन्द

(नयाँचाहिं जुत्ता अर्पदै शर्माएको स्वरमा) **बा, यही लाएर जानुस्।**

नित्यबहादुर

भैगो बाबु, तिमी नै लाऊ, हामी बूढो मानिसलाई झुत्रो-सुत्रो भएपनि हुन्छ।

आनन्द

बा !

नित्यबहादुर

तिम्रो इच्छा पुगे मलाई संतोष छ। तिम्रो रहर पुऱ्याउन र भलो-कुशलको निम्ति नै म नित्य ईश्वरको प्रार्थना गर्दछु।

[नित्यबहादुर जान लाग्छन्।]

आनन्द

बा, योचाहिं लाएर जानुस भने !

Digitization by Arya Samaj Charitable Foundation, Chennai

नित्यबहादुर

मलाई यही भएपनि हुन्छ बाबु ! म तिमीदेखि खुशी नै छु । (खोक्दै) अँ···ख्···अँ···ख्··· तिम्रो यस्तै कमाइ बलियो होस्, आफ्नै कमाइमा जीविका चलोस् । (जाँदा–जाँदै) म जस्तो बुढेस्कालमा पनि आफ्नै हात–खुट्टा बलिया होऊन् । (जाँदा–जाँदै फर्केर फत्फताउँदै) त्यो सुगोलाई पनि उडाइदिन्छु ! कसैको भरोसामा राखेर उसलाई किन दुःखी गराइराख्ने !

[भित्र आएर आफैले पिंजराको ढोका खोल्छन् ।]

सीताकुमारी

(दगुरेर आई नित्यबहादुरको हात समाई रोक्दै; रुन्चे भावमा) बा !

[आनन्द जिल्लिएर किंकर्त्तव्यविमूढ़ भैरहन्छन् । सुगा 'काँय् काँय्' कराउँछ ।]

नित्यबहादुर

पशुपती शरण कहो ! आत्माराम !—

एकमुठी धान तेरो गुजरान बोलो पंछी श्रीभगवान् ।

(खोक्छन्)

सीताकुमारी

जरसाहेब रिसानी होला भने बा, झट्टै जानोस् ।

नित्यबहादुर

(सीताको हातलाई पन्छाउँदै) सीता, हामी आफूमात्तै

Digitization by Arya Samaj Charitable Foundation, Chennai

दुःखी भएर नपुगी बिचरा जङ्गलमा बहारेर खादा'को सुगालाई समेत किन दुःखी गराइराख्ने ? भोलि-पर्सि यसलाई एक मुठी धानसम्म पनि खवाउन असमर्थ हुनलाई पनि के बेर छ सीता ! (सीताकुमारी गहभरि आंसु गरी नित्य-बहादुरको हात छोड्छिन् ।) (पिंजराभित्र हात पसाएर सुगालाई समाती उडाउँदै) जाऊ, जुरेको खाई जङ्गलमा स्वतन्त्रतासाथ उडेर बस (आउन खोजेको आँसुलाई रोक्दै सुस्केराभरेको अवाजमा, सीताप्रति हेरेर) सीता, एउटा असल र लायकको मानिस छानेर तिमी पनि पोइल जाऊ !—तिम्रो बिहे गरेर म मर्नसकोइन सीता । हामी गरीबले इज्जतको आशा राख्नु ठीक पनि छैन ! (सीता बर्बर्ती आँसु चुहाएर रुन्छिन् र आँचलले आँसु पुछिरहन्छिन् । नित्य-बहादुर जान लाग्छन्, जाँदा-जाँदै फर्की सीताकुमारीप्रति हेरेर) सीता !

सीताकुमारी

(पीडित स्वरमा) ज्यू !

नित्यबहादुर

भरे बेलुकी मलाई भात नपकाऊ भन है !

[आँखाभरि आँसु गरेर सीताकुमारी नित्यबहादुरको मुख हेर्छिन् । नित्यबहादुर सरासर जान्छन् ! आँखामा आँसु पुछ्दै सीता-कुमारी पनि निस्कन्छिन् । आनन्द टोलाउँदै निहुरेर जुत्तालाई हेरिरहन्छन् ।]

२, फागुन, '०६

पटाक्षेप

Digitization by Arya Samaj Charitable Foundation, Chennai

बिरामी

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पात्र-परिचय

बिरामी—एउटा गरीब र युवक बिरामी; वर्ष २५।

बूढी— बिरामीकी आमा; वर्ष ५५।

डूले— एउटा बिरामी कुरुवा बस्ने मानिस; वर्ष ३३।३४

Digitization by Arya Samaj Charitable Foundation, Chennai

बिरामी

समय—आधारात ।

स्थान—कङ्केश्वरी घाटको एउटा पाटी ।

[एउटा २५ वर्षको बिरामी युवक बर्बराउँदै बीच-बीचमा जुरुक्क-जुरुक्क उठ्दै बिछ्यौनामा परिरहन्छन् । उनको संगै एउटी बूढी आइमाई बायां हातमा पानी भएको एउटा कचौरा र दायां हातमा चम्चा लिई कुरुवा बसिरहन्छिन् । अलि टाढा सुकुलमा एउटा करीब ३३।३४ वर्षको मानिस रगले गुटमुटिएर खूब घुर्राउँदै मस्तसित सुतिरहन्छ । बिरामीको सिराननिर एउटा अंखोरा उभिरहन्छ ।]

बिरामी

(बर्बराउँदै उठ्न खोजेर) **आमा, अब मैले बाँच्न पाउँदिन?-अब मैले बाँच्नपाउँदिन ?**

बूढी

(आंसु पुछ्दै जबर्दस्तसित धैर्य बाँधेर) **नकराऊन वा, नकराऊ !**

बिरामी

अब मैले बाँच्न पाउँदिन ?

Digitization by Arya Samaj Charitable Foundation, Chennai

बूढी

किन पाउँदैनौ !?

बिरामी

खइ त औषधि !? खइ डाक्टर वैद्यहरू !? खइ पैसा !?

बूढी

[पछाडितिर हेरेर आँसु पुछ्छिन् ।]

बिरामी

मैले बाँच्न पाउँदिन आमा !?

बूढी

नकराऊन बा, नकराऊ; परिश्रम होला ।

बिरामी

मैले बाँच्न पाउँदिनभने खइ खुकुरी दिनोस्, म संसार-लाई पनि बाँच्न दिन्न,–सबैलाई काटेर टुका-टुका पारिदिन्छु । मलाई औषधि गरिनदिने डाक्टर वैद्यहरूलाई पनि काट्छु; ओखती उधारो नदिने पसलेहरूलाई पनि काट्छु; पैसा सापट नदिने साहूहरूलाई पनि काट्छु !

बूढी

नकराऊन बाबु !

बिरामी

एक-एकलाई काट्छु आमा, खुकुरी दिनोस् । मैले बाँच्न

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पाउँ दिनभने म संसारलाई ५नि रहन दिन्न। कसैलाई पनि रहन दिन्न।

बूढी

किन बाँच्न पाउँदैनौ बा, दुई दिन बिरामी हुँदैमा के हुन्छ तिमीलाई !

बिरामी

खइ त औषधि ?— खइ डाक्टर वैद्यहरू ?— खइ पैसा ? अब मैले कमिलीलाई पनि पाउन सक्तिन आमा ? अब मलाई कमिलीले प्रेम पनि गर्दिन होली ?

बूढी

(वेदनाले भरेको अवाजमा) बाबु !

बिरामी

के मैले प्रेम पनि गर्न पाउँदिन ? कमिलीलाई प्रेम गरेर म उसको भक्त बनिरहेको थिएँ। उसले मलाई छाडेर अर्कैसित बिहे गरी। कमिलीसित बिहे गर्नेलाई पनि म काट्छु। मेरो मन पर्ने भनी उसलाई थाह पनि थियो। थाह छंदा-छंदै उसले किन बिहे गरेको ? आमा, खुकुरी दिनोस्, उसलाई पनि म काट्छु।

बूढी

बाबु, भनेको कुरा मान बा !

Digitization by Arya Samaj Charitable Foundation, Chennai

बिरामी

(बिछ्यौनामा पल्टेर) आमा, कमिलीले हाँसेर बिहे गरेकी होइन, मलाई थाह छ, रोएर बिहे गरेकी हो । उसले अझै पनि मलाई चाहेकी छ । मैले सपना देखेको थिएँ, मेरो निम्ति कमिली रोइरहेकी थिई । आफ्नो पोइसंग कुरा गर्दा पनि कमिली रोइरहन्थी । त्यसोभए कमिलीले किन बिहे गरेकी ! त्यो धोखाबाजलाई पनि म काट्छु ।

बूढी

नकराऊभने बा, नकराऊ ।

बिरामी

मलाई गरीब भनेर नदिने कमिलीका आमा-बाबुलाई पनि म काट्छु । आमा, म कमिलीलाई काट्दिन; कमिलीलाई म कदापि काट्दिन । म सबलाई काट्छु, कमिलीलाई काट्दिन ! म उसलाई बचाइराख्छु । मैले लेखेको काव्य उसलाई पढ्न दिनुपर्छ । त्यसैले म उसलाई बचाइराख्छु ।

बूढी

चुपलाग बा चुपलाग, म तिमीलाई कमिलीसित बिहे गरिदिन्छु ।

बिरामी

(हाँसेर) कमिलीको पोइ भैसकेको छ । अब मैले उसित बिहे गर्न पाउँदिन आमा ! मेरो कवितालाई मात्रै उसले

Digitization by Arya Samaj Charitable Foundation, Chennai

प्रेम गरेपनि पुग्छ । बरु मेरा कवितोहरूका संग्रह चांड़ै छापि-दिनुहोला आमा ! मेरो कविता हेरेपछि उसले झन् रुनुपर्ने छ । उसका आँखाबाट झन् आँसु खसिरहने छन् । अनि उ झन् रुनेछ । अनि मेरो आत्मालाई केही संतोष होला । म बाँचिरहेपछि उ कम रोली; त्यसैले आमा, खुकुरी दिनोस् !

बूढी

बाबु, भनेको मान ।

बिरामी

म पनि चाँड़ै मर्छु । म मरेपछि, संसार मरेपछि,संसारमा उ एक्लै भएपछि, अनि मेरो बारेमा उसको झन् प्रेम बढला, मेरो निम्ति झन् रोदन बढ्ला, वेदना बढ्ला । अनि मेरो आत्माले हाँस्न पाउला । आमा, मेरो कविता मेरो हृदयको तस्बीर हो, मेरो वेदनाको रूप हो । त्यस संग्रहलाई जरूर छपाइदिनुहोला ।

बूढी

हुन्छ, बा हुन्छ, चांडै छपाइदिउँला ।

बिरामी

खुकुरी दिनोस्भने आमा, संसारलाई चाँडै सिध्याउँछु । यो संसार सिधिएपछि, अनि चाँडै अर्को नयां संसार बस्ला । त्यो संसारमा सबैले बाँचिरहन पाउलान्; सबैले प्रेम गरिरहन पाउलान्;सबैले हाँसिरहन पाउलान् । (बर्बराई तीव्र रूपमा बढदै

Digitization by Arya Samaj Charitable Foundation, Chennai

आउँछ) आमा, म मरिसकेपछि तपाईलाई झन् दुःख होला । पीठो पनि पेटभरि खान पाउनु हुन्न । कोही पनि मानिस हेर्ने हुँदैनन् । तपाई म जस्तो बिरामी भएपछि झन् पानीसम्म ख्वाउने पनि कोही हुँदैनन् । आमा, यस्तो संसारमा नबस्नुस्, यहाँ बस्न तपाईलाई पनि हक छैन । त्यसैले तपाई पनि खुकुरीले सेरेर मर्नु होस् । म पनि खुकुरीले सेरेर मर्छु । तर आमा संसारलाई नै पहिले सिध्याउँछु; अनिमात्र म मर्छु । (ठूलो-ठूलो स्वरले) खुकुरी दिनोस् आमा, खुकुरी दिनोस् !

[ठूले बिउँझेर झस्कन्छ । बिरामीको अवस्था देखेर ठूले तर्सन्छ]

बिरामी

आमा, खुकुरी दिनोस्भने, पहिले यो ठूलेलाई नै काट्छु । (ठूलेप्रति) तिमी हिजो किन सुत्न नआएको?—अस्ति किन यहाँ कुरुवा बस्न नआएको ?—खुकुरी ले,खुकुरी ले,तिमीलाई पनि काट्छु ।

बूढो

(आँखाभरि आँसु गरेर) बाबु, भनेको माननभने भनेको मान ।

बिरामी

हिजो-अस्ति किन सुत्न नआएको त त्यो ?

बूढो

हिजो-अस्ति हाम्रै घर कुरेर बसेको थियो ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

बिरामी

घर किन कुर्नपरेको छ उसले ?

बूढी

आजकल चोरी बढिरहेको छ, त्यसैले उसलाई घर कुराउन बसाइराख्या थिएँ।

बिरामी

(पीड़ाले भरेको अनुहारमा अलि हाँसेर) चोरको मात्तै खान पर्दैन ? हाम्रो घरमा के छन् चोरले चोर्ला ? (अलि जागेर) हाम्रो सुकुल चोरलाई के काम ? हाम्रा माटाका भांडाहरू कसले चोर्छ ? (अलि सम्हालेको भावमा) ए, मेरो कविता-संग्रह चोर्ला भनेर ! कमिलीको यादमा लेखेको मेरो काव्य चोर्ला भनेर ! (व्यथा झन् बढ़ेर आउँछ । सन्निपात पनि तीव्र गतिमा दौडन्छ) हो, हो, ढुले, जाऊ, तिमी मेरो काव्य कुर्न जाऊ।

बूढी

(छोरालाई अंगालेर आँखाभरि आँसु गर्दै) बाबु !

बिरामी

(तीव्र गतिमा) आमा, मेरो काव्य कुर्न ढुलेलाई पठाउनु होला, अहिल्यै पठाउनु होला; अहिल्यै।

बूढी

बाबु !

Digitization by Arya Samaj Charitable Foundation, Chennai

बिरामी

खुकुरी ल्याउनुस्भने !—मलाई बचाउन नचाहने मानिस-हरूलाई काट्छु; मलाई बचाएर कमिलीलाई हेर्न नदिन-खोज्ने डाक्टरलाई काट्छु। खुकुरी दिनोस्भने, खुकुरी !

[बिरामी ढुनमुनिन्छ । आँखा फुस्रो हुन्छ, हात-खुट्टा र सर्वाङ्ग तन्केर आउँछ ।]

बूढी

(अतालिएर समात्दै) बाबु ! बाबु !! बाबु !!!

बिरामी

(लकपकाउँदै) खुकुरी-दिनोस्-आमा, कमिलीको-याद-गरेर-मर्छु ! -कमिली,-म-तिम्रो-याद ..... !

[बूढी र ठूले आंतिएर कराउँछन् । बिरामीको सास बन्द हुन्छ । बूढी र ठूले दुवै कंकला शब्दमा चिच्याउँछन् ।]

पटाक्षेप

२३, फागुन, ०६

Digitization by Arya Samaj Charitable Foundation, Chennai

श्रीमैंयाको इयर्लिङ

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पात्र-परिचय

हजूररानी— एउटा ठूला घरकी स्वास्निमान्छे, तर गरीब; वर्ष ६०।

भानुराजा— हजूररानीको छोरा; वर्ष २५।

श्रीमैया— हजूररानीकी छोरी; वर्ष ३०।

नरवीरमुखिया—हजूररानीको कारिन्दा; वर्ष ५०।

सुसारे— हजूररानीकी नोकर्नी; वर्ष ३५।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

श्रीमैंयाको इयर्लिङ

समय—बिहान ।

स्थान—नक्सालको एउटा घर ।

[चारै भित्ता छुने गरी कोठाभरि टन्न छोपेको गुन्द्री ओछ्याइएको छ । गुन्द्रीमाथि खोल नभएका दुइटा चकला राखिएका छन् । लडाई-मा गोली लागी काठको खुट्टा राखेर बाँचिरहेको सिपाही जस्तो एउटा खुट्टा फेरिएको झुत्रो मेच एउटा कुनामा उभिरहेको छ । अर्को कुनामा बिफर आई भर्खर पापडा छुटिरहेको हब्सी झैं कालो मानिस उभि-रहेको जस्तो एउटा जीर्ण-शीर्ण टेबुल उभिरहेको छ । टेबुलमाथि एउटा बिग्रेको जगानी घडी, एउटा झुत्रो महाभारतको किताप, कलम, मसी, सियो सिउरिराखेको एउटा गोली धागो र अरू खञ्याक-खुत्रुक मालहरू राखिएका छन् । भित्तामा एउटा चर्केको ठूलो ऐना, एउटा पृथ्वीनारायणशाहको पुरानो र अर्को बथाने तस्बीर टाङ्गिएका छन् । बीच सिलिङमा एउटा फुटेको झार झुन्ड्िएको छ । टेबुलको ठीक सामन्ने एउटा अत्यन्त खियाटे फलामे पलङ्ग उभिएको छ । पलङ्गमाथि बिलकुल रङ्ग उडिसकेको सतरंजामाथि एउटा डसना बिछ्याएको छ । बिछ्याउनाको पूर्वतिर झल्झर च्यातिएको एउटा तकिया राखिएको छ । बायां कुइनोले तकियामा अड्रेस लाएर जाङ्गवाल सुर्वालमाथि गौनको फरिया र

Digitization by Arya Samaj Charitable Foundation, Chennai

डम्बरकुमारीको खास्टो लाएर हजूररानी लय हालेर भानुभक्तको रामायण बाँचिरहन्छिन्—

एकदिन नारद सत्यलोक पुगिगया लोकको गरूँ हित्भनी एउटी भुत्रो लुगा लाएकी दुब्ली सुसारे उभिरहेकी हजूररानी देख्तिनन्। एक छिनपछि कोल्टो फर्काउन खोज्दा सुसारेलाई देखेर हजूररानी झस्कन्छिन्।]

हजूररानी

(अलि रिसाएर) **कस्तरी तर्सिएँ, बोलाउन त पर्छ नि, बोक्सी उभिरहे जस्ती चुप··· लाएर उभिरही राँडी।**

सुसारे

रामायण बाँचिबक्सेको वेला भएकोले रिसानी होला भन्ठानेर विन्ती नचढाएकी।

हजूररानी

किन मर्नआएकी भन्?

सुसारे

मुखियाबा पाल्नुभा' को छ।

हजूररानी

पठाइदिएस्?

[सुसारे जान्छ। नरवीर मुखिया आउँछन्। सलाम गर्छन्]

हजूररानी

(सलाम फर्काउँदै) **धेरै बेर भो कि तिमी आएको? आउनासाथ हाजिर पुऱ्याइदिनुपर्छ नि, त्यसै उभिएर मरिरही!**

Digitization by Arya Samaj Charitable Foundation, Chennai

एक-एक जनाले मलाई धुरुक्क-धुरुक्क रुवाइसके मुखिया ।

नरवीर

एकै छिनमात्र भो आएको ।

हजूररानी

(उत्सुकतापूर्ण भावमा) कुरा मिल्यो ?

नरवीर

(ओंठ ल्यप्प्याएर)अहं !

हजूररानी

के भन्यो ?

नरवीर

धितो नराखीकन त एक पैसा पनि दिन्न भन्यो । अरू १।२ जनाकहाँ पनि गएको थिएँ, कसैले पनि दिएनन् ।

हजूररानी

(एक छिन नैराश्य भावमा टोलाउँछिन् । अनि उदासीन् भावमा भन्छिन्) के गर्ने त मुखिया, फसादै भो नि, भोलि दशैं भइ-सक्यो ? (हजूररानीको मुहार चिन्तित हुन्छ । फेरि भन्छिन्) भनन, गर्ने के अब ?

नरवीर

(गम्भीर मुद्रामा) हजूर ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

हजूररानी

के उपाय गर्छौ भन ?

नरवीर

दिंदैनन् कसैले म के बिन्ती चढाऊँ हजूर ?-आशा भए ठाउँजतिबाट निराश भएर फर्कनुपऱ्यो ।

हजूररानी

नभै त हुँदैहुन्न मुखिया, के गर्छौं ?

[यतिकैमा भानुराजाको प्रवेश । उमेर २५ वर्ष, गोरो वर्ण, अग्लो भएर दुब्लाएको शरीर, वेष-भूषा नैनसुतको भोटो-सुरुवाल, कपाल कोरिराखेको, टुप्पामा भाङ्ग्रा देखिइसकेको रातो बनाथको कपडाको चट्टी लाइराखेकाछन् । भानुराजाको प्रवेश हुनासाथ नरवीर जुरुक्क उठेर सलाम गर्छन् ।]

भानुराजा

(पर्दा-पर्दै) काम फत्ते भो मुमा ?

हजूररानी

(उपेक्षाको भावमा) मुखियासंग सोध।

भानुराजा

(मेचमा बसी मुखियाप्रति हेरेर) बस्न मुखियादाइ, के भो, काम पऱ्यो ?

Digitization by Arya Samaj Charitable Foundation, Chennai

नरवीर

(वस्दै हात मलेर) अहं, काम बन्नसकेन हजूर !

[चिन्तामय मुद्रामा हजूररानी उठेर निस्कन्छिन् । हजूररानी बाहिर निस्किसकेपछि भानुराजा र नरवीर मुखिया दुवै बस्छन् ।]

भानुराजा

(अलि चिन्तित अनुहारमा) के गर्ने त मुख्यादाइ ?

नरवीर

(हात जोरेर) फसादै भो हजूर, भोलिको काम भैसक्यो ।

भानुराजा

बरु ब्याज शयकडा ३० दिनपरेपनि दिउँला भन । के गर्ने त अब, जे गरेरपनि काम चलाउनैपर्छ, बाँच्नैपर्छ । हुनेखाने राम्ररी बाँच्छन्, हामी मरी-मरीकनै बाँचौं, बाँच्न चाही-चाहीकनै मरौं, हाम्रो निम्ति अरू थोक के उपाय छ त ! बरु साहुले नै भत्ता लिनजान पाउने गरी दस्खत गरिदिउँला । २ महीना जति भोकै बस्नु परेपनि के लाग्छ ? दशैंमा सबै जोडी-पाडीको अगाडि जेगरेर पनि नाक राख्नैपर्छ ।

नरवीर

हजूरबाट मर्जी नहुँदैमा आँट गरेर मैले नै त्यो कुरा पनि चलाइसकें, धितो नराखीकन केही गरेपनि दिन मानेनन् ।

[भानुराजा निराशको भावमा शिर निहुराउँछन् । हजूररानी जाग्दै-जाग्दै पस्छिन् ।]

Digitization by Arya Samaj Charitable Foundation, Chennai

भानुराजा

किन रिसानी भैबक्सेको मुमा ?

हजूररानी

(भुत्भुतिंदै मुखियाप्रति हेरेर) एक-एक जनाले धुरुक्-धुरुक रुवाइसके मुखिया मलाई ।—दशैंलाई भनेर खाई-नखाई पारिराखेको अचार पनि खसाएर शीशीसमेत फुटालि-सकी ।

भानुराजा

कसले मुमा ?

हजूररानी

अरू कसले होला, त्यही राँडी चमेलीको काम । पक्षवातले शक्ति खिचिइसकेकोजस्तो राँडीको हात छ,—जे समायो त्यही खसाई, गिराई, पोखाई, सत्यानाश गरिसकी त्यो राँडीले। (मुखियाप्रति हेरेर) निकालिदेऊ मुखिया त्यो राँडीलाई आजै, बरु आफै भाँडा माझेर खाउँला हामी !. धुरुक्-धुरुक्कै रुवाइ सकी !

भानुराजा

अचारको कुरा छोडिबक्स्योस् मुमा, भोलिको कुरा के गर्ने ? मुखियादाइले कतैबाट पनि ल्याउन सकिन रे ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

हजूररानी

(रीसकै सिलसिलामा) मलाई के भन्छौ, तिमी नै जान। म त के ६० वर्ष पुगिसकें, आज निदाउँ छु कि भोलि निदाउँछु। यसै होला भनेर आफूसित अलि-अलि भएपनि पूँजी भएको बेला 'व्यापार भएपनि गर, लगानी भएपनि गर' भनी हजार चोटि हात जोरिसकें, "त्यत्राका सन्तान भएरपनि त्यस्तो नीच काम पनि गर्ने ?" भनी बातनपीछे 'मेरो बाबुले घिउ-भात खाए, मेरो हात सुंघ-सुंघ'गऱ्यौ, आज मलाई के भन्छौ? तिमी त केटी राखेर पनि गृहस्थी भयौ; श्रीमैंया आज तीस-तीस वर्ष पुगिसक्की, तिमीले केटी राखे झैं उसले केटो राख्न हुँदैन, बिचरीको जिन्दगी नै त्यसै बित्यो। ठूला भनेर आज तिम्रो के इज्जत रहेको छ ? बिर्ताको नाउँमा शून्य भैसक्यो। घर एउटा छ, कुनै इयालमा ऐना एउटा छैन। बेच्दा-बेच्दा भूईंमा छापेका मारबल समेत पनि शून्य भैसक्यो। अब बेच्ने कुरामा घरै एउटा छ, अथवा इयाल ढोका निकालेर बेचे २।४ दिन टर्नसकिन्छ। मानिसले बाटो छँदैमा उपाय गर्नजान्नु पर्छ नि।

भानुराजा

मलाई के आज्ञा हुन्छ मुमा, हजूरको समाजलाई आज्ञा होस्। समाजमा बसेपछि सामाजिक इज्जत राख्नैपर्छ। पापको फलले ठूला भएर जन्मियो, के लाग्छ सहनैपऱ्यो!

Digitization by Arya Samaj Charitable Foundation, Chennai

हजूरबानी

कैटी स्वास्नी राखेर टार्नु पनि के सामाजिक इज्जत राख्नु हो ! खान्दानी भएर जन्मिनुमा केही दोष छैन; व्यावहारिक बुद्धि चाहिन्छ, आर्थिक ज्ञान चाहिन्छ, अनि उसले जीवनमा उज्यालो देख्नपाउला । (वेदना, दिकदारी, रीस र उपेक्षाको संमिश्रित भावमा) खुकुरी झिकेर ल्याऊ, सेरेर मरूँ, तिमी पनि सेरेरै मर, श्रीमैया पनि सेरेरै मरोस् । बाँचिरहन हक छैनभने के मर्नमा पनि अधिकार छैन ! मरिसकेर पनि तिमी इज्जत र बेइज्जत संझन्छौभने भरे राती सुत्दा घरको चारैतर्फ प्याट्रोल बालिदेऊ, अनि समाजको आँखाले 'आगलगीमा परेर मरे' भन्ने देखी बिनाबेइज्जतमै हामीले एकै चिहान भएर मर्नपाउनेछौं ।

[भानुराजा केही पनि बोल्नसक्तैनन्, खालि जिल्लिएर बसिरहन्छन्]

नरबीर

(हजूरबानीप्रति हात जोरेर) हजूर, अब रिसानी भएर गए-बितेको कुरा उठाई पछुतो गरेर पनि फाइदा छैन । बाबुसाहेबलाई पनि अझ बालकै ठानिबक्सेपनि हुन्छ । हरेस खाइबक्सेला । विपति नआउन्जेलमात्र त्यो देखि डराउनुपर्छ, आइसकेपछि त्योसित सामना गर्नसक्नुपर्छ । अहिले पनि केही बिग्रे-बितेको छैन । सोच-विचार र

Digitization by Arya Samaj Charitable Foundation, Chennai

उपाय-अकलको अगाडि पर्नजान्नुपर्छ, अझै पनि प्रभुको अवस्था मजासित सुध्रन सकिन्छ । चुत्थो पनि आजकलको भाउले ४।५ हजारजति घरको गइहाल्छ । बरु हजूरकै रायअनुसार घरै बेचेर पनि एउटा व्यापार उठाऔंला । अब भोलिको दशैं एउटा जेगरर पनि टानुपऱ्यो । प्रभु, मेरो विचारमा त यही बुद्धिमानी काम हो ।

हजूररानी र भानुराजा

(हुवैले एकै चोटि) भनन त कसरी भोलिको दशैं टार्ने ?

नरवीर

श्रीमयासाहेबको इयर्लिङ्ग दुई गिन्नीको होइन ?

हजूररानी

हो ।

नरवीर

आजकलको भाउले हीराका पनि ३।४ शय आइहाल्छ । त्यही इयर्लिङ्ग बेचेर अथवा धितो राखेर दशैं टारौं ।

[हजूररानीको मुद्रा केही चिन्तित हुन्छ ।]

भानुराजा

मुख्यादाइले बेसै सुझायो नि भुमा, त्यसै गरौं, बरु चाँडै दिज्यूको इयर्लिङ्गको इयर्लिङ्ग भर्ना दिउँला ।

हजूररानी

(स्वीकृतिको भावमा) तिमीले नै बोलाएर भन ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

भानुराजा

(नरवीरप्रति) जाऊ त मुख्यादाइ, दिज्यूलाई बोलाएर ल्याउ ।

[नरवीर जान्छन् । एकैछिनमा श्रीमैंया र नरवीर पस्छन्]

श्रीमैंया

(हजूररानीप्रति हेरेर) किन मुमा ?

हजूररानी

भानुराजासंग सोध ।

भानुराजा

(केही लज्जित भावमा) २-४ दिनलाई हजूरको इयलिङ्ग एक चोटि बक्स्योस्न दिज्यू ।

श्रीमैंया

(संकुचित भावमा) किन ?

भानुराजा

(शर्मिन्दाकै भावमा) चाहियो ।

श्रीमैंया

(शंकालु भावमा) किन भनन ।

भानुराजा

भोलिको दश भैसक्यो, मुख्यादाइले कतैबाट पनि रुपियाँको बन्दोबस्त गर्नसकेन । हाम्रो इज्जत जान लाग्यो,

Digitization by Arya Samaj Charitable Foundation, Chennai

त्यसैले दिज्यूको इयर्लिङ्ग बन्धक राखेर भएपनि इज्जत थाम्नै-पन्यो । २।४ दिनमै निखनेर लिउँला ।

[चिन्तित मुद्रामा श्रीमैंया झोक्किन्छिन्]

हजूररानी

(श्रीमैंयाप्रति आश्वस्त भावमा) देऊ वा, नत्र हाम्रो इज्जत रहनसक्तैन, चाँडै निखनिलिउँला वरु ।

[मयालु भावमा श्रीमैंया हजूररानीको मुहार हेर्छिन् । अनि भित्तामा टाँगिएको ऐनामा इयर्लिङ लाइराखेको आफ्नो अनुहार एकचोटि हेर्छिन्]

श्रीमैंया

(गहभरि आँसु गरी इयर्लिङ्ग फुकालेर हजूररानीको हातमा सुम्पिदै) शिरबन्दी पाउजूहरू पनि सबै यसै गरी लिइबक्स्यो, अब यो इयर्लिङ्ग एक जोर पनि नभएपछि बुच्चो कानले टीका जाने ?— यसपालि टीका पनि जान्न म ।

[श्रीमैंयाका दुवै आँखाबाट जबर्दस्त रोक्दा-रोक्दै पनि आँसु खसिहाल्छ । हजूररानीले पनि आँखामा आँसु पुछ्दै इयर्लिङ्ग थापेर लिन्छिन् । भानुराजा मुन्टो निहुराइरहन्छन् । हजूररानीले इयर्लिङ्ग नरवीरलाई दिन्छिन् । हर्षुङ्गाले आँसु पुछेर श्रीमैंया एक चोटि नरवीरको हातमा आफ्नो इयर्लिङ्ग हेर्छिन् ।]

पटाक्षेप

२६, माघ, ०६ ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

Digitization by Arya Samaj Charitable Foundation, Chennai

विमलाकुमारी

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पात्र-परिचय

विमलाकुमारी—एउटी विद्याप्रेमी स्वास्निमान्छे; वर्ष २०।

लोकबहादुर सिंह—एउटा जिमिदार, विमलाकुमारीका लोग्ने, वर्ष ५०।

लखनराम—लोकबहादुर सिंहका पटुवारी, जातीय गौरव भएका एउटा मदिसे; वर्ष ६५।

सहदेउवा--लोकबहादुर सिंहको नोकर, एउटा मदिसे; वर्ष २५।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

विमलाकुमारी

समय—दिउँसो मध्याह्न ।

स्थान—पर्सा जिल्ला, मौजे जगन्नाथपुर, जिमिदारको घर । [आँगन जम्मै देखिने पक्की घरको बरामदामा दुइटा साधारण मेच र एउटा आरामकुर्सी उभिरहेका छन् । लोकबहादुर सिंह जिमिदार आरामकुर्सीमा लेटेर बुलडगको टाउको मुसारिरहन्छन् । जिमिदार लोकबहादुर सिंहको शिरमाथि हल्लनपंखा टाङ्गिएको छ । आरामकुर्सीमुनि एउटा गजपको ठूलो चाँदीको हुक्का उभिराखेको छ । हुक्कासंगै एउटा रङ्ग-विरंगी बुट्टादार चाँदीको फुली र कुल्पी भएको बाँसको दशहाते नल्ली लडिरहेको छ । भित्तामा एउटा तख्ताघड़ी, एउटा पशुपतिनाथको एउटा जिमिदारनी विमलाकुमारीको र एउटा आफ्नै तस्वीर टाँगिएका छन् । काली मसी भएको एउटा मसीदानी, दुइटा सरका कलम र एउटा बस्ता बोकेको टेबुल बरामदाको कुनामा उभिराखेको छ । सहदेउवा चिलिममा आगो फुक्दै आउँछ । हुक्कामा चिलिम राखेर सहदेउवा अदबसाथ उभिरहन्छ ।]

सहदेउवा

(एकछिन उभिएर डराई-डराईकन शिष्टतासाथ जिमिदारसित भन्छ) तमाखु भरिसक्यो मालिक !

Digitization by Arya Samaj Charitable Foundation, Chennai

लोकबहादुर सिंह

(सहदेउवातिर फर्केर रा···तो आँखा गरी) हुक्कामा नली मिलाउन पनि सिकाइरहन, भनिरहन पर्छ, बेसोहमती।

सहदेउवा

[हुक्कामा नली मिलाएर अदबसाथ उभिरहन्छ]

लोकबहादुर सिंह

(२।४ सर्को तमाखु तानिसकेपछि) यस्तरी गरम भइ रहेछ, तेरो बाबुको टाउको पंखा हम्काउन जाने छैनस् मदसे। भनिरहन पर्छ !- भनिरहनपर्छ बेकूफ !

सहदेउवा

(हात जोड्दै) बिसिंगइल मालिक।

लोकबहादुर सिंह

भनिसकेपछि त संझिस् !— अझ बिसिंगइल भनेर बसिरहन्छस् !

सहदेउवा

(पंखा चलाउँछ। पंखा चलाउँदा-चलाउँदै, रोकेर) अगि मास्टरसाहेब सवारी हुनुभएको थियो मालिक !

लोकबहादुर सिंह

(रिसाएर) कुरा गर्नलाई के पङ्खा चलाउन रोक्नुपर्छ। गरम भैरहेको तँलाई थाह छैन मदसे।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

सहदेउवा

[फेरि पंखा चलाउँछ]

लोकबहादुर सिंह

को मास्टर आएको ?— पंखा चलाउँदैमा के कुरा गर्न हुन्न ? के तेरो मुख र हात एउटै हो कि ?

सहदेउवा

मालकिनलाई पढाउनेवाला मास्टर ।

लोकबहादुर सिंह

(रिसाएर) अगि नै किन नभनेको त ? के तेरो मुखमा दही जमिरहेको थियो मदसे !

सहदेउवा

बिर्सिगइल मालिक !

लोकबहादुर सिंह

जे पनि बिर्सिगइल, जे पनि बिर्सिगइल, भाते मदसे !- भात घिच्न त विर्सदैनस् नि कहिल्यै ! (सहदेउवा डराएर शिर निहुराउँछ । यतिकैमा लखनराम पटुवारी भित्र पस्छन् । लखनरामप्रति) यो भातेलाई कान समातेर निकालिदेऊ लखन !— धुरुक्कै रुवायो यो मदसेले पनि !

[सहदेउवा बिस्तारै त्यहाँबाट सुइँकिन्छ ।]

Digitization by Arya Samaj Charitable Foundation, Chennai

लखनराम

(अलि गौरवमय भावमा) हजूर, मैले तो कुछ बिरा'को छैन।

लोकबहादुर सिंह

तिमीलाई त मैले केही भनेको पनि छैन।

लखनराम

आखिरमा मो पनि त मधिसे नै हुँ, नेपाली होइन!— गालीको भागी तो मो पनि तो भएँ। रिसानीमाफ राख्नु-होला हजूर, यस्तो गालीदेखि तो मेरा बाबु-बाजे और सबैको आत्माहरूसमेत मोमा पसेर जागेर आउँछ, यसैले अनि मेरो मुखबाट ऊँच-नीच निस्कला भन्ने मोलाई डर छ, हजूर!

लोकबहादुर सिंह

(केही शर्मिन्दाको भावमा) रीसको झोकमा बेहोसिएर मेरो मुखबाट 'मदसे' भन्ने शब्द निस्कनगयो लखन, माफ गर है!— तिमी त मेरो बाबुको पालोदेखिको मानिस हौ।

लखनराम

यसैले तो मो भन्छु, रीसमा पनि होस राख्नुहोला।

लोकबहादुर सिंह

अँ, कुरा बुझ्यौ लखन, आजदेखि मास्टरलाई पढाउन पर्दैन भनेर जवाफ दिइपठाऊ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

लखनराम

किन मालिक ?

लोकबहादुर सिंह

धेरै हेपी ।

लखनराम

हुक्कम होस् , मो खुट्टा भाँचेर पठाउँछु त्यो मास्टरको मालिकलाई पनि हेप्ने त्यसको के तागत ?

लोकबहादुर सिंह

मास्टरले किन हेप्थ्यो, तिम्री मालकिनले हेपी ।

लखनराम

यसैले तो मो भन्छु,स्वास्निमान्छेलाई पढाउन ठीक छैन । केही नपढापको हुनाले हजूरको पटवारीनीले त मोलाई द्यौता जस्तो मान्छ, अस्ति २ दिन घरमा नसोधीकन पाहुनाई पुगें, असल भएको हुनाले हजूरहरूको चलन हामीले पनि लिएँ । ढोक्र पाएको छैन भनेर दुई दिनै भोकै बसिरह्यो, त्यो मान पाएर मेरो भित्रको द्यौता पनि खुशी भयो । के कुरामा मालकिनले हजूरलाई हेपिबक्स्या मालिक ?

लोकबहादुर सिंह

आजदेखि स्कूल पनि बन्द गरेर मास्टरहरूलाई पनि बिदा दिएर पठाइदेऊ लखन । २।४ वर्षपछि आजका ती ठिटा मदसेहरूले पनि मलाई नगन्न बेर छैन ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

लखन

मैले तो केही गरेको छैन हजूर, मलाई किन गाली गरिबक्सेको। मेरो बाबु-बाजेले तो हजूरको पटुवारीगिरी. सम्म पनि गरेको छैन।

लोकबहादुर सिंह

रीसको झोकमा मलाई होसै भएन लखन, माफ गर।

लखन

यसैले तो मो भन्छु,रीसमा पनि होस राख्नु होला होइन मालकिनले हजूरलाई कौन कुरामा हेपिबक्स्यो मालिक?

लोकबहादुर सिंह

आज बिहान मलाई अलि-अलि पेट दुखेको थियो, औषधि ल्याइदेऊ भनी किसनवा वैद्यलाई आठाना पैसा दिइहाली छ। मसंग एक बात त सोध्नु पर्छ?

लखनराम

हजूरकै गाथ अच्छा होस् भनेर औषधिलाई खर्च गरिबक्सेको तो हो नि मालिक।

लोकबहादुर सिंह

मसंग एक बात सोध्नु त पर्छ! त्यति जावो औषधिलाई आठ-आठ आना पैसा खर्च गर्नैपर्दैनथ्यो,'बाखीले खेत खायो' भन्ने बहानामा उसका दुइटा बाखी समाएर ल्याएको भए त

Digitization by Arya Samaj Charitable Foundation, Chennai

किसनवा वैद्‌ले औषधि हगिहाल्यो नि। अझ उही मलाई त्यस्तो अनुदारता, त्यस्तो अमानवताको व्यवहार गर्न हुँदैन रे। तिमी नै भन त लखन पढाइको फल होइन यो?— जिमिदार-पटवारी भएको मज्जै यति होइन? हाम्रो सुखमा यसले भोलि-पर्सि राम्रै आगो नहाल्ली?

लखनराम

यसैले तो मो भन्छु, स्वास्निमान्छेलाई पढाउन अच्छा हुँदैन।

लोकबहादुर सिंह

अहो लखन, पढाउनु साँच्चै ठीक होइन: कहाँसम्म उसले भनिसकीभने, हामीले सलामी धेरै लिएर रैतीहरूलाई दुःख दियौं रे, उदारताको व्यवहार रत्ती नगरीकन हामी कंजूस भइरह्यौं रे। कंजूस नभएको भए मदिसेहरूलाई कंगाल गरेर मोज मार्न कसरी पाइएला, उसलाई पत्तो छैन।

लखनराम

(गौरवमय भावमा दरो भएर) मैले तो केही विराएको छैन, किन मलाईसमेत बात-बातमा गाली? मेरा बाबु-बाजेले हजूरको के अपराध गरेकोछ?

लोकबहादुर सिंह

(अलि शर्माएर) रीसको झोकमा मलाई होसै भएन लखन, माफ गर।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

लखनराम

(अदबको भावमा) यसैले तो मो भन्छु, रीसमा पनि होस राख्नुपर्छ ।

लोकबहादुरसिंह

ठीक भन्यौ लखन, ठीक ।

[सहदेउवाको प्रवेश]

सहदेउवा

मालिक, निचे मास्टरसाहेब सवारी भा'को छ ।

लोकबहादुर सिंह

(लखनराम पटुवारीप्रति) लखन, आजसम्मको हिसाब चुक्ती गरी मास्टरलाई आजदेखि बिदा दिइपठाऊ । (लखन जानलाग्छ, बोलाएर ।) लखन, तिम्री मालकिन साहेबले यसको कति चाल नपावोस्नि, यसको पनि सावधानी राख ।

लखनराम

हवस् ।

[लखनराम र सहदेउवा दुवै जान्छन् । लोकबहादुर सिंह कहिले बुज्नडगको टाउको सुम्सुम्याउँछन्, कहिले आँगनतिर हेर्दै बरामदामा ओहर-दोहर गरिरहन्छन, कहिले विमलाकुमारीको तस्बीर हेरेर अनकनाएको भाव-मुद्रामा उभिन्छन् । यतिकैमा विमलाकुमारीको प्रवेश ।]

Digitization by Arya Samaj Charitable Foundation, Chennai

विमलाकुमारी

(केही रीसको भावमा) मास्टरसाहेबलाई किन बिदा दिनु-भएको ? तपाईले खर्चको डर मान्नु पर्दैन, म आफ्नो दाइजो बेचेर दिउँला, धेरै नभएपनि शय-डेढशय रुपियाँ त निस्कला, त्यसैबाट फेरि ६ महीनाजति भएपनि पढिलिउँला ।

लोकबहादुर सिंह

(प्यारको लाडिलो भावमा) किन रिसाएको विमला ? तिम्रो इच्छालाई पनि म मार्नसक्छु ? दाइजो बेचेर पढ्नुपर्छ तिमीले पनि ? (चारैतिर हुवे हातले देखाएर) यी सबै सम्पति, सबै दौलत तिम्रै सेवाको निम्ति खडा भइरहेको छ, तिमी केवल इच्छा गर, केवल आज्ञा गर, हजारौं रुपियाँ खर्च गर्न परेपनि हाजिर छु ।

विमलाकुमारी

(रूष्ट भावमा) मुखअगाडि मीठो- मसिनो कुरा गर्नुहुन्छ, करणीले चाँहि (हातले संकेत गर्दै) कट् कट् कट् कची चलाउनु हुन्छ !- अनविश्वासी कहींका !

लोकबहादुर सिंह

विमला, के तिमी साँच्चै रिसायौ ?

विमलाकुमारी

चुप लाग्नोस्, तपाई लोग्नेमान्छेलाई खूब चिनिसकेकी छु, तपाईहरूको पेटमा धर्म भए संसारमा किन यस्तरी अंध्यारो होला ?

Digitization by Arya Samaj Charitable Foundation, Chennai

लोकबहादुर सिंह

(प्रेम भावमा अँगालो मार्दै) विमला !

विमलाकुमारी

(लोकबहादुर सिंहको अँगालोलाई झट्कार्दै) हट्नोस्, यस्तो बनावटी प्रेमलाई खूब चिनेकीछु, पतिव्रता-धर्मको नाउँमा स्वास्निमान्छेहरूलाई कति कठपुतली गर्ने इच्छा छ ? हामीहरूको विकासलाई छेकेर तपाईहरूलाई के फाइदा छ? तर म यस्तो मुर्दा आज्ञा मान्नलाई पातिव्रत-धर्म मान्दिन। यस्तो आज्ञालाई म जञ्याहा-आज्ञा -बहुला-हुकूम संझन्छु। तपाई जे पनि आज्ञा टाउको चढाउन चाहनुहुन्छभने तपाई फेरि अर्को विवाह गर्न सक्नुहुन्छ। तपाई जस्तालाई खुशी तुल्याउने स्वास्निमान्छे पनि यो संसारमा प्रशस्त होलान्। मीठो-मीठो खान, राम्रो-राम्रो लाउन र गहनाको निम्ति मर्ने आइमाई पनि तपाई यथेष्ट पाउनुहोला। तर विमलाबाट यस्तो रछ्यानेे आशा नगर्नुहोला, पतिव्रता धर्म यही हो भने विमला नर्क जान पनि तयार छ ।

लोकबहादुर सिंह

(प्यारको भावमा) तिमीलाई पढन दिन रोकेको छैन विमला ! तिमी चाहन्छौभने अझ २ जना अर्को मास्टर पनि थपिदिउँला म !

विमलाकुमारी

(झर्केर उफ्रँदै) पढिरहनुस् तपाई नै, हामीलाई

Digitization by Arya Samaj Charitable Foundation, Chennai

अधिकार छैनभने, डर पनि छैन, हामी आफ्नो बाटोको फुहड आफै सफा गरौंला

[विमलाकुमारी रिसाउँदै फनक्क घुमेर जान्छिन् । लोकबहादुर सिंह लखनराम पट्टवारीलाई बोलाउँछन् । लखनराम पट्टवारी आउँछन् ।]

लोकबहादुर सिंह

लखन, बडो खराब भो, आज तिम्री मालकिनसाहेब चौपट्टै रिसाई ।

लखनराम

किन मालिक ?

लोकबहादुर सिंह

उही मास्टरलाई बिदा दिएको थाह पाएर । थाह नपा-ओस् भनेर भन्देथिएँ, त्यति पनि तिमीहरूले होशियारी राखेनौ ।

लखनराम

मैले त थाह दिएकै छैन मालिक । ट्युशन घट्नलागेकोले मास्टरले नै भन्योहोला ।

लोकबहादुर सिंह

अब के गर्ने लखन ? उसलाई रिसाउन त दिनहुन्न । बेकूफ मद्से सहदेउवाले भन्यो होला ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

लखनराम

(अदबसाथ) मैले तो केही..... !

लोकबहादुर सिंह

माफ गर लखन, रीसको झोकमा मैले आंखैले केही देखिन, होसै भएन ।

लखनराम

यसैले तो मो भन्छु रीसमा पनि होस राख्नुपर्छ, होस राख्नुपर्छ !

लोकबहादुर सिंह

(केही हडबडाएको भावमा) भनन लखन के गन ? उ रिसाएर आज मलाई सारा संसार अँध्यारो भान भैरहेछ, उसलाई चाँडै हँसाउनपऱ्यो, उ हाँसेमात्र संसारै हाँसिरहेको पाउँछु, विश्वै धकमक्क फुलिरहेको पाउछु । बूढोसंग आफ्की तरुणीलाई रिझाउनुपर्छ लखन, जाऊ, मास्टरलाई अहिल्यै बोलाउन पठाइदेऊ ।

लखनराम

हवस् अहिल्यै बोलाउन पठाउँछु मालिक !

लोकबहादुर सिंह

उसको अगाडि त मैले आजसम्म उसलाई मन नपर्ने कुरा गरेको छैन, उसको रूप देखेपछि विरुद्ध भावनाले पनि बत्तीमा पुतली समर्पित भए झैं हुन्छ लखन ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

लखनराम

यसैले तो मो भन्छु, मालकिनलाई जे गरेर पनि खुशी पार्नुपर्छ मालिक; मालकिन खुशी भएपछि मालिक पनि खुशी हुनुहोला।

लोकबहादुर सिंह

जाऊ त लखन, अहिल्यै मास्टर बोलाउन पठाऊ। उसलाई रिसाउन दिन हुन्न।

लखनराम

यसैले तो मो भन्छु मालिक, आफ्नो विरुद्ध भावनाभन्दा मालकिनको खुशी राम्रो छ। म अहिल्यै मास्टरलाई बोलाउन जान्छु।

[लखनराम पटुवारी जान्छन्।]

लोकबहादुर सिंह

(विमलाको तस्वीर हेरेर) मास्टरलाई बोलाउन पठाइसक, विमला!— तिमी हाँसिदेऊ, तिम्रो हाँसो नै मेरो हर्ष हो।

(आरामकुर्सीमा बसेर बुलडगको टाउको सुम्सुम्याउँदै)

पपी, जाऊ, विमलालाई बोलाऊ।

[बुलडग ढोकातिर हेरी भुक्छ।]

पटाक्षेप

२५, माघ, १०६।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

Digitization by Arya Samaj Charitable Foundation, Chennai

म जान्न

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पात्र–परिचय

पुन्माइचा—एउटी विधवा ज्यापूनी ; वर्ष २८ ।

आशाचा—पुन्माइचाकी छोरी ; वर्ष ८ ।

दूशनारां—पुन्माइचाको दोस्रो लोग्ने ; वर्ष ३५ ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

म जान्न

समय—साँझपख ।

स्थान—कोठा ।

[एउटा झुत्रो सुकुल बिछ्याइराखेको छ । एउटा कुनामा बीच-बीचमा प्वाल परेको साँगा र कैयन् ठाउँमा टालिराखेको बिछ्याउना पट्याइराखेका छन् । त्यसमाथि मैलले टल्किराखेको कालो तकिया एउटा राखिछोडेको । अर्को कुनामा एउटा धुजा-धुजा भएको पटुका ठाउँठाउमा टालिराखेको र गांसिराखेको फरिया र भित्री च्यातिराखेको एउटा सुरवाल; अनि १०।१२ मुट्ठा सुकेको लसुन डोरीमा लहरै झुन्ड्याइराखेको । तलतिर अलिकति आलु र खोर्सानी थुप्राइराखेको । अर्को कुनामा एउटा कखुरा-लाई डोकोले छोपीराखेको । आँखिभ्यालको फलैचामा अलि-कति मुख चर्केको अंखोरा एउटा कचौरा र थाल अनि एकसरो भाँडा राखेको । भान्छाका केही सामानहरू पनि त्यहीं राखि-छोड़ेको आशाचा पट्याइराखेको बिछ्याउनामा टाउको अड्याई चित्ता परी नाक कोट्याउँदै दलिनतिर हेरेर टोलाइरहेकी ।]

आशाचा

(मनैमन कुरा गर्दागर्दै बर्बराएर ल्वाउँछे) किन मरेको

Digitization by Arya Samaj Charitable Foundation, Chennai

होला मेरो बा ! मेरो बा नमरेको भए कति मजा हुने ! अब मलाई कसले खवाउला ? (जुरुक्क उठेर भयालबाट हेर्न जान्छे। एकछिनसम्म दूरदूरतक हेरेर) यसवेला भइसक्यो किन नआएको होला ! ४ दिनमात्र बसेर आउँछु भनेर गएको ! ४ दिन त आजै हो ! (फेरि भयालमा जान्छे । आमालाई नपाएर मलीन मुख गरेर फेरि त्यही बिछ्यौनामा पल्टन्छे) बा भएको भए आमा कहीं नजाने थियो होला ! बा नमरेको भए हुने। अब आमा आउँदैआउँदैन कि ? मलाई फकाएर गएको हो कि ? मैले पैसा फ्यांकिदिनु पर्ने कि ! मैले रोटी र चिउरा नखाईकन रोइदिएको भए आमा नजाने थियो कि । अब त आयो कि ! (फेरि भयालबाट हेर्न जान्छे । एक छिन भयालैमा बसिरहन्छे , अनि गहभरि आँसु गरेर फेरि बिछ्यौनामा पल्टनजान्छे फेरि बर्बराउंछे) पक्का पनि अब आमा आउँदैन । अब मलाई कसले खवाउला ! आमाले दिएर गएको चिउरा पनि सबै सिद्धिसक्यो । सखर पनि सबै सिद्धिसक्यो । पैसा पनि सबै किनेर खाइसकें । अब मैले के खाने !

[आशाचा केही पनि नबोलीकन आँखाबाट बगिरहेको आँसु पुछ्दै चुपचापसंग दलिनतिर हेरेर टोलाइरहन्छे । नेपथ्यमा पुन्माइचाको अवाज सुनिन्छ । आशा कान ठाडो-ठाड़ो गरेर ढोकातिर उत्कण्ठासाथ हेर्छे ।]

पुन्माइचा

(भन्याङैदेखि बोलाउँदै) आशा ! मेरो आशा !

Digitization by Arya Samaj Charitable Foundation, Chennai

[आशाचा जुरुक्क उठ्छे । अनि दग छैं । पुन्माइचा कोठाको दैलोमा पुगिसक्छे । बर्बर्ती आँसु चुहाएर आशाचा आमालाई अँगालो हाल्छे । आशाचालाई पनि पुन्माइचा अँगालो हालेर आफूले पनि आँसु चुहाउँदै दुवै गालामा म्वाई खान्छे ।]

आशाचा

(देब्रे हातले आँखामा आंसु पुछ्दै) **अब मलाई छाडेर कहीं पनि नजाऊ है आमा !**

पुन्माइचा

[छोरीको मुख हेरेर केही पनि नबोलीकन खालि टोलाइरहन्छे ।]

आशाचा

(मयालु भावमा) **तिमी गएको ठाउँमा मलाई पनि लैजाऊ है आमा ?**

पुन्माइचा

(रुन्न भावमा हांस्दै) **लौ, लौ !**

आशाचा

(करुण भावमा) **तिमी पोइल गयो रे हो आमा !**

पुन्माइचा

(लाज मिसिएको मयालु भावमा) **कसले भनेको आशा !**

आशाचा

सबै त्यसो भन्छन् । तिमीलाई फकाएर तिम्रो आमा अब तिम्रो अर्को बाकहाँ गयो रे !

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पुन्माइचा

होइन ब्यारे, फटाहा कुरा गर्छन् सबै ।

आशाचा

(मन् लसिएर अलि मुस्काउँदै) अँ··· साँच्चै हो रे ।

पुन्माइचा

(कुरा छोपेर) अँध्यारो भो, दिबिया कहाँ छ हँ ?

[दिबिया खोजेर बत्ती बाल्छे । अनि छोरीको कपाल लट्टा भएको देखेर कांगियो खोजी कपाल कोरेर चुल्ठो बाँधिदिन्छे ।

आशाचा

(केही सुस्केराले भरेको अवाजमा) बा नमरेको भए तिमी पोइल नजाने होला हगि आमा !

पुन्माइचा

(आँसु पुछ्दै रुंचे स्वरमा) कसले भन्यो तिमीलाई यस्तो नचाहिने कुरा ?

आशाचा

उके सबै यसै भन्छन् ।

पुन्माइचा

उनीहरुको कुरा नसुन, उनीहरू सबै फटाहा छन् ।

आशाचा

अब कहीं नजाऊ त है आमा ?

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पुन्माइचा

[केही पनि बोल्दिन । त्यसै जिल्लपरिरहन्छे नेपथ्यमा दशनारां आएको आवाज सुनिन्छ । पुन्माइचा झन् जिल्लपर्छे । उसका चेहरामा वेदनाको रेखा पनि देखिन थाल्यो पुन्माइचाको त्यो अनुहार देखेर आशाचा पनि टोलाउँछे । उसको मुख पनि एकदम भिग्रेर आउंछ ।]

दशनारां

(दैलोमा पुगेर) **जानवेला भएको छैन ।**

आशाचा

[रुन्चे-रुन्चे अनुहार गर्दै पुन्माइचाको हात अठ्याएर समाउँछे ।]

पुन्माइचा

(दशनारांसित) **बस्नोस्न ।**

(सुकुलको एक छेउमा दशनारां टुप्लुक्क बस्छ । थैलीबाट एउटा मोहर झिकेर आशाचासित भन्छे ।)

२ माना चिउरा र एउटा कुखुराको फुल किनेर ले ।

आशाचा

(मयालु भावमा रुन्चे-रुन्चे स्वर गर्दै) **नाइँ तिमी मलाई छाडेर जान्छौ !**

पुन्माइचा

होइन सत्तो होइन, जाऊ चांडै किनेर ले ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

आशाचा

(करुण भावमा) मलाई छाडेर नजाऊ त है आमा ।

पुन्माइचा

जान, जान जा ! (आशाचा एउटा रुमाल लिएर निस्कनलाग्छे, तर दैलोमा पुगेर फर्कीकन पुन्माइचा प्रति बडो मायालाग्दो नैराश्य भावमा हेर्छे, अनि आंसु चुहला कि जस्तो अनुहार गरेर निस्कन्छे । आशाचाको त्यो परिस्थिति र अनुहार देखेर पुन्माइचाको आंखामा आंशु भरेर आउँछ । (दशनारांसित) चिउरा खाएर तपाई जानुस् है, म आउन्न ।

दशनारां

(आश्चर्य भएर) किन !

पुन्माइचा

त्यसै ।

दशनारां

किन त्यसै ?

पुन्माइचा

मलाई आउन मन लागेन ।

दशनारां

कहिले आउँछौ त ?

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पुन्माइचा

कहिले पनि आउँदिन ।

दशनारां

मैले तिम्रो कुरा केही बुझिन ।

पुन्माइचा

म छोरीलाई छोडेर आउनसक्तिन।

दशनारां

उसलाई पनि लैजाउँला ।

पुन्माइचा

अहं'।

दशनारां

होइनभने उसलाई पनि साथै आजै लैजाउँला ।

पुन्माइचा

अहं, मलाई अब कसैकी स्वास्नी बन्ने इच्छा भएन, मेरा लोग्नेले मलाई छाडेर गएपनि मेरो उनैको धर्ममा बस्ने इच्छा छ ।

दशनारां

(अलि रिसाएर) तिमी त बडी गजबकी स्वास्निमानिस रहिछ्यौ । (अलि बढ्ता रिसाएर) के मसित ठट्टा गरेको ?

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पुन्माइचा

ठट्टा गरेको होइन, साँच्चै भनेकी हुँ, अब मलाई कसैकी स्वास्नी बन्न इच्छा छैन ।

दशनारां

(खूब रिसाएर) अर्काकी स्वास्नी बनिसकेपछि कसैकी स्वास्नी बन्दिन भन्दैमा सुख पाइन्छ ?— जगल्टा समातेर लैजान्छु; बुझिस, चिनिस् मलाई ?

पुन्माइचा

(खूब रिसाएर) लौत कुनचाहिं छातीमा रौं उम्रेको मानिसको ताकत छ मलाई छुन ! जान भनेपछि कसैको कर छ ?

दशनारां

(दाहा किटेर) के भनिस्, अर्काकी स्वास्नी भइसकेपछि जान भन्दैमा सुख पाइन्छ ?

पुन्माइचा

कोही मोराकी स्वास्नी बनेकी छैन बुझिस् ! मेरा लोग्ने त मरिसकेका छन्" (कानमा लाइराखेका टुकीहरू झिक्दै फ्याँकेर) लौ मलाई स्वास्नी बनाएँ भन्ने तेरो सेखी यसैमा न हो ! दुइटा छुसी टुकी दिएर अर्कामाथि त्यसै हुकूम चलाउन खोज्ने होइन ? के स्वास्निमानिस सितै आएका हुन् र कसैको पुतली बनेर हिड्छन् ?

Digitization by Arya Samaj Charitable Foundation, Chennai

दशनारां

[जिल्ल परेर त्यसै टोलाइरहन्छ]

(आशाचा पसलबाट फर्केर आउँछे आमा रिसाइरहेकी देखेर उ पनि जिल्ल परिरहन्छे ।)

पुन्माइचा

(दाहा किटी-किटीकन) घरमा अरू स्वास्नी छैन, छोराछोरी पनि छैन भनेर ढाँट्नलाई के लाज छैन ? के आइमाईलाई जंगलबाट समाएर ल्याएको जन्तु संझेको ? तेरो करमा तेरा दुइटा टुकीको लोभमा तंसंग आउनखोजेको होइन, आफ्नो खुशीमा, आफ्मो मोजमा आउन खोजेको थिएँ बुझिस् । अब मलाई आउन मनलागेन, त्यसैले आउन, यसमा तेरो के कर छ, म त आफ्नो खुशीमा छु । मलाई चाहन्छस्भने घरकी स्वास्नीलाई पहिले निकाल्नसक् । अनि आउँला पनि । स्वास्नी बनाउँछु भन्दैमा लोग्नेमानिसले स्वास्निमानिसमाथि जे पनि हुकूम चलाउन पाइँदैन, लोग्ने बनाउनलाई स्वास्निमानिसको पनि लोग्नेमानिसमाथि हुकूम चलाउन हक छ । उसलाई निकाल्, अनि म आउँ छु ।

दशनारां

(कातर भावमा) उसलाई निकाल्छु भनेर भन्दै छु नि !

पुन्माइचा

पहिले निकाल् । म पनि त छंदै छु नि । त्यसै अर्कामाथि

Digitization by Arya Samaj Charitable Foundation, Chennai

जोड-जुलुम गर्नपांईदैन बाबै ।

[पुन्माइचाले चण्डीरूप धारण गरेर कराएको देखेर दशनारा जिल्ल पर्छ । उ केही पनि बोल्न सक्तैन । खालि उसको मुख हेरिरहन्छ । आखिरमा जानेवेला उसले खालि यति भन्छ– **तँ बेइमान स्वास्नि-मानिसलाई देखाए जाएगा!"** पुन्माइचाले पनि उत्तिखेरै जवाफ दिन्छे– **" देखाए जाएगा भने देखाए जाएगा – तँ जस्ता गुन्डा लोग्नेमानिसलाई गर्न मलाई पनि थाह छ । "**)

[सबै निस्कन्छन्]

पटाक्षेप

१, श्रावण, '०५ ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

त्रिपासाका दुई खेलाडी

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पात्र-परिचय

न्हुछेनारां पुतुवार—एउटा गरीब मानिस; वर्ष ३५।

कृष्णप्रसाद भट्टराई—एउटा मध्यम श्रेणीका बाहुन; वर्ष ३६

भट्टराईबाहुनी—कृष्णप्रसादकी स्वास्नी; वर्ष ३०।

मानबहादुर बिष्ट—एउटा पासाका सोखिन; वर्ष ४५।

हरिनारां—न्हुछेनारांको छोरा; वर्ष ५।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

त्रिपासाका दुई खेलाडी

समय—दिउँसो ४ बजे ।

स्थान— एउटा भट्टराई बाहुनको कोठा ।

[कमेराले पोतिराखेको ४ नाङ्गा गाह्रो उभिरहेका छन् । दक्षिण-पट्टिका दुई भ्यालबाट प्रशस्त उज्यालो आइरहेको छ । गान्होको एक कुनामा ५।६ वटा तस्वीर टंग्याइएका छन् । कोठाको पिछ्यूं भागको गान्होसंगै एउटा बेसारे रंगको तन्नाले मोडेको एउटा बिछ्याउना बिछ्याइएको छ । बिछ्याउनामुनिको गान्होनिर एउटा पुरानो ट्रङ्कबाकस राखिएको छ । उसको माथि एउटा जगानी घडी उभिरहेको छ । कोठामा एउटा अधबैसे सतरंजा बिछ्याइएको छ । एउटा पानी हालेको बट्टुको अगाडि राखेर भट्टराई बाहुनी तस्वीर ओल्टाई-पल्टाईकन उडुस हेरिरहन्छिन् । कोठाको बीच भागमा बसेर कृष्णप्रसाद भट्टराई र न्हुछेनारां पुतुवार दुईजना त्रिपासा खेलिरहन्छन् । मानबहादुर विष्ठ कृष्णप्रसाद भट्टराईको पक्ष लागेर खेलेको हेरिरहन्छन् । कृष्णप्रसाद र न्हुछेनारां दुवैका चेहरामा खलखल पसीना निस्किरहन्छ । देब्रे हातले पसीना पुछ्दै दुवै खेलमा मस्त भइरहन्छन् । दुवैका रङ्ग भित्रिसके । बजरंग पनि न्हुछेनारांको केवल १३ घर बाँकी, कृष्ण-प्रसाद भट्टराईको तीनै गट्टा संगै भएर १३ घर बाँकी छ । दुवै जना

Digitization by Arya Samaj Charitable Foundation, Chennai

बडो जोश जोशसंग पासा हानिरहन्छन् । पहिलो हान्ने पालो न्हुछेनारांको । न्हुछेनारां हातमा पासा लिएर खूब मिलाइरहन्छन् ।]

कृष्णप्रसाद

हान् , हान् झट्टै, पासा मिलाएर हान्न जान्नलाई बाबु-बडाज्यूले पनि पासा समाउन जानेको हुनुपर्छ नेयार, नोल समाउन जान्नु जरुरी होइन पासा समाउनु ।

न्हुछेनारां

काँठा, अहिले लुगा फुकाएर हेरे पिठ्यूँमा डोकोको दाग गएको होओइन, हामीसंग फुर्ती गर्छस् । हाम्रा बाबु बडाज्यूले घिउ-दूध खाएजति तेरा बाबु-बडाज्यूले पानी पनि खान पाएका होओइनन् । आज तेरो अन्दाजी पासा लागिरहेछ र पो फुर्ती गर्नसकिस् ।

कृष्णप्रसाद

हान्न त नेयार, तेरा बाबु-बडाज्यूको घिउ-दूध पनि हेरि हालूँ नि ! चिल्लो चराको नाउँ हो कि जनावरको सुनेका त छस् नेयार ? एक हातको बाजी बक्सिस पाउँछस् तैंले, एघार-दुई, पोत-बान्ह निकाल्नसके । बक्सिस—इनाम भनेको पाउन नङ्गे गर्नुपर्छ नेयार !

न्हुछेनारां

पिठ्यूँमा डोको बोकेर कोसे पहाडको उकालो आधै

Digitization by Arya Samaj Charitable Foundation, Chennai

घंटामा पुगेर हामीले साहसित बक्सिस पाउने अनुभव पाएका छैनौं काँठा, न ढिंडो घोटिरहेको वेला ठालुको आज्ञा पाएर बेसीमा पुगी बाली खान लागेका बाखीहरू धपाउन जानलाई काँचै ढिंडो खांदै दगुडेर पनि भोलिपल्ट छेड्न नपरेकोमा साथीसित बाजी जित्ने हामीले अनुभव पाएकाछौं।

मानबहादुर बिष्ट

छिः खेल्नुस् चांडै, यस्ता जाते कुरा पनि गर्ने तपाईं-हरूले, मलाई त सान्है मन पर्दैन यस्ता कुरा!

[न्हुछेनारां पासा मिलाइनैरहन्छन्। कृष्णप्रसाद मानबहादुर बिष्टको कुरा सुन्दै न्हुछेले पासा मिलाइरहेका हेरिरहन्छन्]

अट्टराई बाहुनी

(तस्बीरमा उड्डस झिक्दै, पानी भरेको कचौरामा राख्दै मानबहादुर बिष्टप्रति हेरेर।) यिनीहरूको यस्तो कुरा गर्ने त मामूली भइसक्यो। जहिले खेले पनि यत्तिकै छ।

मानबहादुर बिष्ट

यस्ता कुरा बोलीलाई साम्प्रदायिक अर्थात् जातेमते वा मजहबी कुरा भनिन्छ। यस्ता कुराको बानी गर्नु ठीक छैन। यसको नतीजा सँधै नराम्रो मात्रै हुन्छ, हिन्दुस्थान र पाकिस्तान भएर भारतवर्ष टुक्रा भइरहेछन्। नेपालमा पनि यस्तो भावना आइपुग्ला भन्ने मलाई असाइ डर छ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

भट्टराई बाहुनी

(फेरि मानबहादुर बिष्टप्रति हेरेर) मलाई त यो पासाको अवाजै सुन्न मन नलागिसक्यो। खेलेपछि भैगो उठ्न भनेको जान्नै नजान्ने। अहिले हो र भने बिहान ७ बजेदेखि एक सुरसित। खेल भैरहेछ, भैरहेछ माथि भांछामा बुहारी अहिलेसम्म भान्छा कुरिरहेकीछे। अहिलेसम्म कसैले भात खान पा'को छैन। यस्तरी पनि खेल्नु भन्या' छ ? सबै खेल्छन्, तर यहांहरू जस्ता खेल्ने त मैले दुनियाभरमा पनि देखेकी छैन।

मानबहादुर बिष्ट

(आश्चर्य मानेर) अहो, बिहान ७ बजे देखि ! यस्तरी खेल्नु त भएन। (न्हुछेनारांतिर हेरेर) हान्नुस् लौ, यो सकिएको एक हात सिध्याइहाल्नुस्। यो त अचाकली नै भो।

[न्हुछेनारां पासा हान्नखोज्छन्]

भट्टराई बाहुनी

हेर्नुस्न अचाकली होइन त ? — खाँदै नखाईकन, सुत्दै नसुतीकन खेल्नु भन्या' छ ! अब्बान-पूजा त सकिनु पर्छ नि ?

कृष्णप्रसाद

(खास्नीतिर हेरेर रिसाउँदै) जा फुँडी नबस् मेरो अगाडि। तँ मलाई अर्तीं दिने भइस् होइन ? हामी आफ्नो

Digitization by Arya Samaj Charitable Foundation, Chennai

मन परे जस्तो गरौंला, तँलाई कपाल दुख्नु पर्ने किन ? आजसम्म तेरो माइतमा गएर केही कुरामा पनि हात पसारेको छैन, बुझिस् राँडी ।

मानबहादुर बिष्ट

(कृष्णप्रसादलाई पासा थर्कीतिर फर्काएर) भैगो, भैगो खेल्नुस् (न्हुछेनारांतिर हेरेर) लौ हान्नुस् चांडै ।

[भट्टराई बाहुनी आँखामा आंसु निकालेर माथि जान्छिन् । न्हुछेनारां पासा हान्छन् । छकडा आउँछ, अनि निकै झर्कन्छन्]

कृष्णप्रसाद

(अलि खिसीको भावमा) किन झर्कन्छस्, फेरि एक चोटि हानन लौ, म हान्न दिन्छु ।

न्हुछेनारां

(अलि रिसाएर) तेरो भन्दा त अझै पनि २ चोटि नै बढता हान्न पाइहाल्छु के ।

कृष्णप्रसाद

(पासा मिलाउँदै खिसी टिबुरीको भावमा न्हुछेनारांप्रति हेरेर कतै १८ नआओस् भन्दै पासा गुड्याउँछन्) अठार ।

(अठारै आउँछ । न्हुछेनारांले मुख केही बिगार्छन् । कृष्णप्रसाद न्हुछेनारांको मुख हेरेर खिसीको दृष्टिले हाँस्छन् । न्हुछेनारांको चेहरामा रिसको भाव उदाउँछ) रिसाएर के गर्ने न्हुछे, हातमा सीप

Digitization by Arya Samaj Charitable Foundation, Chennai

चाहिन्छ, गट्टी चाल्ने बुद्धि चाहिन्छ; पासा खेल्नु भनेको गाह्रो छ ।

[न्हुछेको चेहरामा रिसको भाव झन्-झन् बढ्छ । मुख रातो गर्छन् ।]

न्हुछेनारां

(भित्र खूब रिसको भाव राखेर पासा फ्याँक्छन्) सात ।

[तीनक्काना आउँछ । रिसले चूर भएर न्हुछेनारां पासा उठाएर पछ्याछन् ।]

कृष्णप्रसाद

(खिसीको भावमा मुसुमुसु हाँस्दै) तिम्रो हनाइको पासाले अब मेरो तीनकाना आउँछ भन्ने जनाउ दिएको होला ।

(पासा गुडाउँछ । तीनकाने आउँछ । न्हुछेनारां रा··· तो मुख गरेर जिलिन्छन् । कृष्णप्रसाद न्हुछेनारांको मुख हेरेर नबोलीकन मुसु-मुसु मुस्क्याउँछन् । मानबहादुर बिष्ट मन्द हासोमा दुवै जनाको मुख हेरिरहन्छन् । न्हुछेनारां शर्माएर दिक्क भएर तलतिर हेरिरहन्छन् । थर्कीको थैलीबाट मोहर झिकी 'एक, दुई, तीन, चार, पाँच' गन्दै खल्तीमा राखेर) लौ भिरन्ची झिक् ।

न्हुछेनारां

(दबेको स्वरमा लज्जित भएर) भैगो आजलाई ।

कृष्णप्रसाद

(खिसीको भावमा) आजदेखि ककला खान छोडिदे, अनि

Digitization by Arya Samaj Charitable Foundation, Chennai

मगज अलि तीखो भएर हात पनि बलियो होला। अनि हामी संग साँझ गर्न पनि सक्ने होलास्। (न्हुछेनारां केही पनि नबोली-कन जिल्ल परिरहन्छन्। कृष्णप्रसाद भनिरहन्छन्) किन जिल्लिरहिस् न्हुछे, जा तल धारामा गई एक फेरा हात धोएर पासा हान्न आ, अनि भने-भने आउला कि।

न्हुछेनारां

(रिसले जागेको भावमा) ढिंडो चाटेर टोपीको भित्रीमा पुछेर बिटुलो भएको हात होइन काँठा हाम्रो हात! आज तेरो भाग्य जागिरहेछ र भने-भने जस्तो अनाडी पासा लागिरहेछ।

कृष्णप्रसाद

(खिसीको भावमा मुस्क्याउँदै) खेल्न खेल आ, कि खल्ती सुक्यो?—सापट लिन्छस्, दिन्छु म।

न्हुछेनारां

(रिसले मुर्मुरिंदै) कोही पाजीसित सापट लिएर खेल्ने जवान होइन हामी काँठा।

कृष्णप्रसाद

(लल्कारेर बोलेको भावमा) कि युधिष्ठिरै बनेर आन त, आज तंसित मनभर्ने गरेर पासै खेलुँला त।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

न्हुछेनारां

(एकाएक कृष्णप्रसादको गर्दन समाएर दाम्ह्रा किटी-किटीकन)

तेरै स्वास्नी थाप्न काँठा, म हान्छु ।

कृष्णप्रसाद

(न्हुछेनारांको पनि गर्दन पक्रेर) **के भनिस् पाजी नेयार ।**

मानबहादुर बिष्ठ

(दुवैलाई छिनिदिएर) **मैले त भनेकै थिएँ नि, यस्तो पनि भलादमीको चाला ?-के तपाईहरू केटाकेटीहरू हुनहुन्छ । ४ जनाले देखे के भन्लान् लौ, आमै तपाईहरूलाई लाज पनि लाग्दैन ?**

[माथिबाट भट्टराई बाहुनी ओर्लेदै कोठामा पस्छिन्]

भट्टराई बाहुनी

(जाग्दै) **यस्तो होला भन्ने मैले अगि नै ठानेकी थिएँ । आमै, छिमेकीहरूलाई कसरी मैले मुख देखाउने नि ! नसुने होलान् र ? धत्तेरी मलाई त एक छिन पनि बाँच्न मन भएन ।**

[भट्टराई बाहुनी सुक्-सुक् रुन्छिन् । न्हुछेनारां र कृष्णप्रसाद दुवै गन्होतिर हेरेर लज्जालु भावमा जिल्लिरहन्छन् । मानबहादुर बिष्ठ छरिएका गट्टाहरू टिप्दै थर्कीको थैलीमा राखिरहन्छन् । नेपथ्यमा मानिस-को आवाज आउँछ । हरिनारांको प्रवेश]

Digitization by Arya Samaj Charitable Foundation, Chennai

हरिनारां

बा, तपाई झट्टै आउनोस् ले, घलमा आमा लोइलहेकोछ। चामल पनि छैन ले। काति पकाउन पर्छ ले, फुपू दिदीहरू पनि सबै आइसक्यो। चिउला पनि छैन। मैले पनि केही खा'को छैन।

(न्हुछेनारां शर्मालु भावमा मुख बिगार्छन्। सबै वाल्ल परेर हरिनारां-तिर हेर्छन्।)

न्हुछेनारां

(केही संकोच भावमा) जा, जा, तँ गइरहे; अहिले आउँछु म।

हरिनारां

(दीन भावमा) नाइँ, तपाईं पनि हिड्नोस्। आमासंग एक पैसा पनि छैन ले, चुनु, मुनु बिमलाहरूले पनि" चिउला-चिउला" भन्यो, चिउला छैन ले, पैसा पनि छैन ले, आमा लोइलहेकोछ।

[कृष्णप्रसाद, भट्टराई बाहुनी, मानबहादुर बिष्ट सबै हरिनारांको कुरा सुनेर वाल्ल परिरहन्छन्।]

न्हुछेनारां

तँ जाँदै गर्,म आउँला।

हरिनारां

नाइँ, सगै जाऊँ, आमा लोइलहेको छ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

न्हुछेनारां

तँ गइरहेस्भने म आउँला ।

हरिनारां

(रुन्चे भावमा) दाम दिनोस् त चामलै छैन ले,भोक लागि-सक्यो । आमा लोइलहेकोछ ।

न्हुछेनारां

(दुःखित, लज्जित र रिसको भावमा) छैन, छैन, जा, म संग दाम-साम

न्हुछेनारां

(लाड़िलो भावमा) आज फुपूहरूलाई नखत्या ख्वाउनलाई दाम जितेर ल्याउँछु भन्नु'भाको छ ले, अं ... दिनोस् दाम, आमा लोइलहेकोछ ।

न्हुछेनारां

(दुःखित भावमा) हारिसकें दाम ।

[हरिनारां दुःखले वाल्ल पर्छ]

कृष्णप्रसाद

(सहानुभूतिपूर्ण भावमा खल्तीबाट रुपियां निकाली हरिनारांको हातमा दिएर) ला, तेरो बाको दाम जितेको यही हो । (प्रसन्न भावमा हरिनारां हातमा रुपियां थाप्छ । न्हुछेनारां दुःखित, लजालु र कृतज्ञ भावमा शिर झुकाउँ छन् । मानबहादुर बिष्ट र भट्टराई बाहुनी

Digitization by Arya Samaj Charitable Foundation, Chennai

सहानुभूतिपूर्ण भावमा उभिरहन्छन । ह्नुछेनारांतिर हेरेर मैत्रीपूर्ण भावमा) **मोरो नेयार, आफूसित रुपियां नभएपछि नखत्या बोलाउनु पर्छ ! नबोलाई हुन्न भनेको के छ र त्यस्तो नखत्या-सखत्या । तिमी जस्ता गोजेग्रे नेयार नविगे को बिगर्ला ?**

नबोलाईहुन्नभने मसित पैंचो मागे पनि त हुन्छ नि !— पासा खेली जितेर चाड टार्ने सुर पनि गर्ने ! कत्रो आँट तेरो नेयार, घरमा जहान-बच्चाहरूलाई कत्रो अपठ्यारो भयो-होला । बहुला कहिंका !- भन कति रुपियां चाहिन्छ ?— अलिकता त मसंग छ ! (न्हुछेनारां कृतज्ञ, लजालु र प्रसन्न भावमा त्यसै उभीरहन्छन्)**१५ रुपियां जतिले पुग्छ ?**(न्हुछेनारां केही बोल्दैनन्, संकोच भावमा वाल्ल परिरहन्छन् । भट्टराई बाहुनीतिर हेरेर)**खइ मेरो कन्तुरमा १५ रुपियां होला झिकेर ले ।** (भट्टराई बाहुनी रुपियां लिन जान्छिन्) **लाटो नेयार, यस्तो काम कहिल्यै नगर्नु** (बाहुनी हातमा रुपियां लिई आउँ छिन् र कृष्णप्रसादको हातमा रुपियां दिन्छिन् ,अनि कृष्णप्रसादले न्हुछेनारांलाई रुपियां अर्पन्छन् । न्हुछेनारां रुपियां नथापीकन लाज र शोकको भावले मुन्टो निहुराईरहन्छन् । न्हुछे-नारांको खल्तीमा रुपियां राखिदिएर) **के म परचक्रीहुँ र ! साथी होइन ? साथी-साथीमा पनि यस्तो लाज ? मलाई हर्जा भए र तँसंग भएको वेला मत खोसेर पनि लिएँला !** (न्हुछे-नारांको खल्तीमा राखिदिएर) **जा झट्टै घर, कस्तो दोहोलो परिरहेछ होला घरमा ।**(मन्द हांसेर) **लाटो नेयार !**

Digitization by Arya Samaj Charitable Foundation, Chennai

मानबहादुर बिष्ट र भट्टराई बाहुन

(एकै स्वरमा न्हुछेनारांतिर हेरेर) जानोस् झट्टै। केही लाज मान्नु पर्दैन। रुपियां-पैसाको कुरा यस्तै हो। हर्जा बराबर सबैलाई हुन्छ। नत्र साथीभाइ भनेको किन चाहियो? जानोस् चाँडै।

[न्हुछेनारांलाई पठाउँछन्। दुःखित, लजालु, कृतज्ञ र प्रसन्न मुख गरेर हरिनारांलाई ढोन्याएर न्हुछेनारां जान्छन्]।

कृष्णप्रसाद

(मानबहादुरतिर हेरेर) कस्तो जगवको मानिस्, पासा जितेर चाड टार्नखोज्ने।

मानबहादुर बिष्ट

(पीडित भावमा) हरे, नेपालीहरूको अवस्था यहांसम्म को भइसक्यो!- केही लागेन, केही उपाय सुझेन के गरोस् बिचराले!

[दुःखपूर्ण भावमा सबै जान्छन्।]

पटाक्षेप

५, भाद्र, '०६।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

सतीशको रहर

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पात्र-परिचय

विपुला-एउटी सती स्त्री; वर्ष २५।

बटु-विपुलाको छोरा; वर्ष ५।

चम्पाकुमारी-विपुलाकी जेठानी; वर्ष ३५।

चुनु-चम्पाकुमारीकी छोरी; वर्ष ६।

भामती-विपुलाकी सासू; वर्ष ६०।

विपुलाकी आमा-विपुलालाई पुनर्विवाह गराउन चाहने एउटी आइमाई; वर्ष ५५।

युवक वा सतीश-विपुलाको सतीत्वमा विश्वास नभएका विपुलाको लोग्ने; वर्ष ३२।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

सतीशको रहर

समय—बेलुकीपख ।

स्थान—विपुलाको कोठा ।

[सुकुलमाथि एउटा झुत्रो राडी बिछ्याइराखेको, भित्तातिर ठाउँ-ठाउँमा टालिएको एउटा बिछ्यौना, सिरानमाथि एउटा पच्चीस वर्षीय युवकको तस्वीर टाङ्गिएको, फलैचामा एउटा ढलौटे चुहिएको टांफ उभिरहेको, भ्यालतिर विपुला विगत यादको स्मरणले सोकिलो मुख लिएर वटुको भोटो टालिरहेकी । नेपथ्यमा वटु रुँदै आएको सुनिन्छ ।]

वटु

(रुँदै--रुँदै विपुलाको काखमा बसी) **मलाई पनि पापा ।**

विपुला

(वटुको आँसु पुछ्दै) **लौ, लौ ।**

वटु

हाम्लो पनि बा छैन आमा ?— चुनुको बाले उसलाई दुइटा पापा ल्याइदियो ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

विपुला

(आँसु पुछदै सिरानमाथिका तस्बीर देखाई) ऊ तिम्रा बा। पख तिमीलाइ पनि पापा ।

बटु

हाम्लो बाले पनि चुनुलाई दिंदैन हगि, मलाई मात्तौ पापा देला हगि आमा ?

विपुला

तिमीलाई पनि दिउँला, चुनुलाई पनि दिउँला ।

बटु

नाइँ, चुनुलाई नाइँ, मलाई मात्तौ। मलाई पनि दुइटा-दुइटा पापा है आमा ।

विपुला

लौ, लौ, चुनुलाई पनि दुइटा-दुइटा, तिमीलाई पनि दुइटा-दुइटा दिउँला ।

बटु

नाइँ, नाइँ, चुनुलाई दिन, उसको बाले पनि मलाई देन, चुनुलाई मात्तौ दुइटा-दुइटा दियो ।

विपुला

[बटुलाई काखी च्याप्दै धुरुधुरु रुन्छिन्]

Digitization by Arya Samaj Charitable Foundation, Chennai

बटु

किन लोएको आमा ? मलाई पनि दुइटा-दुइटा पापा है, म पनि चुनुलाई दिन्छ है ? (नेपथ्यमा चुनुको आवाज) चुनु आयो, आमा चुनु !

विपुला

आउन देऊ बा, आउन देऊ ।

[चुनुको प्रवेश]

चुनु

ई बटु, हाम्लो फेलि अल्को पापा, हाम्लो बाले फेलि दे'को !

बटु

हाम्लो बाले पनि मलाई दुइटा-दुइटा पापा ल्याइदिन्छ । म पनि तिमीलाई दिन्न ।

चुनु

खइ तिम्लो बा ? हाम्लो मात्तौ बा छ ।

बटु

हाम्लो पनि बा छ । (विपुलातिर हेरेर) हगि आमा, हगि, हाम्लो पनि बा छ ?

Digitization by Arya Samaj Charitable Foundation, Chennai

विपुला

[लुकेर आँसु पुछ्छिन्]

[चुनु रोटी टोक्छे । बटु रोटी खोस्दछ । चुनु रोटी खोस्न दिन्न । विपुला बटुलाई सम्झाउँछिन् । रोटी तानातान गरी दुवै रुन्छन् । बटुको हठलाई रोक्न नसकी विपुला चुनुको हातको रोटी टुक्याएर सानो एक टुक्रा बटुलाई दिन्छिन् । चुनु चिच्याउँदै रुन्छे ।]

[नेपथ्यमा 'चुनु, चुनु ' को आवाज । चम्पाकुमारीको प्रवेश]

चुनु

बटु आमाले ।

चम्पाकुमारी

किन बा, किन रोएको ?

चुनु

बटु आमाले मेलो लोटी लियो ।

चम्पाकुमारी

यहीं गाड्न आउनुपर्छ तँलाई ।

विपुला

हो, बटु रोएकोले एक टुक्रा रोटी टुक्राइदिएकीथिएँ ।

चम्पाकुमारी

(चुनुको हातको घाउमा रगत निस्किरहेको हेरेर) यो

Digitization by Arya Samaj Charitable Foundation, Chennai

कोठामा आएपछि कहिले मात्तै नरुनु परेकी छ? हिजो पनि घाउको यही गति, दिनौं रक्तपक्ष । (चुनुतिर लक्ष गरेर) नआऊ भनेर कति मनाही गरिसकें, यहीं मर्न आउँछे । (हिड्न खोजेर) केटाकेटीले त गन्यो, केही थाह छैन भनुँला, आमाले समेत केटाकेटीको पक्ष लिएर जाइलाग्नु कत्रो अचाकली ।

विपुला

मैले के गरेकी छु र? वटुले साह्रै रोएर हल्ला गरेकोले साना एक टुक्रा रोटी टुक्राइलिएकी सम्म हुँ । वटुले पनि चुनुको घाउमा छोएको सम्म पनि छैन; रोटीसम्म उसले खोस्नखोजेको हो । हिजो पनि आफै दैलोमा लोटेको थियो ।

चम्पाकुमारी

कुरा दुरुस्त पार्नलाई कसले तिमीलाई सक्छ? एकदिन होइन, २ दिन होइन । हामी त यसो कहिल्यै गर्दैनौं— आफैले पाएको सम्झेका छौं हामीले त वटुलाई पनि ।

विपुला

यसैले होला एक टुक्रा रोटीसम्म पनि दिन चित्तले नसकेको । जान्दिन मत यस्तो पक्षपात गर्न ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

चम्पाकुमारी

त्यस्तो पक्षपात कहिले गरेकी छु, लौ देखाइ दे राँडी ! आफै जस्तो नसंझ सबैलाई ।

विपुला

विमुखा भएँ भन्दैमा जथाभावी नभन्नुहोस्, परमेश्वर सबै ठाउँमा छन्, सबै ठाउँमा उनी देख्तछन् । धेरै नहेप्नुहोस् ।

चम्पाकुमारी

त्यसैले त बाकस भराउन हिम्मत भएको । पोइको आम्दानीमा आधा लुकाउन सकेको सबै ठाउँमा परमेश्वरै देखेर होला ।

विपुला

(क्रोधान्वित भावले रुँदै) लौ देखाइदिनुस्, के के लुकाई दबाइराखेकी छु मैले ? अनाथ भएँ भन्दैमा, भन्नसके भन्दैमा जे मुखमा आयो भन्न पाइँदैन । जेठानी भन्दैमा यस्तो कुरा सहनसक्तिन ।

चम्पाकुमारी

सहननसके के गर्छौं त ? भएको कुरा भनि दिएँ जा, अब तिमी हामीदेखि किन डराउली ? पोका ठूलो भइसकेको छ, हामी पो नाङ्गै छौं ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

(चम्पाकुमारी बाम्फिरहेका सुनेर भामती दगुर्दै आउँछिन् । चुनु र बटु खेलिरहन्छन् । चुनु नङ्ले रोटा टुक्याउ दै बटुको मुखमा हालिरहन्छे । (चुनुसित) हिंड, तैंले माया गरेको ठहरेको छ र ?

भामती

(उपेक्षाको भावमा) त्यो राँडीले के भनो हँ ?

चम्पाकुमारी

[खालि सुक्क सुक्क गरेर रुन्छिन्]

भामती

भनन के भयो ?

चंपाकुमारी

(रुंदै) केही भनेको होइन, केही भनेको होइन, अकस्मात् चुनु चिल्लाई. चिल्लाईकन रोएर ल्याएकीले दगुडेर हेर्न आएको, "किनरोएको ?" यति सिवाय बढ्ता भनेको भए आजको रात पनि नकाटोस् । यतिकैमा मलाई भन्नु नभन्नु भनी । उसको छोरालाई र उसलाई हामीले के मान्यौं, आफ्नै नातिहरूमा पनि बाबु भएका र नभएकालाई बराबर नदेख्ने रे, आफ्नै छोरीलाई मात्तै पोसी रे, ममात्र पोइल आएकी र बेचेर आएकी होइन रे, मेरो पनि अंश लाग्छ रे । एक छिन चुनु रोएर हेर्नआएकी त पाथी कुरा सुन्नुपऱ्यो ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

केटाकेटीलाई के थाह छ ?- आज झगडा गर्छन्, भोलि मिल्नुपुग्छन् । केटाकेटीको झगडामा आमाहरू आइलाग्न हुन्छ ? बिचरी चुनुलाइ जगल्टा लुछिरहेका । एक दिन होइन, २ दिन होइन, यसरी कति दिन मैले सहिरहने ? लौ भन्नुहोस्, मलाई मात्तै तपाईहरूले के बढ्ता दिइराख्नु भएको छ ? के बढता ख्वाइराख्नु भएका छ ? दिनौं "मुख हुने र मुख नहुने कहिले बराबर होला ?" भन्ने बुर्की सुनिरहनु पर्ने । लौ उसको अंश छुट्याइदिनोस्, यही उ चाहिरहेकी छ । जुरेको खाएर हामी कहर काटेर बसिरहौंला । तपाईं-हरूलाई त केही सुन्न पर्दैन । आनन्दै छ ।

विपुला

(रुंदै क्रोधको आवेशमा आएर) यहींका यहीं, मुख अगाडि, नै कस्तो झुठ्ठा कुरा भन्न सक्नु भएको । कहिले मैले यी सब कुरा भर्ने । अशको नाममात्र लिएको भए पनि आजको रात नकाटोस ।

भामती

(रिसाए) खूब चिन्हेकी छु तँ राँडीलाई मैले, नभन्ने पनि होस् तँ । आएर पाँचै महीनामा ससुरा खाइसकिस्, देवर टोकि सकिस्, पोइलाइ पोलिसकिस्, अझ ककसलाई खान भोकाएकी छस् राँडी । सधैं एकजना न एक जनाले बिरामी

Digitization by Arya Samaj Charitable Foundation, Chennai

कहिल्यै खाली नहुने भैसक्यो ? सत्यानाशी, मेरो स्वर्ग जस्तो घरलाई मसान पारिसकिस् ! के के गर्ने र पार्ने अझ तेरो इच्छा छ ? तेरो चिन्हा हेर्ने जोतिषलाई अझसम्म छेराउटीले छोएको पनि सुन्न पाएको छैन ।

विपुला

[सुक् सुक् रुँदै आँचलले आँसु पुछ्छिन् ।]

मामतो

मेरो त्यत्रो चकचके घरलाई शून्य पारिसकिस् , त अल्छिनीले कुल्चेदेखि मेरो घरकी लक्ष्मी भागिसकिन्, सारा चहलपहल गइसके । तँलाई र तेरो छोरोलाई हामीले के कुरामा मारेका छौं ? के बराबर गरेका छैनौं ? भन् राँडी ! पाँच शयमा बेचिएर आएकीको कत्रो सेखी !

विपुला

मैले के भनेकी छु तपाईं हरूलाई ! भए- नभएको निहु थापेर मलाई के गर्ने मनसुवा छ तपाईंहरूको ? निमुखा भएँ , भन्दैमा चुकनबिराम त्यसै त्यसै मनपरी भन्न पाइँदैन मन नपर्नेले के भन्छ के भन्दैन ।

चम्पाकुमारी

(रीसले चूर भएर) मैले नभएकी कुरा गरेर के चुक्ली गरेकी छु ए तेरो ? भन्दाखेरि आँखाले देख्दैन ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

विपुला

मैले के भनेकी छु र त्यतिका झुट्टा बोल्न कति नडराउनु भएको ।

चम्पाकुमारी

मनपीर नबोल राँडी ! भूइँमा खुट्टा छैन पाँच शयमा बेचिएर आएकी कमारीको ।

विपुला

लौ देखाइदिनोस् पाँच शयमा बेचिएर आएकी ? जथाभावी बोल्नपाइँदैन !

भामती

(चण्डी चेहरामा) मुख च्यातिदिन्छु राँडीको, बर सासु जेठानीहरूसँग मुखलाग्ने ? यही हातले खन् खन् खन् गनेर दिएको राँडी, तेरी आमासँग सोध्नजा ! भैरे मरेको छैन बुझाएर आउने । भूस देख्न नपाएकीले भकारी देखिस् भूइँमा खुट्टा छैन ।

विपुला

[हुं हु गर्छिन्]

वटु

किन लोपको आमा ?

Digitization by Arya Samaj Charitable Foundation, Chennai

[फटफटाउँदै भामती र चम्पाकुमारी जान लाग्छन्]

बटु

आमा चुनु गयो ।

विपुला

(आँसु पुछ्दै) अबदेखि चुनुलाई यहाँ लिएर नआ है बा (लामा सुस्केरा लिँदै) हाम्रो दिन लागेको छ !

बटु

नाइँ, म चुनुलाई ल्याउँछु ।

विपुला

[लामो-लामो सुस्केरा लिँदै, आफ्नो आचलले आँसु पुछ्दै फेरि बटुको भोटो टाल्न थाल्छिन्]

[बटुलाई भनी जङ्गीसेल २ पातमा पोको पारेर विपुलाकी आमाको प्रवेश]

विपुलाकी आमा

(काखमा बटुलाई लिएर जङ्गीसेल दिँदै) किन विपुला तिमी रोइरहेकी देखिन्छयौ ?

विपुला

[केही पनि नभनीकन आँचलले आँसु पुछ्दै रोदन रोक्न खोज्छिन् ।]

Digitization by Arya Samaj Charitable Foundation, Chennai

विपुलाको आमा

भनन विपुला, किन रोएको ? घरमा झगडा-तगडा भयोकि ?

विपुला

[केही उत्तर दिइनन्]

विपुलाको आमा

मेरो कुरा मान विपुला, कति तिमी यसरी दुःख भोगेर निर्वाह गछर्यौं ? फेरि आइरहेछन्, के जवाफ दिउँ विपुला ?

विपुला

[झन् सर्र्र् आँसु चुहाउँछिन्]

विपुलाको आमा

मैले हेर्दाखेरि त हुन्छ ।

विपुला

(रिसको भावमा) हुन्छभने गर्नुस् न त तपाई नै ।

विपुलाको आमा

मैले पनि त पुनर्विवाह गरेकी हुँ । सौता र सौतिनी सन्तानको पीर भन्नु छैन; न खान-लाउनको दुःख छ भन्नु छ, त्यत्रो धनसम्पतिमा जानासाथ आफैले रजाई गरी खटन-पटन गरेर मालिकनी बन्न पाउने, फेरि भारी राम्रो र लायक

Digitization by Arya Samaj Charitable Foundation, Chennai

भएर पनि नवजवान छन । मैले भनेको मान । आमाले पनि आफ्नी छोरीको कुभलो कुरा कहिल्यै गर्ला ?

विपुला

(क्रोधान्वित भावमा) अँ, खूब माया गर्नुभएको छ आमाले मलाई ।

विपुलाको आमा

होइन नानी, लाजको कुरा केही छैन, नचलेको चलन पनि होइन । भला, तिमीलाई यहाँ अरू-अरू कुराले मात्र सुख-संतोष भएपनि एउटा कुरा, फेरि दिनौं सासू-जेठानी-हरूको घोच-पेच सुनी आंसुभात खानु छ, दिनौं छेड-छाड सुनी तलवारको धारमा हिड्नु छ, एक दिन होइन, दुई दिन होइन ।

विपुला

पहिले नै मलाई ठूला र धनी घरमा किन विहे गरिदिनु नभएको त ?— यस्तो गरीव घरमा के म आफ्नखुशी पोइल आएकी हुँ ?

विपुलाको आमा

[विपुलाप्रति क्रार्क्रार्ती हेरेर टोलाइरहन्छिन् ।]

विपुला

के मैले यहीं आउँछु भनेर जिद्दी गरेकी थिएँ ?

Digitization by Arya Samaj Charitable Foundation, Chennai

विपुलाकी आमा

के गरूँ, तिम्रो नसीबमा यही लेखेको रहेछ ।

विपुला

तपाईंसित मैले के उजूर गरेकी छु त ?—मलाई आफ्नो यही नसीबमा संतोष छ । के तपाईंलाई मैले दोष दिइरहेकी छु ?

विपुलाकी आमा

तर, विपुला, स्वास्निमानिसलाई स्वामीविना दुनियामा कहीं ठाउँ हुँदैन, कुना-काप्चो पनि त्यसको निम्ति काँढाले भरेको हुन्छ ।

विपुला

हो, स्वास्निमानिसलाई लोग्नेविना दुनियामा कहीं ठाउँ छैन, कतै बाटो छैन । यो म खुद अनुभव गरिरहेकी छु, तर म स्वामीको नाउँमा, उनको संझनाको डुङ्गामा बसेर बडे-बडे समुद्र पनि पारगर्न सक्तछु, दुनियामा मेरो ठाउँ खोस्ने अपमान-तिरस्कार गर्नेहरूसित पनि म बस्न सक्तछु, काँढामाथि हिंडेर पनि म आफ्नो जीवन निर्वाह गर्न सक्तछु ।

विपुलाकी आमा

तिमी जिद्दी नगर विपुला ! मेरो भनाइ मान । म तिम्रो दुःख हेरेर बस्नसक्तिन । तिमीलाई ज्यादा बटुको माया

Digitization by Arya Samaj Charitable Foundation, Chennai

भए, पछि वटुले दुःख पाउला भन्ने डर भए वटुको नाउँमा अहिल्यै उनी आफ्नो संपतिको आधा धन लेखिदिन तयार छन्। वटुलाई पनि तिमी साथै लैजानसक्छयौ।

विपुला

(खूब रिसाएर) दलाली भाग कति छ नि आमा ? छोरी नै मिलाइदिने बन्दोबस्तमा त कमिशन निकै नै होला तपाईं-लाई।

विपुलाकी आमा

(क्रोधको आवेशमा हात हल्लाउँदै) के कुरा गरेको विपुला यस्तो ! के मलाई त्यस्तै देख्यौ ? झन् तिम्रै असल कुरा गरें। के सिर्पाउ दिएको यो मलाई ? (दीर्घ निःस्वास लिएर) हरे दैव, कस्तो मलाई ठानेकी ! (रिसले फनक्क घुमेर) तिमीलाई यस्तै दुःख नरक भोगिरहन मनलागे भोगिरहू, मलाई के ? छोरी भएर भलो सल्लाहसम्म दिएकी हुँ। जे सुकै गर तिमी।

विपुला

सब मैले सुनिसकेकी छु। खूब छोरीमाथि भलो चिताउनु भएको छ !—सबैका तपाई जस्तै निःस्वार्थी आमा भए पो।

विपुलाकी आमा

के सुनेकीछ्यौ लौ भन। के मैले तिम्रो उपर स्वार्थ भाव राखेकी छु !-"गुण गर्ने मेरो बानी, गुण गर्दा मेरो हानि" भने झैं पो भो।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

विपुला

(खूब रिसाएर) लाखाको निहुमा (हातले संकेत गरेर) यति हपियाको भाकल गराउनु भएको छ।-त्यही हो छोरीको सम्बन्धमा तपाईंको निःस्वार्थ भाव, गुण गर्ने बानी! (झन् रिसाएर) मेरो मुटु खायो,- सती स्वास्निमानिस यस्तो नालायक कुरा सुनेर बस्न सक्तिन! यस्तो पाप शब्द मलाई, नसुनाउनुहोस्, मेरो कानको झिल्ली फाट्यो, मेरो कलेजा छिया-छिया भयो! (आँसु चुहाउँदै) मलाई यही छाप्रोमा मङ्गल छ, यस्तै दुःख मलाई मीठो लाग्छ! सास्सु जेठानीहरूको पीरमा पनि मलाई शान्ति छ! यो गरीब हालतमा पनि मलाई सान्त्वना छ! त्यस्तो सुख, त्यस्तो ऐश्वर्य, त्यस्तो भोगमा तपाईं नै डुबिरहनुस्; तपाईं नै त्यस्तो स्वर्गमा डुलिरहनुस्! (लकपकाएर) मलाई-मेरो-लोग्नेकै-वियोगमा-वियोगिनी-भई-आँसु-खसालिरहनमा नै-आनन्द-छ; (दाह्रा कर्कराउँदै) उनकै संझनामा दुःखिनी भई रोइरहनु नै मेरो स्वर्ग हो (रुँदै हिकहिकाउँदै) मेरो-छोरा-मेरो-(बटुलाई अंगालेर) यो-बटु नै-मेरो-लोग्नेको-मूर्ति हो,-यसैलाई-हेरेर-म-सुखपूर्वक-जीवन-बिताउन-सक्छु!

विपुलाकी आमा

(निराशित, लज्जित र रीसको भावमा) लौ बसिरहू; त्यही सुखमा।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

[विपुलाको आमाको प्रस्थान । विपुला सुक् सुक् गर्दै रोइनैरहन्छिन् । बटु विपुलाको काखमा निदाइरहन्छ । तेल सकेर दिबिया निभ्दछ । विपुला रुंदै सुस्केरा हाल्दै त्यहीं वसी-वसीकन् बीच-बीचमा उँ ध्दै-उँ ध्दै रात्रि सित निदाइन् । तोप हानिसकेको थियो । पुसको महीना र कृष्णपक्ष भएकोले चाँड़ै सन्नाटा भएर रात बाक्लि-रहेको थियो । भ्यालमा चढ़ेर एउटा युवक पुरुष विपुलाको कोठामा प्रवेश गर्छन् । युवक मानिसको आवाज बराबर सुनाउँछन् । मानिसको आवाज सुनेर विपुला झस्केर डराउँछिन ।]

युवक

(केही नजिक गएर) **विपुला, किन डराउँछेस्, म हुँ म ।**
(विपुला डरले काम्दछिन्) **म, म ।** (डराएर विपुला चिच्याउँदछिन्)
(अंकमाल गर्न खोजेर) **म भने, किन डराउँछेस् विपुला !**

विपुला

(भय र वीरताको आवाजमा) **नछोऊ पापी मेरो आङमा !**

[युवक विपुलाको गलामा हात राख्छन् । युवकको हात झट्कारेर विपुला चिच्याउँदछिन् ।]

युवक

म भने म, विपुला, तिम्रो माधव ।

विपुला

(आश्चर्य भएर) **को ?**

Digitization by Arya Samaj Charitable Foundation, Chennai

युवक

तिम्रो माधव ।

विपुला

['चोर चोर' भनेर अतासिन्छिन्]

[विपुलाको चिच्याहट सुनेर भामती र चम्पाकुमारीहरू विपुलाको कोठामा चियाइरहन्छन्]

युवक

चोर होइन, म हुँ म, (अँगाल्न खोजेर) तिम्रो आशाले तिमी देखी लुब्ध भएर तिम्रो निम्ति मरिरहेको छु। मलाई जीवनदान देउ विपुला ।

विपुला

(युवकको हात झट्कारेर) झट्टै निस्की यहाँबाट हराम, नत्र म तँलाई पक्राएर जेलखानाको बास गराइदिन्छु ।

युवक

(मसिनो आवाज गरेर) म तिम्रो दास भइरहेको छु विपुला ; मेरो कुरा मान ; म अस्ति तिम्री आमाद्वारा तिम्रो पुनर्विवाहको कुरा चलाउने मानिस हुँ ।

विपुला

निस्की, निस्की, यहाँबाट झट्टै, म तेरो एक पनि कुरा सुन्न चाहन्न ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

युवक

सत्ये म उही मानिस हुँ विपुला । म तिमीसित पुनर्विवाह गरेर तिम्रो दास बन्नचाहन्छु । तिमीलाई खुशी राख्नाको निमित्त विपुला, भन, जेपनि मन्जूर गर्नमा तयार छु । तिमीले भनेजति म गहना बनाइदिन्छु; तिमीले भने-भने जस्तो म तिमीलाई राखेर तिम्रो सेवा गर्छु ।

विपुला

त्यस्तो नीच शब्द मेरो कानमा नसुना पापी ! जसरी आइस्, उसै गरी झट्टै यहाँबाट घस्की ।

युवक

त्यसो नभन प्यारी ! तिमीविना म बाँच्न सक्तिन, मेरो रक्षा गरेर धर्म कमाऊ विपुला ।

विपुला

धर्मको नाम लिंदा लाज लाग्दैन तँलाई ! तँ दुष्टसंग बोल्नुसम्म पनि पाप हो । झट्टै निस्की, झट्टै, म तेरो छायासम्म पनि हेर्न चाहन्न ।

युवक

(बल जफतले दुवै हातले समाएर) म तिमीलाई छोड्न सक्तिन, म तिम्रो निम्ति ज्यान फ्याक्न पनि तयार छु ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

विपुला

[विपुला जोरसित चिच्याउँ छिन्]

युवक

तिम्रो निम्ति, तिम्रो प्रेमको निम्ति मैले आफ्नो प्राणको मूल्य हातमा लिएर आएको छु विपुला !

विपुला

[विपुला चिच्याइ नै रहन्छिन्]

युवक

म आफ्नो इच्छा नपुऱ्याईकन तिमीलाई किभार्थ छोड़-दिन, अथवा (खुकुरी झिकेर) तिमीले यही खुकुरीबाट टुका-टुका हुनुपर्ने छ, मफतमा रानी जस्ती भएर बस्न पाउने सुखमय जीवनलाई हातबाट नगुमाऊ, मेरो कुरा सुन ।

विपुला

[खुकुरी खोस्न खोज्दछिन्]

युवक

(खुकुरी माथि उठाएर मन्द मुस्कानमा) लोग्ने मानिसको बलअगाडि पनि स्त्रीस्नि मानिसको केही लाग्छ ? (जोशको आवेश लिएर) दुई कुरामा आज म एक अवश्य गरेर जान्छु : कि त म आफ्नो इच्छा पुऱ्याएरे जान्छु, कि यही खुकुरीले तिमीलाई सकेसम्म दुःख दिई-दिईकन मार्छु ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

[नेपथ्यमा भामतीहरू झन् ध्यानी भएर चियाउँ दछन । विपुला जोर–जोरसित चिच्याउँ छिन् ।]

युवक

(विपुलाको मुखमा कपडा ठुस्न खोज्दै खल्तीबाट देब्रे हातले हीराको इयरिङ्ग र चन्द्रहार झिकी देखाएर) **हेर, मेरो कुरा मान, रानी बन्न छोडेर किन मुफतमा ज्यान गुमाएर प्रेत बन्न चाहन्छौ ?**

विपुला

(अगाडि परिरहेको अंखोराले हिड्काएर) **झट्टै भाग यहाँबाट नरपशु, तिम्रो खुकुरी देखेर डराउने आइमाई होइन म ।**

युवक

(दुवै हातले खुकुरी उचालेर) **लौ, मान्ने भए मानिहाल, नत्र म तिमीलाई मारेर मर्न तयार भएँ ।**

विपुला

पर्ख, पर्ख, एकै छिन पर्ख, म तिम्रो कुरा सुन्दछु ।

[सिन्हानमुनि हात पसारेर केही मुखमा हाली जोरसंग चिच्याउँ दछिन्]

युवक

त्यो के मुखमा हाल्को ?

Digitization by Arya Samaj Charitable Foundation, Chennai

विपुला

विष ।

युवक

विष !

विपुला

विष ! मेरा लोग्नेसित भेट्ने बूटी ! अनि म मरेर तँलाई ज्यानमारा सिद्ध गर्ने जुक्ती ।

युवक

विपुला ! विपुला ! उकेल त्यो विष !

विपुला

(झिनो स्वरमा) पापिष्ठ, तेरो अवाज नसुना अब, म भगवन्‌को नजिक पुग्दै छु, मेरा स्वामीकहाँ जाने वेला मलाई अपवित्र अवाज नसुना ।

युवक

विपुला !-मेरी विपुला ! मलाई माफ गर !-म भूलमा, ढूलो धोखामा परें ! -म त्यो माधव होइन ,-तिम्रै स्वामी सतीश हुँ ।

विपुला

मेरा स्वामी ! सतीश !- मलाई धोखा !- स्वप्नमा पनि न कल्प ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

युवक

साँच्चै हुँ विपुला, म तिम्रै स्वामी सतीश हुँ ।

विपुला

[आँखा फन्फनी घुमाएर हेर्छिन्]

युवक

(अतांसेर) विपुला ! विष उकेल !- विष उकेल भने, साँच्चि म तिम्रा स्वामी सतीश हुँ । मलाई माफ गर, तिम्रो सतीत्व जांच्नालाई मैले यो लीला रचेको हुँ, मलाई संसार चिन्ने खूब लहड भएकोले मैले यो काम गरेको हुँ । तिमी स्फटिक जस्तै निर्मल रहिछ्यौ ।

[खल्तीबाट ऐना झिकिराखेको टर्चलाइट झिकेर बाल्दछन्। ढोकाबाहिर भामतीहरू ठूलो आश्चर्यमा पर्दछन्]

विपुला

[केही जवाफ आउँदैन]

सतीश

विपुला !-विपुला!-मेरो!-विपुला !

[सतीश घोप्टो परेर रुन्छन्। बाहिर ढोका धच्धच्याउँदै भामतीहरू चिच्याउँछन्। सतीश मूर्च्छा पर्छन्। केही छिन पछि मूर्च्छाबाट जुरुक्क उठ्दछन्। अनि बर्बराउँदछन्।]

सतीश

विपुला !- पर्ख, मलाई बाटोमा पखिराख, म पनि

Digitization by Arya Samaj Charitable Foundation, Chennai

तिमीसंग आउँछु !-मैले आफै आफ्नो खुट्टामा बंचरो हानें । विपुला ! मैले तिमीलाई चिन्न नसकेर तिमीलाई गुमाएँ ।

[भामतीहरू चिच्याउँदै ढोका फोन खोज्दछन् । सतीश बाहिरको आवाजप्रति खूब झोक्दछन् :- नकरा, अब मलाई कसैको अवाज नसुना । भामतीहरू ढोका फोरेर भित्र पस्तछन् ।]

भामती

(विपुलातिर दगुडेर) सतीश !-सतीश !-तिमीले यो के गरेको ?

सतीश

(रुन स्वरले) मेरो विपुलाको पवित्र लासलाई छोएर नअग्ल्याउनुस् ।(भामती विपुलातिर छुन पुग्छिन् । सतीश दगुड़ेर भामतीलाई छुन दिंदैनन्) मेरो अगाडिबाट दूर जानुस् । (लक्क पकाउँदै) अब-म-तपाईको-छोरा-होइन ! मलाई-संसार-चिन्ने-इच्छा-भयो,-मृत्युको-अफवाह-द्वारा-संसारलाई-मैले-चिनिसकें-आमालाई-चिनें-दाज्यूलाई-चिनें ! -भाउज्यू-चिनें ! -सब चिनें अब-यो-स्वार्थको-संसारमा-एक-छिन-पनि-बस्न-चाहन, म-नहुँदा-मेरो-विपुलाले-संसारमा-कुना-काप्चीको-पनि- ठाउँ-पाइन,-अब-मेरो-विपुला-विना-पनि-मेरो-लास्तै-घृणा-होला । अब-म-उसकै-पीछा-लागेर-जान्छु !-(खुकुरी उठाएर) अब-म-यही-खुकुरीले-सेरेर विपुलाकहां-जान्छु !

[सेरिनखोज्छन् भामतीहरू सब चिच्याएर सतीशसित खुकुरी खोस्न खोज्छन् । विपुला जुरुक्क उठ्छिन्]

Digitization by Arya Samaj Charitable Foundation, Chennai

विपुला

सतीश ! सतीश !

सतीश

(खुकुरी जमीनमा फ्यांकेर आश्चर्यले) विष उकेलिसक्यौ विपुला ?

विपुला

मैले विष खाएकी छैन । बहनामात्र गरेकी हुँ ।

[विपुला बाहिर जानखोज्छिन्]

सतीश

अब कहाँ विपुला ?

विपुला

मेरो जहाँ जान मन लाग्छ, वहीं जान्छु, अब तपाईंको अधिकार र सीमामा बाँधिएकी छैन, मेरो बारेमा तपाईंलाई केही हक छैन ।

सतीश

(पश्चातापको भावमा) विपुला !

विपुला

ममाथि तपाईंको यहाँसम्मको अविश्वास ! यत्रो शङ्का! मैले त तपाईंलाई केही शङ्का गरेकी छैन, जतातते स्वतन्त्रता-

Digitization by Arya Samaj Charitable Foundation, Chennai

संग छाडिराखेकी थिएँ । मेरो पनि तपाईंमा आधा हक छ । हामी स्वास्निमानिसउपर तपाईं पुरुष जातिको शङ्का गर्नसम्मको पनि अधिकार छ !

[जुत्ता लाएर, पडाकपडाक भन्याङओर्लेन्छिन्]

सतीश

कहाँ जान्छयौं त विपुला ?

विपुला

(भन्याङमा अडेर) म जहांसुकै जाउँ तपाईंलाई के वास्ता ? मेरी आमाले मलाई अर्कैसंग पुनर्विवाह गरिदिने रे, मेरो खुशी भए शायद म उनैकहां पनि जान सक्छु ।

सतीश

(भन्याङमा दगुरेर विपुलाको हात समाईकन) पख, पख, मेरो कुरा त सुन विपुला ।

विपुला

अब म तपाईंको आज्ञामा पर्खनसम्मको पनि पराधीन छैन।

[सरासरै भन्याङ् ओर्लेन्छिन्]

[भामतीहरू सबै जिल्लेर विपुलातिर हेरिरहन्छन्]

सतीश

(पछि-पछि जान खोजेर) विपुला ! विपुला !

विपुला

(हिंडदा हिंड्दै) सुन्नाको सम्म पनि अब म पराधीन छैन ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

मलाई विश्वास छैन, तपाई एउटा मैले चिताए जस्तै सज्जन हुनुहुन्छ, मलाई पनि तपाईमाथि शङ्का छ। तपाईको जांचको निम्ति म जेपनि गर्न सक्छु

[यति भनी विपुला भन्याङ ओर्लन्छिन्। तर २ खुड्किला पनि ओर्लन पाएकी छैनन्, सतीशले समातेर रोक्छन्]

सतीश

(आउन खोजेको आँसु लाई रोकी रुन्चे भावमा) मैले भूल गरें विपुला !- अब मैले फेरि त्यस्तो भूल कहिल्यै गर्ने छैन।

विपुला

(रुँदै आँचलले आँसु पुछ्दै) तपाई लोग्नेमानिस हुनुहुन्छ; जेपनि गर्ने तपाईको हक छ।

[विपुला बर्वर्ती आँसु चुहाएर रुन्छिन्। सतीश पछुतोको भावमा टोलाइरहन्छन्।]

पटाक्षेप

१५, जेष्ठ, '०२।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

Digitization by Arya Samaj Charitable Foundation, Chennai

तीन उरन्ठेउला

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पात्र-परिचय

हजाम—एउटा उरन्ठेउला युवक हजाम; वर्ष २०।
पहिलो युवक—एउटा हरिलट्ठक पट्ठो; वर्ष १७।१८।
दोस्रो युवक—एउटा बढे चढेको लटुक्रास पट्ठो;वर्ष १९।
पुलिस— एउटा रामदल पुलिस; वर्ष ३०।
दोस्रो हजाम— एउटा अधवैसे हजाम; वर्ष ४०।

यो नाटक दरबार हाई स्कूल नवौं कक्षाको २००६ सालको सरस्वती-पूजाको उपलक्ष्यमा अभिनय भइसकेको छ। यसको पाठ गन अभिनय-कलाकार निम्नलिखित विद्यार्थी-हरू हुन्:—

श्री यादवराज खनाल : हजाम।
श्री देवप्रसाद सेनगुप्त : पहिलो युवक।
श्री केशवराज भट्टराई : दोस्रो युवक।
श्री शमशेर बहादुर बिष्ठ : पुलिस।
श्री सूर्यनाथ सुवेदी ; दोस्रो हजाम।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

तीन उरन्ठेउला

समय—बिहान ८॥ बजे ।

स्थान— बुद्धसडक ।

[पुस महीना, छाना बाटो सबै सेताम्मे, कुइरोले केही पनि देखिंदैन । सडकमा कसै-कसैको मात्तै पसल खोलिएका छन् । नेपाली दौरासुराल-माथि क्वोट र टाउकोमा गांधी टोपी लाएको करीब २० वर्षको कालो एउटा हज़ाम आफ्नो पसल खोली सडकतिर हेरिरहन्छ । पसलमा दुइटा मेच छन् । भित्तामा एउटा खापा नभएको दराजमा हजामत बनाउने सामानहरू रहेका एउटा छालाको बेग, एउटा माटोको भुड्को र एउटा अंखोरा राखिएका छन् । मेचमुनि रौं थुप्रिएको छ । पसलका दुवै कबलमा कोतापौ नम्किकी भयालमात्तै खोलिएका हुन्छन् । त्यहीं लाइ-राखेको कोतापौमा पेट अडाएर हजाम दायां-बायां टाढा-टाढासम्म हेरि-रहन्छ । सस्तो नैनकिनाठको सुरुवाल, छातीखोला कलर भएको एउटा सेतो टुैलको बाहुकट्टा कमीज र पुरानो तथा मैलो गाईघिउ रंगको छालाको पंज़ा दुवै हातमा लाएका एउटा १७।१८ वर्षका पट्ठो जबर्दस्त संग आङ खुम्चाउन नखोजीकन आइरहन्छन् । उनको कोरिराखेको कपालले हजाम खोजेर हिड़ेको ज़स्तो देखिन्छ । उनको दारी कटाइ आक्टर कटमा छ । तर खौरिराखेको भागमा पनि दारी जुंघा बढिरहेको

Digitization by Arya Samaj Charitable Foundation, Chennai

हुनाले हजामले बोलाउन लायकको देखिन्छ । बटुवा आफ्नो पसलनिर आइपुग्नासाथ तिनीसित हजाम बोल्नलाग्छ ।]

हजाम

ओ दाइ, कपाल काट्छ ?

बटुवा

(हजामको मुख हेरी) के तुम हजाम है ?

हजाम

हो, हो, हजाम हो ।

बटुवा

कति पैसा लेगा पहिला बोलो ।

हजाम

अरे उपर त आउनोस् दाइ, उपर, देखो जाडा भी कति छ ।

बटुवा

(माथि आएर) बोलो कति लेगा ?

हजाम

अरे मेचमा त बैठनोस् !

(बटुवा मेचमा बस्तछ) अरे, तपाईलाई जाडा नही लाग्छ दाइ !

Digitization by Arya Samaj Charitable Foundation, Chennai

बटुवा

जाडा लागा त कोट ही लाएगा नि, दो दोवटा त मेरो ओभर कोट नै है।

हजाम

ऐसा जाडामा किन नला'को त ओभर कोट दाइ, वैशाख-जेठमा लानेका ओभर कोट हो कि तपाईका।

बटुवा

(अलि रिसाएको भावमा) अरे ठट्टा करता है तुम?

हजाम

(हाँसो रोक्न खोज्दै) ठट्टा क्यौं गर्छे दाइ, जाडा छ बहुत, इसीलिए ओभर कोट क्यौं नला'को भनेकोछ। पंजा त लगा'को छ तपाईले।

बटुवा

बहुत लेखना है यसैले पंजा लाया है, नत्र तो हात बहुत थिराएगा। ओभरकोट त जन्त जाएगा तो, बाहिर घुम्न जाएगा तो लाएगा।

हजाम

(हाँसोलाई खूब रोकेर) ओ, मलाई ऐसा मालूम नभया दाइ। अच्छा, तपाई कौन किसिमका कटमा कपाल काट्नुहोगा दाइ?-अंग्रेजी कट कि बंगाली कट?

Digitization by Arya Samaj Charitable Foundation, Chennai

बटुवा

कौन राम्रो होगा ?

हजाम

दोनों राम्रो छ।

बटुवा

तब अंग्रेजी कट नै काट देना। उसको मोल कितना लेगा ?

हजाम

आठ आना।

बटुवा

और बंगालीका ?

हजाम

छः आना।

बटुवा

अच्छा, अंग्रेजी कटमा काट् दो।

[हजाम कपाल कत्रिरहन्छ। चुरोट खाँदै आएका एउटा अर्को युवकको प्रवेश। सेतो पतलून, ब्रूसकोट अर्थात् बाहुकट्टी कोट, घाँटीमा लगौंटी जस्तो एउटा सानो गलबन्दी र दुवै हातमा पंजा लाएका छन्। कोटको खल्तीमा एउटा फोन्टेन सिउरिराखेको छ। नाडीमा घड़ी लाएको छ]

दोस्रो युवक

कपाल बनाइदेऊ ?

Digitization by Arya Samaj Charitable Foundation, Chennai

हजाम

हुन्छ, वस्नोस् दाइ मेचमा।

दोस्रो युवक

मलाई फुर्सद छैन ! मलाई नै पहिले बनाइदेऊ।

पहिलो युवक

कस्तो जङ्गली कुरा गर्नु हुन्छ तपाई, देख्नु भएन कपाल बनाइरहेको ?

दोस्रो युवक

तपाई जङ्गली कुरा गर्नुहुन्छ, तपाईसित मेरो के सरोकार? सित्तै कत्राउन आएको होइन, पैसा दिन्छु, कत्राउँछु, जान्छु, तपाईलाई के ?

पहिलो युवक

मसित्तै सित्तै कत्राउन आएको देख्नुभो ?–अलि सह्रालेर बोल्नुहोला।

दोस्रो युवक

(अलि जङ्गिएर) तपाई सह्रालेर बोल्नुहोला मलाई सिकाउन पर्दैन।

हजाम

(दुवैलाई सम्झाएर) अरे, तपाईहरू नाहकमा क्यौं लडाई गर्नु हुन्छ ?–तपाईहरू दोनोलाई पाला–पालामा काढी ही दिन्छु।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

(दोस्रो युवकसित) कहिनुस्, कस्तो कपाल बनाना छ, अंग्रेजी कट छ कि बंगाली कट ?

दोस्रो युवक

अंग्रेजी होइन, बंगाली कट। मोल कति ?

पहिलो युवक

(हजामदेखि अलि रिसाएर) अरे क्यों चुप होरहा, बनाउँदै जाओ।

हजाम

(पहिलो युवकप्रति) खतम त होनलाग्यो। (दोस्रो युवकसित) आठ आना।

दोस्रो युवक

कुन चाहिको बढता दाम लाग्छ।

हजाम

बंगाली कटमा दो आना त बढता हो।

पहिलो युवक

(हजामसित रिसाएर) अरे तुम तो बडो बेकूफ है, मैंसे दुई आना क्यों बहुत लिया ?-मैंसे कहा था अंग्रेजी कटका आठ आना और बंगालीका छः आना, उससे कहा बंगाली कटका ८ आना और अंग्रेजीका छः, देख हम,आठ आना नहीं देगा, ऐसा पनि अन्याय बोल्नु होगा।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

हजाम

जुन चाहे छ उसको मोल आठ आना यहाँ मेरो पसलको दर छ, दाइ।

दुवै युवक

(एकै स्वरमा) तब छः आना?

हजाम

जो तिम्रो खुशी बनाउ कहे छ भने त्यसको मोल मात्रै छ आना।

दोस्रो युवक

भैगो, भैगो लौं, आठैआना भो, तर अहिले तुरन्तै बनाइ-दिनुपर्छ, बसिरहन एक छिन पनि फुर्सद मलाई छैन।

पहिलो युवक

(अलि कडकेर) तपाई मानिस हो कि को? आंखा छैन तपाईको बनाइरहेको?

दोस्रो युवक

(दरो भएर) तपाई मानिस हो कि पशु? तपाईको आँखा भएपछि त भैगो, अरूको तपाईलाई के वास्ता? तपाईले मसित बोल्न आउनाको के मतलब? पैसा दिन्छु, कत्राएर जान्छु, तपाईसित के मतलब?

Digitization by Arya Samaj Charitable Foundation, Chennai

हजाम

(अलि संझाएर राँ कत्राउँदै) सबूर गर्नुस् बाबुसाहेब, सबूर ।-५ मिनेटमा त सिधि ही जान्छ ।

पहिलो युवक

(दोस्रो युवकप्रति आंखा तन्केर हरीकन) तपाईमात्रै पैसा दिएर कत्राउने ?-हामी सित्तै ?-पैसाको धाक नछोडनुस् साहेब हामीसित ।

दोस्रो युवक

(रवाफसित)चाहे पैसादिएर कत्राएस्, चाहे खैरातमा, तेरो कुरा हामीलाई के वास्ता ? आफ्नो पैसाको धाक गर्छौं, रवाफ गर्छौं,तँलाई कपाल दुख्नु किन ?

पहिलो युवक

(हजामत बनाइरहंदा-रहंदै मेचबाट जुरुक्क उठी) साले, तं तं नभन् त्यसै, मानिस चिनेर कुरा गर् ।

हजाम

(दुवैलाई संझाएर) तपाईहरू केन मोफतमा लडाई गर्नुहुन्छ दाइहरू, मो दुइनैलाई काटिदिइनिहाल्छ । (पहिलो युवकलाई बसाउन खोज्दै) तपाई भलादमी ... ।

दोस्रो युवक

त्यसै 'साला, साला' नभन् चुटिया अर्कालाई, तेरी दिदी उडाइराख्या' छैन मैले ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पहिलो युवक

मेरी दिदी लग्या भए, तँ किन हुन्छस्, म हुन्छु साला, साले !

[दोस्रो युवक र हजामसमेत खर्र् र हाँस्छन्]

पहिलो युवक

[खूब रिसाएर] हेप्छस् त मलाई साले ।

[लडन् अगाडि बढ़ेर दोस्रो युवकतिर पुग्छन्]

दोस्रो युवक

(लड़ाका फागे भेंडा झैं सुरिएर) कुश्ती लड्न परे पनि तँदेखि हट्ने देखिस् साले, अहिले माटो खुवाइदिउँला साले तलाई !

पहिलो युवक

(दोस्रो युवकको कठालो समातेर) लौ आ त साले !

हजाम

(पहिलो युवकलाई तानेर) ओहो, तपाई त्यस्तो भलादमी होएर लडाई करना हुन्छ बाबुसाहेब, बात त सुन्नुस मेरो ! (पहिलो युवकसित कानेखुसी गरेर दोस्रो युवकप्रति) लौ आउनुस बाबुसाहेब, तपाई कै ही बनाइदिन्छु (पहिलो युवकको पिठ्यूँ सुम्स्याएर)हमारो यह बाबुसाहेब बडा अच्छा भलादमी है ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

दोस्रो युवक

(मेचमा बसी पहिलो युवकप्रति मौन शान देखाउँदै) **खुब राम्रो बनाइदे !**

हजाम

(मेशिन चलाउँदै) **अच्छा, अच्छा हुन्छ ।**

[हजाम रौं कत्राइरहन्छ । पहिलो युवक कमीचको खल्तीबाट एउटा सानो ऐना झिकेर गर्दन फर्काई-फर्काईकन आधा सिध्याएर छोडिराखेको कत्राई हेरिरहन्छ । दोस्रो युवक ऐना हेर्दै रवाफिलो र शानदार मुद्रामा बस्ने चेष्टा गरिरहन्छ ।]

पहिलो युवक

(हजामसित नाडीमा घडी हेर्दै) **ओहो, ९ बजिगया है, मेरा ही नि सिधिया दो, मैको बडा अबेर हुआ है ।**

दोस्रो युवक

(पहिलो युवकतिर फर्की रातो-रातो आंखा गरेर) **तँ मसित साँज गर्छस् ?**

पहिलो युवक

(लडाकाबाज़को मुद्रामा अकडेर) **तेरो साँज गन इच्छा छ भने तं जस्ता भुसुना पट्टासित हट्ने बहादुर देखिस् हामीलाई ?**

दोस्रो युवक

(मेचबाट जुरुक्क उठेर) **लौ आ, आज तेरो च्यापु नफोडी छोड्दिन ?**

Digitization by Arya Samaj Charitable Foundation, Chennai

हजाम

(समाएर मेचमा बसाउन खोज्दै) बाबुसाहेब होएरपनि तपाई हरू यस्तो लडाई करनु हुन्छ ? (पहिलो युवकतिर हेरी) अब ५ मिनेटमा त सिधि ही जान्छ ।

पहिलो युवक

(हजामसित रिसाएको भावमा) उसको आधा बाँकी राखकर फेरि मको बनादेगा बात भनकर मैंको कानेखुसी किया नहीं तुमने ? अब मैंको नि बनादो ।

दोस्रो युवक

(हजामसित) हेर, यस्तो बेकाइदा गरिस् भने तँलाई गर्न थाह छ ।

पहिलो युवक

(दोस्रो युवकतिर हेरेर) अगि मेरो बनाइरहंदा नि, मलाई नै पहिले बनाइदेऊ भन्न पाइन्छ ?

दोस्रो युवक

अगि हजामको घांटी समाएर आफ्नो सिध्याउन लाउने तेरो बुद्धि के सुंगुरसंग गुहु खान गैरहे को थियो र अहिले तेरो आंखा खोल्यो ?

पहिलो युवक

(दौडेर कठालो समात्दै) के भनिस्, फेरि एक चोटि भन त ?

Digitization by Arya Samaj Charitable Foundation, Chennai

हजाम

(दुवैलाई सँघाएर) अरे बाबुसाहेब तपाईंहरू ऐसा भलादमी होएरपनि लडाई करनु हुन्छ (पहिलो युवकतिर हेरी) अब ५ मिनेटमा सिधि ही जान्छ।

पहिलो युवक

आगे मैंसे कानेखुसी किया न उसको आधी बाँकी राखकर मैंको बनादेगा ? वैसाही करोन अब।

हजाम

अच्छा, अच्छा, हुन्छ !

दोस्रो युवक

(हजामसित) हेर्!

हजाम

सिधि ही हाले सिधि ही, चुप बस्नुस् बाबुसाहेब, चुप ! (पहिलो युवकप्रति) अब ५ मिनेटमा त सिधि ही जान्छ बाबुसाहेब , बरु जरा कुछ छिन बाहिर टहलेर आउनुस्न बाबुसाहेब !

पहिलो युवक

(रिसाएर) ऐसा आधा बाँकी राखकर कैसा बाहिर टहलन जाएगा ?

[दोस्रो युवक र हजाम दुवै एकै चोटि हाँस्छन्]

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पहिलो युवक

(खूब जोरेर) तिमीहरू मेरो हंस्सी उडाउँ छौ सालेहरू !

[हजाम खँखार थुक्न जानखोज्छ]

दोस्रो युवक

(हजामलाई समाएर अनौठो मुख मुद्रामा) मेरो नसिध्याईकन म छोड्दिन तँलाई ।

[पहिलो युवक खिर्र्र हाँस्छ]

हजाम

(हाँसोलाई रोक्न खोज्दै) अरे खँखारलाई पनि खाने बाबु साहेब, थुकेर तपाईको ही सिध्याउँछ मैले ।

दोस्रो युवक

(हजामलाई छोड़ेर) हेर्, उसको बनाउन थाल्योभने तँलाई गर्ने थाह छ ।

[हजाम हाँस्दै थुक्न जानखोज्छ]

पहिलो युवक

(हजामलाई तानेर दोस्रो युवकप्रति हेरेर) लौ के गर्छस् तं ?

(हजामप्रति हेरेर) लौ मेरो नै बनाइदेऊ, उसको बाबुको ताकत पनि हेरिहालुँनि ।

दोस्रो युवक

(पहिलो युवकलाई लात हानेर) लौ मेरो बाबुको तागत यही हो साले !-बाबु हुर्काउने भएका साले !

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पहिलो युवक

(दोस्रो युवकको टुपी समाएर लात हान्दै) **तेरो ज्यान नलिई-कन छोड्दिन आज साले, मानिसै चिनेको छैनस् तैंले !**

हजाम

(हडबड़ाएर दुवैको बीचमा पसी छिन्न खोज्दै खँखार मुखैमा राखेर) **बाबुसाहेब होएरपनि** (दोकान भित्र खँखार थुकेर) **तपाईं हरू यस्तो मारामारी गर्नुहुन्छ ?**

[हजाम बीचमा बसेर छिन्न खोज्छ । दुवै युवक परस्परमा हातले मुख र टाउको र लातले तिघ्रा र कमर ताकी-ताकीकन 'लौ साले, लौ साले !' भन्दै भकाभक हानिरहन्छ । बीच-बीचमा हजाम आफूलाई लागेर 'मरिगइल रे दादा, मरिगइल' भन्दै चिच्याउँछ । पसलनेर मानिस-हरू २।४ जना जम्मा हुन्छन् । पहिलो युवकको नाकबाट रगत भलभलै निस्कन्छ । दोस्रो युवक पिटिरहन्छ । पहिलो युवक पिट्नमा गल्छ । अनि "पहिले रौं कत्राउन आएको म होइन, मलाई उस्तै राखेर तेरो बाबुलाई नै किन कत्राइदिएस् ?" भन्दै हजामलाई पिट्न पुग्छ । दोस्रो युवकले फेरि पनि पहिलो युवकलाई "चिनिस् मानिस साले !" भन्दै पिट्न जाइलाग्छ । अनि पहिलो युवक रुँदै ढुङ्गा इँटा खोज्न तल ओर्लन्छ । भर्खर गोब्राइराखेको गोबर लिएर पहिलो युवकले दोस्रो युवक र हजाम दुवैलाई मुख-मुखैमा हान्न थाल्छ । दोस्रो युवक तल गएर "अम्म मानिस चिनेछैनस् साले !" भन्दै उसले पनि गोबरले हानेर फेरि पिट्न जान्छ । मुखभरी गोबर गरी "थू थू" गर्दै दुवैलाई छिन्दै "गुहार, पुलिस

Digitization by Arya Samaj Charitable Foundation, Chennai

गुहार, मारामारी भइरहेछ पुलिसदाइ, गुहार" भन्दै चिच्याउन थाल्छ। मानिसहरू जम्मा हुनथाल्छन्। पुलिस पनि आइपुग्छन्। तिनैजनालाई समात्छन् र थानातिर लैजान तान्छन्।]

पहिलो र दोस्रो युवक

(एकै स्वरमा) पुलिसदाइ, रौं एकचोटि कत्रन सिध्याउन दिनोस्!

पुलिस

ठानाभित्र कत्राएस् रौं बजियाहरू!

[पुलिस तिनैजनालाई धोक्रयाइनै रहन्छन्।]

हजाम

(निन्याउरो मुख गरेर) मुख एक दफे नै धुन दिनोस् पुलिस दाइ!

पुलिस

(धोक्रयाउँदै) ठानाभित्रै धोलास् मुख पनि!

हजाम

(हात जोड़ेर) दूकान बन्द गर्ने तो पाइजान्छ हजूर!

पुलिस

(उपेक्षाको भावमा) लौ झट्टै बन्द गरेस्।

[हजाम दोकान बन्द गरिरहन्छ। यतिकैमा अर्को एउटा हजाम आइपुग्छ।]

Digitization by Arya Samaj Charitable Foundation, Chennai

अर्को हजाम

(पहिलो हज़ामसित) का भइल रे मर्दवा, का भइल ?

[उसलाई देखनासाथ पहिलो हजाम झन् शिर निहुराउँछ । पसल बन्द गरी जानलाग्छ । तीनै जना पुलिससाथ मुखमा गोबर पुछ्दै नून खाएका कुखुरा झैं जमिनतिर हेर्दै लुरुलुरु जान्छन् ।]

२, फाल्गुन, ०६

पटाक्षेप

Digitization by Arya Samaj Charitable Foundation, Chennai

त्यो जानसकेन

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पात्र–परिचय

रामसुब्बा- एउटा धनी सुब्बा; वर्ष ५०।

सेते- रामसुब्बाको एउटा पुरानो नोकर; वर्ष ४५।

मुकुन्दलाल–रामसुब्बाको भतिजो, एउटा दयालु मानिस; वर्ष २५।

पाहुनाहरू- घरमा भोज आउने मानिसहरू।

घरका जहानहरू, भोज आउने नोकरानहरू

यो एकाङ्की 'साहित्य-स्रोत' २००४, वैशाख वर्ष १, संख्या १ मा प्रकाशित भइसकेको छ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

त्यो जानसकेन

समय—वेलुकी।

स्थान—रामसुब्बाको चोटाकोठा।

[कोठामा सेतो भूइँतन्ना कसिराखेको छ। कोठामा दुवै किनारामा मखमली कार्पेट बिछाइराखेको छ। ढोकानिरको भित्तामा अड़ेस लाएर एउटा राम्रो टेबुल उभिइरहेको छ। टेबुलमाथि गुनकेसरीको फुल भएको एउटा फूलदान, राता-हरिया माछा भएको एउटा ठूलो सीसी र एउटा ल्याम्पस्टाण्ड राखिएका छन्। भित्तामा एउटा श्री ३ महाराजको ठूलो तस्वीर, एउटा २०'।२४' साइजको जहानभरीको, एउटा वस्त्रहरणको र एउटा रामसुब्बाको आफ्नै तस्वीर टांगिएका छन्। टेबुलमाथिको भित्तामा एउटा तख्ताघडी र ढोकासामन्नेका भित्तामा एउटा ठूला ऐना टांगिएका छन्। कुनाको भित्तानिर एउटा पलङ्ग उभिराखेको छ। पलङ्गमुनि एउटा माछेबुट्टा तन्ना मोडेको सानो बिछयाउनामा रामसुब्बा बालिष्ठमा अड़ेस लाएर गुड़गुडे हुक्कामा तमाखु गुड़गुडाइरहेका छन्। आउने ३।४ जना मानिस टेबुलनिर कार्पेटमा बसिरहेका छन्। मुकुन्दलाल ढोकाअगाडिको भ्यालेफलैचामा बसेर चोटामा नोकरानहरूले भोज खाइरहेको हेरिरहेका छन्।]

Digitization by Arya Samaj Charitable Foundation, Chennai

रामसुब्बा

("के तमाखु हालेर ल्याएको, कति चांडै सकेको" भनी मुत्मुतिंदै सेतेलाई बोलाउँछन्) सेते, सेते !

सेते

(बाहिर चोटाबाट चिउरा चपाउँदै बोलेको स्वर आउँछ) हजुर !

मुकुन्दलाल

सेते भर्खर भोज खानबस्यो ।

रामसुब्बा

(मुकुन्दलालतिर हेरेर) कति चांडो भोज घिचिनु पर्ने ए ! —पाहुनाहरू धमाधम भोज आइरहेका छन् । तमाखु-समाखु भरेर उनीहरूलाई स्वागत-सत्कार गर्ने कहाँ-कहाँ हत्तरपत्त भोज नै घिच्ने ! बोलाऊ त्यो गधालाई ! —चुठेर भएपनि आ भन ।

मुकुन्दलाल

"दिनभरी केही खाएको छैन, सान्है भोक लाग्यो" भनी कराइरहेको थियो, अनि मैले खान बसाइदिएँ ।

रामसुब्बा

दिनभरी भोकै बस्दैमा मर्छ रे त्यो !-नोकर भएपछि थस्तो भैपरिआएको वेला दिनभरी त के दुई दिन पनि भोकै

Digitization by Arya Samaj Charitable Foundation, Chennai

बस्नुपर्छ ।—कस्तो बेकूफी ए, पाहुनाहरू धमाधम आउने वेला त्यो घिच्नबस्ने ! (रिसाएर) बोलाऊ, बोलाऊ, त्यो पाजीलाई ।—चुठेर भएपनि आ भन ।

[मुकुन्दलाल सेतेलाई बोलाउँछन् । सेते डराउँदै-डराउँदै आउँछन्]

रामसुब्बा

(सेते दैलोमा पुग्नासाथै छास्दछन्) बदमाश ! बेकूफ ! पाजी ! तेरो बाबुको टाउको तमाखु भर्नुपर्छ भन्ने तँलाई थाहा छैन !— तेरा बाजे पाहुनाहरू धमाधम आइरहेका देखिनस् !— तेरा आँखा फुटे !— के मेरो इज्जत लिन खोजेको ! तेरो भाग कस्ले खाला भनेर त्यस्तरी चांडो खान मरेको पाजी !—तेरो भाग कसले खाला भन्ने डर भो शैतान !

सेते

(मलीन स्वरले) दिनभरी केही खा'को छैन । भोक लागेर भर्खर खान बसेको हुँ । मुकुन्दकाजीले बसाल्नु भो, आफै बसेको पनि होइन ।

रामसुब्बा

दिनभरी नखाँदैमा के तँ मर्छस् ! नोकर भएर भनेजस्तो गर्न पाइन्छ ! टाइम-टाइममा खाइरहेका हामीले त आज वेलामा खान पाएनौं । मेरो इज्जत लिन सुरेको ! गधा कहाँको !

सेते

(केही झर्किएको भावमा) म आफै खान बसेको त होइन !

Digitization by Arya Samaj Charitable Foundation, Chennai

एकजना पाहुना

कस्तो बेसोहमती रहेछ यो, अहाएको काम थपक सिध्याए त पुगिगो नि, मालिकसंग पनि सवाल-जवाफ गरिरहने !

दोस्रो पाहुना

(सेतेलाई हेरी आंखा सन्काएर) जाऊ, जाऊ, झट्टै तमाखु भरेर ल्याऊ ।

[सेते हुक्काबाट चिलिम झिकेर तमाखु भर्न जान्छ]

राम सुब्बा

(पाहुनाहरूसंग) आजकल नोकरहरू कस्तरी भात्ते का ए, जे कुरामा पनि मालिकहरू सरह हुन खोज्ने ।

एक पाहुना

अब यसलाई भात लागिसक्यो ।

मुकुन्दलाल

कान्छाबा, दिनभरी उसले खाएको त केही छैन, काम पनि दिनभरी गरिरहेकैछ ।

रामसुब्बा

खुपलाग. नोकर बराल्ने तिमीहरू नै त हौ नि । तिमीहरूको भरमा नोकरलाई छाडिराखे चाँडै नै टाउकोमा कुल्चाउलाउ ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

[मुकुन्दलाल रातो मुख गरेर निहुरन्छन् । सेते तमाखु भरेर चिलिममा आगो फुक्दै गहभरी आंसु गरेर आउँछ । हुक्कामा चिलिम राखेर सेते देब्रे हातले आंसु पुछ्दै जान्छ । रामसुब्बा तमाखु तानिरहन्छन्]

रामसुब्बा

(मुकुन्दलालतिर हेरेर) **सेते बोलाऊ, सेते । कस्तो गधा, अलि सल्कने गरेर त तमाखु भर्नुपर्छ !**

[मुकुन्दलाल सेतेलाई बोलाउँछन् ! डराउँदै-डराउँदै सेते आउँछ]

रामसुब्बा

(सेतेतिर हेरेर) **होइन किन मातेको एतं, अलि राम्ररी आगो फुकेर त तमाखु हाल्नुपर्छ ! के जिस्क्याउन आएको ? के तेरो डडांल्नु सेक्न, पन्यो !- जा तेरो बाबुको खप्पर अलि चिलिममा आगो फुकेर ल्या !**

सेते

(धरधरी आंसु चुहाई सुस्केरा लिंदै) **सुब्बाबाजे, मलाई बिदा दिनोस्, खान नपा'र मर्नपरेतापनि म हजूरको नोकरी गर्नचाहन्न !**

रामसुब्बा

बढता नबोल्, बढ्ता पाजी !

Digitization by Arya Samaj Charitable Foundation, Chennai

सेते

मैले के बढ्ता बोलें ?– म हजूरको नोकरी गर्न चाहन्न। डडाल्नु सेकाउनलाई, बाबु हुर्काउन दिनलाई मैले नोकरी गरेको होइन । दिनभरी मुखमा पानी नहालीकन बैल जस्तो जोतेर काम गर्दा पनि विवेक नभएपछि यस्ता मालिकको के नोकरी गर्ने ? आजदेखि म छोड्न चाहन्छु ।

रामसुब्बा

(रिसाएर) बढ्ता बोल्छस् पाजी तँ ?

[रामसुब्बा रिसाएर जागेको सुनी घरका जहान र भोज आएका पाहुनाहरू २।३ जना थपिन्छन्]

सेते

(दरो भएर) नोकर भएँ भन्दैमा जथाभावी बोल्न पाइँदैन । बिकेर आएको होइन म । केही नखाईकन दिनभरी मरेर काम गर्दा पनि हजूरलाई पुगेन, हजूरको दिलमा एक थोपा पनि दया भएन । आज भोज जस्तो दिनमा पनि मैले दिनभरी मुखमा पानी हाल्न पाइन । दिनभरी काम गरेर चल्न-हल्न नसकेको हुनाले खानआंटेकोमा पनि मुखमा हालिसकेको अन्न उकेल्न लाउन भो। मगन्ते र कुकुरहरूले समेत आज यहाँ भोज खान पा'का छन्, म दिन-भरी नखाईकन मरेर काम गर्ने नोकरले केही खान

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पा'को छैन। यही हो मालिको दया ! अझ जथाभावी मैले नै गाली खान पर्ने ! योभन्दा अचाकलि अरू के होला ! यस्तरी हेला र लात खाएर बाँचिरहनु भन्दा त बरु भोकै मनुं नै बेस छ।

एक पाहुना

(सेतेसित) कस्तो मूर्ख तिमी, मालिक जस्ताले भनेका त्यति जावो कुरामा पनि चित्त दुखाएर नोकरी छोड्न खोज्ने ? बिराएँ पो भन्नु पर्ने।

सेते

तपाईलाई पो के भएको छ, मेरो त मुटु छिया-छिया भइसक्या छ। मैले के बिरा'को छु। मैले त नून खा'को अनुसार नै सोझो चिता'र काम गरिरहेकै छु। मालिकले जे भने पनि सहिरहेकै छु, तर आज मेरो मन सान्है दुख्यो, सहनै सकिन (लामो सुस्केरा हाली आँखाबाट घरघरै आंसु चुहाउँदै) हरे, ईश्वरले मलाई पूर्वजन्मको पापको भोग भोगाउनै परे बरु पशु जुनीपनि त हुने, घाँस खा'र पनि सुखी त हुन पाइन्छ, बरु गुहूको कीरा गराए पनि सुख हुन्थ्यो। (रामसुब्बातिर हेरेर) सुब्बाबाजे, म बिदा हुन्छु, म गएँ।

[रामसुब्बा टोलाएर केही पनि नबोलीकन तमाखु खाइरहन्छन।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

सेते सरासर जान्छ । पाहुनाहरू सबै जिल्लिरहन्छन् । मुकुन्दलाल गहभरी आंसु गरेर सेतेप्रति कारकार्ती हेरिरहन्छ ।

रामसुब्बा

[मुकुन्दलालतिर हेरेर, अफसोस र पछुतोको भावमा) **मुकुन्दे, सेतेलाई बोलाऊ त ।**

[मुकुन्द सेतेलाई बोलाउँछन् । सेते आफ्नो कपडालत्ताको पोका लिंदै आउँछ]

रामसुब्बा

कहाँ जान लागिस् ए मोरा !- जानेभए घिचेर जा !

[मुकुन्दलालले सेतेको हातबाट कपडा-लत्ताको पोका खोस्छन्, सेतेलाई छोड्दैनन्]

सेते

मुकुन्दकाजी, म अब यहाँ बस्दिन । अब म कसैको पनि नोकरी गर्दिन । सके बाँचिरहुँला । खान नपा'र मनु परेपनि तयार भइसकें । मेरा कपडालत्ता दिनोस् काजी, बिन्ती छ मलाई नरोक्नुस् ।

मुकुन्दलाल

भनेको मान्, जिद्दी नगर्, जा भोज खा । तँलाई हाम्रो माया-मोह केही छैन ?

सेते

माया-मोह भेर त यतिका दिन दिन-दिनै सुब्बाबाजेको

Digitization by Arya Samaj Charitable Foundation, Chennai

लात खान पऱ्यै पनि सहिरहेको । तर कसो·कसो काजी, आज मैले सहन्नै सकिन । (आँखामा आँसु भरेर आउँछ···) नोकरै भएपनि मेरो पनि त इज्जत छ । अरू नोकरानहरूको अगाडि आफ्नो मालिकको निगाह र माया–दयाको मलाई पनि चाहना छ । त्यतिका जोडीपाडीको अगाडि त्यतिको मैले बेइज्जत खानपऱ्यो (मुकुन्दतिर हेरेर) मेरो कपडालता दिनोस्, म जान्छु । अब म ह्याँ क्यै गरे पनि बस्दिन ।

[मुकुन्दलालको हातबाट सेतेले आफ्ना कपड़ालता लिन्छ]

मुकुन्दलाल

भैगो बरू मन नलागे जालास्, तर भोज त खा ।

रामसुब्बो

जा पाजी धेरै कचकच नगर् ।

मुकुन्दलाल

भोज त खा जा, खान बसिसकेको भोज नखाईकन जानु छैन सेते !

सेते

पेटभरी खाइसकेकै छु, मुकुन्द काजी !

[सेतेले केही गरेपनि भोज खान मान्दैन । मुकुन्दलाल सोकिलो अनुहार लिइरहन्छन् । भोज आएका पाहुनाहरू र अरू नोकरानहरू सबै सेतेलाई भोज खान आग्रह गर्छन्– **हाम्रो कुरा सुन सेते !** सेते भोज खान नमानीकन खालि आँसु चुहाउँदै सुक्सुक रुँदै आँस पुछ्दै

Digitization by Arya Samaj Charitable Foundation, Chennai

आफ्नो लुगाफाटा च्यापेर जान खोज्छ । मुकुन्दलाल र पाहुनाहरू सबै सेतेलाई सम्झाइरहन्छन्– भनेको मान सेते, जाऊ, खान जाऊ। सेते कसैको कुरा नसुनी जान खोज्छ ।]

रामसुब्बा

(स्नेहले भरेको शब्दमा) सेते, किन भनेको मान्दैनस् ? भनेको मान, जा भोज खा , मैले गाली गरेकोमा पनि तेरो मन दुख्ने !

सेते

[गहभरी आँसुगरी सँघारैमा रुक्छ]

रामसुब्बा

(खूब प्यार भावमा) जा भोज खा !– मोरो, दिनभरी नखाई के गरिरहेको ? तेरो टाउको खाउन बिर्सेको भए मागेर खान सकिनस् ! मागेर पनि नदिए खोसेर खान सकिनस् ! तैं जस्तो लाछीको पेट भोको नरहे कसको रहन्छ ?

[सेतेले पाइलो सार्नसक्दैन । रामसुब्बाको गालीमा भरेको मीठो माया–ममताले उसलाई, उसका सारा रीस र खिन्नताको भावनालाई पखालि दियो । मुकुन्दलालले सेतेले च्यापिराखेको कपडालता खोसेर उसलाई भोज खान लैजान्छ ।सेते आफूले विराएको जस्तो भाव गरी जान्छ ।]

पटाक्षेप

२५, चैत्र, '०१ ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

डाक्टर

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पात्र-परिचय

डाक्टर—एक कठोर डाक्टर; वर्ष करीब ४५।

कमलाकुमारी—डाक्टर्नी; वर्ष करीब ३६।

शंकरलाल—एउटा गरीब मानिस वर्ष ३०।

आगन्तुक—एउटा कर्णेलका मानिस; वर्ष ५०।

गणेशमान—शंकरलालको साइनो भाइ; वर्ष २८।

यो एकाङ्की नाटक 'शारदा' वर्ष १६, अंक ९ मा प्रकाशित भई दरबार हाई स्कूलको २००६ सालको श्रीसरस्वती-पूजाको उपलक्ष्यमा दशम कक्षाका विद्यार्थीहरूद्वारा श्री पं. गोपीनाथ अर्य्यालको निर्देशनमा श्री सरस्वती स्थान पछाडिको जङ्गल-मा अभिनीत भइसकेको छ। यसका अभिनेताहरू यी हुन्:-

डाक्टर—श्री गोकुलप्रसाद पाण्डे (हिन्दुस्थानी)

डाक्टर्नी कमलाकुमारी—श्री जुजुराम कुसले

शंकरलाल—श्री नरेन्द्र बस्नेत 'नेपाली'

गणेशमान—श्री गुणनिधि 'नेपाली'

आठपहरिया आगन्तुक—श्री लोकेन्द्रबहादुर शाह

Digitization by Arya Samaj Charitable Foundation, Chennai

डाक्टर

समय—बेलुकीपख ।

स्थान—डाक्टरको कोठाबाहिर ।

[सिमन्टीको भूइँमाथि अगल–बगल २ बेन्च उभिराखेका छन् । एकातिर छेउमा एउटा ठूलो बुलडग कुकुर बांधिएको छ । एउटा ४० वाटको बिजुली बलिरहेको छ । कोठाको ढोकामा एउटा कालो पर्दा लगाइएकोछ । शंकरलाल कहिले बेन्चमा बस्छन्, कहिले उठ्छन्, कहिले टाउको कन्याउँदै आशाप्रद मुद्रामा ढोकाको पर्दातिर जान्छन् । एकनासको कुकुर भुकिरहन्छ । कोठाभित्र भुन्भुनाउँदै कुरा गरिरहेको आवाज सुनिन्छ]

शंकरलाल

(२ मिनेट जतिपछि आँट गरेर पर्दातिर गई बोलाउँदछन्) डाक्टरसाहेब !

['छैन भन्' भित्रबाट केही रूक्ष र सानो स्वरमा बोलेको आवाज आउँछ]

शंकरलाल

(विनम्र र हड्बडाएको भावमा) डाक्टरसाहेब !

कमलाकुमारी

(पर्दाबाट टाउको एउटा निकालेर) डाक्टरसाहेब हुनुहुन्न ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

शंकरलाल

(व्यथितको साथसाथै हड़बडाएको भावमा) हजूरबाट पनि निगाह गरेर एकचोटि भनिदिनुहोला डाक्टरनीसाहेब ! एउटी ५ वर्षकी छोरी छ, एउटा १॥ महीनाको काखेबालक छ, मेरो त जहाजै डुब्नलाग्यो डाक्टरनीसाहेब, दया गर्नु-होला ।

कमलाकुमारी

(सहानुभूतिपूर्ण भावमा) त्यस्तो अवस्थाकी बिरामीलाई छाडिराख्नु ठीक छैन, तपाई गैरहनुस् अहिल्यै आउनुहुन्छ, आउनु हुनासाथ म पठाइदिन्छु ।

शंकरलाल

(आँखामा आँसु भरेर सुस्केरा लिंदै) सान्नो भैसक्यो डाक्ट-रनीसाहेब ! अलि-अलि कम्प पनि देखिइसक्यो, ढलो धर्म हुन्छ डाक्टरनीसाहेब !

कमलाकुमारी

[दैलोमा नै उभिएर दयाद्र भावमा कोठाभित्र मुख फर्काउँछिन्]

['छैन मन्, छैन मन्' भित्रबाट झर्केर बोलेको अवाज आउँछ]

शंकरलाल

(दयाद्र भावमा) डाक्टरनीसाहेब !

[कमलाकुमारी शंकरलालप्रति हेरेर एक छिन टोलाउँछिन्, अनि करुणामय भावमा कोठाभित्र हेर्छिन् । 'छैन मन्, छैन मन्, ढोका

Digitization by Arya Samaj Charitable Foundation, Chennai

लाइदे, आ भित्र' भित्रबाट झन् बढता झर्काकिन बोलेको आवाज आउँछ]

शंकरलाल

डाक्टरसाहेब !

['छैन, छैन जा' भित्रबाट आवाज आउँछ]

शंकरलाल

ज्यादै लाग्यो भैसक्यो डाक्टरसाहेब ! - गरीबमाथि दया गर्नुहोस् !

[कमलाकुमारीलाई भित्रबाट तान्दछन् । भित्रबाट ढोका बन्द हुन्छ]

शंकरलाल

(ढोका लाउन नदिने आँट गरी रुन्चे भावमा) जनिगर, बिन्ती डाक्टरसाहेब, मेरो जहाजै डुबनलाग्यो !

डाक्टर

(पर्दाबाट टाउको निकालेर अत्यन्त क्रुद्ध भावमा) तेरो जहाज डुबे मलाई के पाजी ! बडो जबर्दस्त गर्ने, लात्ती भकुन्डो गरेर पठाइदिउँला अहिल्यै, बडो जबर्दस्त गर्ने ! आउँदिन भनेपछि तेरो कर छ ? बडो जबर्दस्त गर्ने बेकूफ !

कमलाकुमारी

(पर्दाबाट टाउको निकालेर मयालु भावमा) आउनुहुन्छ, आउनु हुन्छ जानुस् , तपाई गैरहनुस् , म पठाइदिउँला ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

शंकरलाल

(व्यथितको साथसाथै हड़बड़ाएको भावमा) हजूरबाट पनि निगाह गरेर एकचोटि भनिदिनुहोला डाक्टरनीसाहेब ! एउटी ५ वर्षकी छोरी छ, एउटा १॥ महीनाको काखेबालक छ, मेरो त जहाजै डुब्नलाग्यो डाक्टरनीसाहेब, दया गर्नु-होला ।

कमलाकुमारी

(सहानुभूतिपूर्ण भावमा) त्यस्तो अवस्थाकी बिरामीलाई छाडिराख्नु ठीक छैन, तपाई गैरहनुस् अहिल्यै आउनुहुन्छ, आउनु हुनासाथ म पठाइदिन्छु ।

शंकरलाल

(आँखामा आँसु भरेर सुस्केरा लिंदै) साच्चो भैसक्यो डाक्ट-रनीसाहेब ! अलि-अलि कम्प पनि देखिइसक्यो, ठूलो धर्म हुन्छ डाक्टरनीसाहेब !

कमलाकुमारी

[दैलोमा नै उभिएर दयाद्र भावमा कोठाभित्र मुख फर्काउँछिन्]

['छैन मन्, छैन मन्' भित्रबाट झर्केर बोलेको अवाज आउँछ]

शंकरलाल

(दयाद्र भावमा) डाक्टरनीसाहेब !

[कमलाकुमारी शंकरलालप्रति हेरेर एक छिन टोलाउँछिन्, अनि करुणामय भावमा कोठाभित्र हेर्छिन् । 'छैन मन्, छैन मन्, ढोका

Digitization by Arya Samaj Charitable Foundation, Chennai

लाइदे, आ मित्र' मित्रबाट झन् बढता झर्कीकन बोलेको अवाज आउँछ]

शंकरलाल

डाक्टरसाहेब !

['छैन, छैन जा' मित्रबाट आवाज आउँछ]

शंकरलाल

ज्यादै लाग्यो भैसक्यो डाक्टरसाहेब ! - गरीबमाथि दया गर्नुहोस् !

[कमलाकुमारीलाई मित्रबाट तान्दछन् । मित्रबाट ढोका बन्द हुन्छ]

शंकरलाल

(ढोका लाउन नदिने आँट गरी रुन्चे भावमा) जनिगर, बिन्ती डाक्टरसाहेब, मेरो जहाजै डुब्नलाग्यो !

डाक्टर

(पर्दाबाट टाउको निकालेर अत्यन्त क्रुद्ध भावमा) तेरो जहाज डुबे मलाई के पाजी ! बडो जबर्दस्त गर्ने, लात्ती भकुन्डो गरेर पठाइदिउँला अहिल्यै, बडो जबर्दस्त गर्ने ! आउँदिन भनेपछि तेरो कर छ ? बडो जबर्दस्त गर्ने बेकूफ !

कमलाकुमारी

(पर्दाबाट टाउको निकालेर मयालु भावमा) आउनुहुन्छ, आउनु हुन्छ जानुस्, तपाई गैरहनुस्, म पठाइदिउँला ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

शंकरलाल

(आँखामा आँसु पुछ्दै दुवै हात जोरी) गरीबमाथि निगाह रहोस् डाक्टरसाहेब ! शरीरमा कम्प आइसक्यो, म आएकै यतिका बेर भैसक्यो, के गति भैरह्यो क्यारे विरामीको ! मेरो जहाजै डुब्नलाग्यो डाक्टरसाहेब, दया गर्नुस् !

डाक्टर

(हातले रुपियांको भाव देखाउँदै) फिस ल्याएको छ कि छैन फिस ! दुई-दुईचोटि आइसकें, एकचोटि पो मोलाहिजा गर्न सकिन्छ, दुईचोटि पो मोलाहिजा गर्न सकिन्छ, सधैं पनि कसैले मोलाहिजा गर्नसक्ला ? तिमीले बिच्छुक गरिदिएदेखि अहिलेसम्म एउटा पनि विरामी पाएको छैन । पहिलेको फिस नै देऊ, अनि म आउँला । किन नआउँला, खुशीसाथ आउँछु ।

शंकरलाल

(हातजोरी करुण र वेदनापूर्ण भावमा) अहिले फिस ल्याएको छैन डाक्टरसाहेब ! ओखती किन्नलाई समेत रुपियाँ छैन, घर बन्दक राख्नलागेको छु, अब २।४ दिनमा टक्याउँला डाक्टरसाहेब !

डाक्टर

(हांसेर) फिस पनि कहीं उधारोमा चल्छ ? म पनि २।४ दिनमा आउँला ।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

शंकरलाल

बिरामी साह्रो भैसकेकी छ डाक्टरसाहेब, जे गरेर पनि बिरामीलाई बचाइदिनुहोस् । मेरो जहाजै डुब्नलाग्यो डाक्टर-साहेब !

डाक्टर

साह्रो भएर के गर्ने ? जहाज डुबेर के गर्ने ? आफ्नो पनि त हेर्नुपर्छ । मेरो रोजगारै त्यही छ, गएको ठाउँमा फिसै पाइएनभने म कसरी निर्वाह गरूं ? अगाडिको फिस देऊ, आउनमा म तैयारै छु ।

शंकरलाल

[बरबरी आंसु चुहाउंदै हात जोर्छन्]

कमलाकुमारी

(मयालु भावमा डाक्टरप्रति हेरेर) भैगो नाई, अहिले एकचोटि गैदिनोस्न, त्यस्तो अवस्था परेपछि के गर्ने ? घर बन्दक राखेर फिस दिउँला भनेकैछन् ।

[नेपथ्यमा मानिस भन्याङ उक्लेको आवाज आउँछ]

आगन्तुक

(भन्याङ उक्लदै) डाक्टरसाहेब !

[आगन्तुक डाक्टरतिर आइपुग्छन्]

डाक्टर

किन हुँ ?

Digitization by Arya Samaj Charitable Foundation, Chennai

आगन्तुक

आज करसाहेबलाई आराम भएन, बिहानैदेखि कपाल दुखिरहेको छ, तपाईलाई लिनआएको।

डाक्टर

एकै छिन बेन्चमा बस्नुस्। म लुगा लाएर आउँछु।

[डाक्टर कोठाभित्र पस्छन्। शंकरलाल गहभरी आंसु गरेर टोलाइ-रहन्छ। डाक्टर बाहिर जाने पोशाकमा कोठाबाट निस्केर भन्याङ्-तिर हिंड्न तयार हुन्छन्। कमलाकुमारी पर्दाबाट टाउको निकालेर हेरिरहन्छिन्।]

शंकरलाल

(डाक्टरको गति रोकी वेदनामय भावमा रुंदै) डाक्टरसाहेब!

डाक्टर

(उपेक्षाको भावमा) विनाफिसले म आउनसक्तिन!

शंकरलाल

(डाक्टरका खुट्टा समाएर रुंदै) मेरो जहाजै डुब्नलाग्यो डाक्टरसाहेब!

डाक्टर

(अगाडि बढ्न खोज्दै उपेक्षाको भावमा) म यस्तो निहोरा र चाकरीको भोको छैन, आफ्नो कामको मजूरीसित मात्र मेरो मतलब छ। मलाई दिक्क नगर, फिसविना किमार्थ आउनसक्तिन। हजारपल्ट भनिरहनाको मतलब छैन।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

कमलाकुमारी

(दयामय भावमा) साह्रै भो भनेपछि एकपटक गैदिनोस्न ।

डाक्टर

(कमलाकुमारीप्रति हेरी रीसको मुद्रामा) कमलो, ज्यादा दयालु भएर देवता नबन, तिमी जस्ती दयालुले एक दिन खान नपाउन पनि बेर छैन । (पुरानो विपत संझेर भनेको भावमा) मैले पनि गरीबीको तीतो भुक्तमान् भोगिसकेको छु । त्यसबेला संसारमा मैले कोही देवता देखिन । त्यसैले दयालु बनेर फेरि कसैको खुट्टा खुम्लुम्याउन जानुपर्ने मुख्यार्इँ काम म गर्न चाहन्न । कसैको हानि-नोक्सान नगर्नु र कुमलो नचिताउनु नै म धर्म संझन्छु ।

[शंकरलाल टिठलाग्दो अनुहारमा कमलाकुमारीको मुख ताकि-रहन्छन् ।]

कमलाकुमारी

तैपनि धर्म कहाँ जान्छ ?

डाक्टर

(खूब रिसाएर) चुप लाग !- बेसीहमती, बडो दयालु बन्नखोजेकी हौली !- भोलि मुखमा माड नजुन मात्र होस गर !

Digitization by Arya Samaj Charitable Foundation, Chennai

[तलबाट भन्याङ उक्लेको अवाज आउँछ । नाङ्गो टाउको र नाङ्गो खुट्टामा गणेशमान आउँछन् । माथि पुगेर उनी एकछिन जिल्लिएर ठिङ्ग उभिन्छन्]

शंकरलाल

[गणेशमानतिर हेरेर] तिमी हिंड्दै गर गणेश, बिरामीलाई छाडेर किन आएको ? म डाक्टरसाहेबलाई साथै लिएर आउँछु ।

गणेशमान

[सुस्केराको अवाजमा लकपकाउँदै] भाउज्यू त गैसक्नु भो!

शंकरलाल

[वेदना र आश्चर्य भावमा] हं !

गणेशमान

(पीडित भावमा) कंप त कम भैसकेको थियो, अचानक-सित हिक्का आइदियो, दुई हिक्कामा नै जानुभो ।

[शंकरलाल सहसा भूईमा पछारिन जान्छन । डाक्टर, कमला-कुमारी गणेशमान सबै सहानुभूतिपूर्ण भावमा शंकरललाई उठाउन जान्छन् । आंखामा आंसु, कण्ठमा भक्कानो लिएर शंकरलाल मूर्च्छा पर्छन् । डाक्टर आफ्नो कोठाभित्र दौड़ेर गई औषधिहरूको ब्याग ल्याउँछन् । ब्यागबाट औषधि झिकी शंकरललाई सुँघाउँछन् । औषधिको असरले तत्क्षणात् शंकरलाल बिउँझन्छन् । बिउँझनासाथ बर्बर्ती आंसु खसाएर चारैतिर हेर्छन् ।]

Digitization by Arya Samaj Charitable Foundation, Chennai

शंकरलाल

(केही उन्मत्त भावमा) साच्चै हो गणेश ? रमला मरी !

गणेशमान

(आश्वस्त भावमा) संसार यस्तै हो । संसारलाई एक दिन हामीले पनि छोड्नैपर्छ, अब हाम्रो निम्ति धैर्य नै एउटा औषधि छ । जाऔं, अब उहांको आत्मालाई सद्गति प्राप्त गराऔं ।

डाक्टर

(सहानुभूतिको भावमा गणेशमानप्रति हेरेर) आधा घंटा जति पछिमात्र लैजानुस्, बाटोमा फेरि मूर्च्छा हुने सम्भव छ । अलि धैर्य नै गर्नुहोस् ।

शंकरलाल

(उन्मत्त भावमा उफ्री डाक्टरको घाँटी समाएर) बेइमान डाक्टर, मेरी रमलालाई मार्ने तैं बेवकूफ होस् । तैं बदमाशलाई मारेर मात्र अब धैर्य लिन्छु । (दुवै हातले डाक्टरको घांटी न्याच्च समातेर दबाउँछन् । डाक्टर चिच्याउँछन् । सबैले मिली छुट्याउँछन् । लाइराखेको दुवै जुत्ता फुकाई दुवै जुत्ताले लगातार डाक्टरलाई हानेर फेरि बर्बराउँछन) मेरी रमलाको मृत्युको कारण तैं बेकूफ होस्, तैं बदमाश होस् । (दगुरेर फेरि डाक्टरको घांटी समात्न जान खोजी) गरीबको रगत खाने, गरीबको दुश्मन, मानवताका शत्रु, तैं बेवकूफ

Digitization by Arya Samaj Charitable Foundation, Chennai

होस् ! (डाक्टर डराएर कोठाभित्र पस्छन् । कोठाको ढोकातिर लम्केर) धनका भूत, धनैको निम्ति बाँचिरहने तं द्रव्यपिशाच डाक्टरलाई नमारीकन म जान्न ।

[कमलाकुमारी हात जोरेर बिन्ती गर्छिन् ! गणेशमान र कर्णेलका मानिस दुईजना मिलेर शंकरललाई तल लैजान खोज्छन् । शंकरलाल मान्दैनन्, नजानमा जोर गरिरहन्छन् ।]

गणेशमान

(विनीत भावमा) दाइ, के गर्नु भएको यो तपाईले ? गुठि-याएहरू सबै, घरमा जम्मा भैरहेका होलान् । चांडै अन्त्येष्टि-क्रिया गरेर भाउज्यूलाई सद्गति दिन पो खोज्नुपर्छ ।

शंकरलाल

(रुंदै लक्पकाउँदै) तिमी-जाऊ-गणेश,-म-यो-मानिस-मार्ने-डाक्टरलाई-मारेर-मात्र-धैर्यको-सास-फेर्छु । (सीसले रन्थनिंदै छिटो-छिटो) मानिसको ज्यानभन्दा पनि ५ रुपियां फिसलाई ठूलो संझने यो ज्यानमारा डाक्टरलाई ज्यानको सजाय दिएरमात्र म आउँछु ।

गणेशमान

(धैर्य दिलाउने भावमा) भैगो भने दाइ, भैगो, हिड्नोस् !-त्यसलाई मारेर के फाइदा ? हुने-हुनामी भैगो, अब त भाउज्यूको आत्माको उद्धारतिर पो लाग्नु कर्तव्य छ । आमा !

Digitization by Arya Samaj Charitable Foundation, Chennai

आमा' ! भनेर छोरी रोइरहेकी छ । केटाकेटीहरूलाई संझाएर, उनीहरूको मन राखेर, उनीहरूको देखरेख गर्नु पो कर्तव्य हो ।

शंकरलाल

(दान्हा किट्किटाउँदै) मेरी रमलालाई मार्ने, रमलाको मृत्युको कारण, अझ यो चण्डाल डाक्टर कति जना गरीब-हरूको मृत्युको कारण भैसकेकोहोला । यसलाई मार्नु पनि एउटा ठूलो कर्तव्य हो । (उन्मत्त भावमा उफ्री-उफ्रीकन) यो शैतान डाक्टरलाई आजै माछु ! यसलाई मारेर मात्र म रमलाको अन्त्येष्टि - क्रिया गर्छु । (आंखामा बर्बर्ती आंसु बहाई शिर चारैतिर घुमाएर) रमला ! मेरी रमला ! (दान्हा किटूकिटा उंदै) तलाई मार्ने ज्यानमारा डाक्टरलाई मारेर म पनि तिमीकहाँ आउंछु । (आफूलाई हियाएको भावमा) डाक्टरको फी दिन, औषधि किन्नलाई मसंग पैसा नभएकोले रमला, तिमीले मर्नपऱ्यो, तिम्रो मृत्यु अकाल मृत्यु हो । तिमीले जबर्दस्तसंग मर्नपऱ्यो । तिम्रो मृत्युको कारण-तिमीलाई मार्ने म पनि एउटा हुँ ! बिरामी हुँदा औषधिसरुम पनि गर्ननसक्ने, छुसीलाई विवाह गर्नाको के हक ? मैले तिमीसित विवाह गरेर तिमीलाई मारें ! विवाह गर्नाको अधिकारै नभएका दरिद्र लोग्नेकी स्वास्नी बनेर मफतमा तिमीले मर्नपऱ्यो रमला ! (आंखि टुटेर गएको स्वरमा) अब म तिम्रो काज-क्रिया गरेर, तिम्रो निम्ति दान-दक्षिणा दिएर तिम्रो उद्धार पनि गर्न सक्तिन ! अब

Digitization by Arya Samaj Charitable Foundation, Chennai

तिमीले अगति भएर प्रेतात्मा पनि बन्नपर्ला रमला ! त्यसैले मलाई अब यो संसारमा बस्नको पनि हक छैन। तिम्रो गति, तिम्रो जुनीलाई बिगारेर मैले यहां बसिरहनु पनि ठीक छैन रमला। तिम्रो जे गति, मेरो पनि त्यही गति होस्, त्यसैले रमला म पनि तिमीसंगै हिंड्छु ! पख ! पख ! रमला, म पनि संगै आउँछु !

[यस्तै बबेराउँदै फेरि मूर्च्छा हुन्छन्। अनि गणेशमानहरू चिन्याउँछन्]

डाक्टर

(बिस्तारै पर्दाबाट टाउको निकालेर हेर्छन्। लज्जित र पश्चातापित भावमा कोठाबाट बाहिर आई गणेशमानसित भन्छन्) मरिसकेकी छैन कि ?- कहिलेकाहि डाक्टरलाई पनि छुट्याउन गाह्रारो परेको हुन्छ। एकचोटि आएर राम्ररी जाँचिदिऊँ ?

गणेशमान

जांच्नाको जरूरत नभइसक्यो डाक्टरसाहेब !

[डाक्टरको मुखमा खिन्नताको भाव उदित हुन्छ। तत्क्षणात् बाहिर गई अर्को दुईजना मानिस बोलाएर ल्याउँछन्।]

डाक्टर

(गणेशमानप्रति) लौ यिनीहरूबाट बोकाएर लैजानोस्, घर पुगेपछिमात्र औषधि सुंघाउनुहोला (कर्णेलका मानिसप्रति हेरेर लज्जित र दिकदारी भावमा) म भोलिमात्र आउँछु !

Digitization by Arya Samaj Charitable Foundation, Chennai

[यति भनेर डाक्टर सरासर कोठाभित्र पस्छन्। कमलाकुमारी बोल्न खोज्छिन्, तर शर्मको भावले छोपेर उनलाई बोल्न दिदैन। उनी पनि कोठाभित्र पस्छिन्]

कर्णेलका मानिस

(कोठाको पर्दातिर गएर) करसाहेबलाई त्यसै बिन्ती चढाऊँ त डाक्टरसाहेब?

डाक्टर

(भित्रैबाट) हुन्छ।

[कर्णेलका मानिस पनि जान्छन्]

पटाक्षेप

१३, कार्तिक, '०६।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पहिलो पोइको श्राद्ध

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पात्र-परिचय

सेती— एउटी आइमाई ; वर्ष २२ ।

मीनबहादुर घले— एउटा सिपाही सेतीका पछिल्लो लोग्ने; वर्ष ३५ ।

हर्ख— सेतीको पहिलो पोइ तर्फको छोरो; वर्ष ५ ।

टुजो— सेतीकी आमा, वर्ष ४५ ।

ढकालबाजे— सेतीका पुरोहित

Digitization by Arya Samaj Charitable Foundation, Chennai

पहिलो पोइको श्राद्ध

दृश्य १

समय—बिहान ५ बजे।

स्थान—पकनाजोल : मीनबहादुर घलेको डेरा।

[सेती र मीनबहादुर घले दुवै सुविस्तन्छन्। खाटमुनि एउटा ठाउँ-ठाउँमा प्वाल परेको गुन्द्री बिछ्याइराखेको छ। खट्टा तिर खाटसँगै एउटा रातो रङ्ग पोतिएको लामो सन्दुस उभिरहेको छ। सन्दुकमाथि भानुभक्तीय रामायण र प्रेमलहरी दुई किताब राखिछोडेको छ। काठको मोटो किल्ला ठोकेर एकातिर भित्तामा कवाजको पोशाक भएको पोका झुन्ड्याई अर्कातिर बूट र बूटमाथि सिपाही टोपी, अनि एउटा ठेकी झुन्ड्याइराखेको छ। खाटमुनि एउटा पितले तसला, एउटा टाप्के, डाडु-पन्यू र एउटा थाल घोप्च्याइराखेको छ। खाटको सीधा सामन्ने भित्ताको कुनामा एउटा लिप-पोत भइराखेको सक्कां चूलो उभिरहेको छ। चूलोसंगै अम्खोराले मुख छोपिएको एउटा माटेको माझो राखिछोडेको छ। चूलोअगाडि एउटा दुंगो राखिएको छ। चूलो भएको भित्ताको अर्को कुनामा एउटा कोपरा राखिएको छ। कोपराको सीधामाथिको

Digitization by Arya Samaj Charitable Foundation, Chennai

तख्तामा एकमुठ्ठा रायोको साग र भान्छाका सामानहरू राखिएका छन्। कुखुराको बसाइले एकाएक सेतीको नींद टुट्छ । बिउ झना-साथ बिछ्याउना नछाडीकन बिछ्याउनैमा बसेर घेरै बेरसम्म सेती टोलाइरहन्छे । मीनबहादुर घलेचाहिं मस्त नींदमा सुतिरहन्छ। अनि खाटबाट ओर्लेर आंखीझ्यालबाट गल्लीतिर हेरेर सेती फेरि टोलाइरहन्छे। अनि उठेर सुतिरहेको मीनबहादुर घलेको मुख हेरेर फेरि टोलाउँछे। एकाएक त्यहाँबाट फर्केर सन्दुक खोल्छे र सुतिरहेको पोइतिर बराबर फर्कदै ५ रुपियाँ मोहर झिक्छे। एकचोटि फेरि पोइतिर हेरेर टोलाउँछे। अनि एकाएक ढोका खोलेर निस्कन्छे। एकै छिनपछि मीनबहादुर घले बिउँझन्छ । बिउँझनासाथ 'जयमहाकाली' भन्दै खाटबाट ओर्लन्छ । अनि आँखीझ्यालतिर यचक्क बसेर सलाई कोरेर आगो सल्काउँछ । तमाखु भर्छ र तमाखु खाइरहन्छ । नेपथ्यमा भन्याङ् उक्लेको अवाज आउँछ । ढोकातिर हेरेर सोध्छ–"त्याँ को हँ ?" भन्याङबाटै उत्तर आउँछ–'म' मीनबहादुरले फेरि सोध्छ– 'को' 'म' नेपथ्यबाट फेरि उत्तर आउँछ 'म भन्या !' अनि मीनबहादुरघलेले भन्छ 'ए... बालामैं ?' दाहिने खुट्टाले दैलोमा टेकी 'बायाँ हातमा मकल लिई आधा आङ कोठाभित्र पसाएर बाँलामैं भन्छे "आगो अलिकति लेन आयाको"]

मीन बहादुर

हुक्काबाट चिलिम झिकेर (केही ठट्टाको भावमा) ना !

बांलामै

छे यो सिपाहीदाइ त थत्तोमात्तै गर्छ

Digitization by Arya Samaj Charitable Foundation, Chennai

मीनबहादुर

(मुस्काउँदै)दुने चया कारे !

बांलामै

छे थत्ता नगर्नोस् अबेरा भो भन्या।

मीनबहादुर घले

छित अबेला जुसा छु, जितला सबेरै दु।

बांलामै

आज कवाज खेल्न जान पर्दैन ?

मीनबहादुर घले

थौं थनहे कवाज ह्यितेगु स्वेला ?

बांलामै

छे थत्ता नगर्न भन्या, भात पकाउन अबेरा भो।

मीनबहादुर घले

नाय पो दुहां वे मज्यू, छँ थे बांला जुह्म हिसि जुह्म ब्यासै ह्म नैनीयात सुना मज्यू धागु दु ?

बांलामै

(हाँस्दै ठट्टाको भावमा) मोरा सिपाहीं, आफ्नो सिपाहीनी आज कोचाहिं सिपाहीकां गयाको सबेरै ?

मीनबहादुर घले

(चिम्टाले आगो ब्यापेर दिन जाँदै) नाना तमोयक्क छ

Digitization by Arya Samaj Charitable Foundation, Chennai

भोलिनिसे मवै !

बांतामै

(जांदा-जांदै केही नखराको भावमा) तिमी सिपाहीलाई एक दिन म खूब गाली नगऱ्या त !

दृश्य २

समय–बिहान ७ बजे ।

स्थान–बुढेङखेलमा एउटा घरको छिडी; सेतीको माइती डेरा ।

[छिंडीको एक कुनामा इंट बिछ्याएर खाट बनाइराखेको छ । खाटमाथि तह तह बोडा बिछ्याइराखेको छ । अर्कै कुनामा कुखुराको खोर उभिएको छ । कुखुराको खोरको सामन्ने कुनामा चूलो संगै माटोको गाग्रो र एउटा ढलौटे करुवा राखिएका छन् । छिंडीका चारै भित्तामा सीसी, ठेकी, नाम्लो र अनेक पोकाहरू झुंडिरहेका छन् । कुखुराको खोरमाथि एउटा हसिया र नाम्लो भएको एउटा डोको उभिरहेको छ । ठूली चूलोमा बसी ढिंडो पकाइरहन्छे । सेती सिधाका सामानहरू सबै अगाडि राखेर टपरी र बोहोता गासिरहन्छे । हर्खे सेतीको अगाडि बसेर केटाकेटीसुहाउँदो कुरा गरिरहन्छ । ढकालबाजे कुखुराको खोरमाथि बसेर पातको हुक्कामा तमाखु खाइरहन्छन्]

हर्खे

सिला खानलाई सच्चै वा आउनुहुन्छ आमा ?

सेती

कतिपल्ट भन्नुपर्छ आउनु हुन्छ !– आउनु हुन्छ !

Digitization by Arya Samaj Charitable Foundation, Chennai

हर्ख

है आमा' अब वा आउनुभोभने नपठाउने।

टूली

(हाँस्दै चूलोबाट) तेरो वा आएभने बेस्करी अठ्याइराख् हर्ख, फेरि भाग्ला।

[ढकालबाजे तमाखु खांदै फिस्स हांसिरहन्छन्]

हर्ख

अब वा आउनुभोभने तपाईले पनि मलाई छाडेर जानुहुन्न हगि आमा ?

सेती

(आंखाबाट आंसु चुहाउँदै वेदनाले समातेको घाँटीबाट)

जान्न वा जान !

हर्ख

है आमा, मलाई छाडेर नजानोस् ?

सेती

लौ वा लौ।

हर्ख

अस्तिनि पनि त जान्न भन्नु भएको थियो, म सुतिरहेको वेला जानुभो, अब नजानोस् है त?

Digitization by Arya Samaj Charitable Foundation, Chennai

सेती

जान्न भन्या (सेती आफ्नो आंचलले आंसु पुछ्छे)

हर्ख

बा धेरै बूढो हुनुहुन्छ रे हगि आमा ?

सेती

(पीडित स्वरमा) अँ,अँ !

हर्ख

३ बीस दाम लिएर तेरी आमा तेरो बूढो बालाई दिएको रे हो आमा ?

[मुख लुकाएर ढकालबाबे हांस्छन्]

सेती

(अलि रीसको भावमा) चुपलाग् हर्ख, नचाहिंदोकुरा नगर।

हर्ख

(लाडिलो भावमा) तेरो बा बूढो नभएको भए मनें पनि थिएन। अनि तेरी आमा पनि पोइल जाने थिइन रे हगि आमा ?

सेती

[केही पनि नबोलीकन सेती आँचलले आंसु पुछ्छे।]

हर्ख

किन लोएको आमा ? रामेकी आमाले त होनि भनेको।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

[सेती सोकिलो अनुहारमा जिल्ल पर्छे, हर्खे पनि सेतीको मुख हेरेर टोलाइरहन्छ]

ढकालबाजे

सब तयार भो होइन, लौ चाँडै सक, मलाई अबेर भो, अझ २।३ ठांउमा जानु छ।

सेती

सकिहाल्योनि बाजे, लौ वस्नोस् न।

ढकालबाजे बस्छन्। मंत्रहरू पढ्छन्। हातका दुवै पाखुराले आंसु पुछ्दै सेती अंजुलिमा सिधा लिइरहन्छे। हर्खे उत्सुकतासाथ हेरिरहन्छ। नेपथ्यमा मानिसको अवाज आउँछ। मीनबहादुर घले भित्र पस्छ। घलेलाई देखनासाथै सेतीको मुख पहेलो हुन्छ। सेतीले अंजुलीमा हालिरहेकी सिधा देखेर उ जान्छ]

मीनबहादुर घले

(खूब रिसाउँदै) क्या हो. यो के गरेको यो ?

सेती

[केही पनि बोल्दिन। सम्मान र डरको भावमा मीनबहादुर घलेप्रति हेरेर उभिरहन्छे।]

ढूली

हखको कर्म चलिसकेको छैन, त्यसैले उसले सिधा एउटा दान गरेकी।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

मीनबहादुर घले

(सेतीतिर हेरेर) म छँदा-छँदै उसको सराध ! उसैको सतमा बस्नेभए किन फेरि बेस्ये भएर मसित पोइल आइस् ?

सेती

(अलि डरको भावमा) माया पलाएर आयो । अबदेखि गर्ने छैन !

मीनबहादुर घले

(रिसाएर) माया लाग्ने उहीसित, उसकै नाउँमा मनसक्न त, फेरि मलाई पनि किन मार्छेस् ?

सेती

(नम्र भावमा) तपाईलाई कसले माऱ्या' छ ? सिधा पउटा दान गरेर तपाईको के बिग्रन्छ ?

मीनबहादुर घले

तँ मेरी स्वास्नी होस्, कसैलाई माया गर्न पाईदैन फुंडी !

सेती

(रिसाएर रुँदै) फुंडी-सुंडी नभन्नुहोस् अर्कालाई !

घले

हामीसित मुखामुख गछस् । अहिल्ये कारेर टुका-टुका पारिदिन्छु तं जस्ता फुँडीलाई ?

Digitization by Arya Samaj Charitable Foundation, Chennai

[ढकालबाजे भयभीत भएर बिस्तारै निस्कन्छन् । हर्षे चिच्या-एर रुन्छ]

टूलो

(चूलीबाट बलिरहेको अगुल्टा लिदै) लौ काट् त बजियो हाम्रो छोरीलाई, राजा नभे'को देश हो र मनपरी गर्नलाई! हेरूं त तेरो तागत !

सेती

हाम्रो माया लाग्छ रे, तपाईको कपाल दुख्नु किन ? लागिसकेको माया हामी बिर्साउन सक्तैनौं, अब तपाई के गर्नुहुन्छ ? नमानुंजेल अनेक फकाइ-फुल्याइ गरी खुट्टा ढोग्ने, अहिले धूलो पनि नसंझने !

[सेती रुन्छे]

घले

उसको माया भए उहीसित किन मनैसकिनस् त, मैले फकाउँदैमा मान्नुपर्छ फुँडी ! तं वेश्येलाई ल्याएदेखि मेरो अनेक अल्छिन भइरा'को छ । रण्डीले कुल्चेपछि किन ठीक हुन्छ ?

टूली

मनपरी नभन् बजिया ! मुख सम्हालेर बोल् ।

सेती

म अल्छिन भए लछिनको अर्की ल्यान कसले तंलाई रोक्न आ'को छ ? हाम्रो आउन मनलाग्यो र तंसित आएँ,

Digitization by Arya Samaj Charitable Foundation, Chennai

हाम्रो जोसित माया लाग्या छ, उहीसित मरुला पनि, तँलाई के वास्ता ?

घले

तं त अब हाम्री स्वास्नी भइसकिस्, अर्काकी स्वास्नी भइसकेर नआई सुख छ ? कानभरी गहना लाइसकिस्, घिसारेर, लात बजाएर लैजान्छु, चिन्हिस् वेश्ये मलाई, सिपाहीको छोरो हुँ !

सेती

अर्काको जिउमा । तेरो के कर छ रांडाको छोरो ! हाम्रो खुश भयो आएँ, खुश भएन आउन, तेरो के कर छ ! के तेरो गहनामा बिकिएर आ'की हुँ म ? के गहना दिएर तैंले किनेको मलाई ? केही दिन तेरी स्वास्नी भे'र त्यसको बापतमा गहना लाएँ, अब तेरो गहना पनि पचाएँ जा ! तेरो के तागत मलाई घिसारेर लैजान र लात बजाउनलाई ? चिहिस्, म पनि दरबारे ढोकेकी छोरी हुँ !

घले

(रीसले चूर भई सेतीको चुल्ठो समातेर लात भकुर्छ) देखिस् सिपाहीको छोरालाई, देखिस् रण्डी, फेरि मुख छाड्-छेस् फुँडी ?

[हर्ष अतासिएर बेतोडसित रुन्छ । घले, सेती र ठूलीं ३ जनामा दुई पक्ष भए पिटापीट मारामार हुन्छ । घलेले सेतीलाई ठट्टाउँदै,

Digitization by Arya Samaj Charitable Foundation, Chennai

धिसार्दै लैजन्छ । हर्खे सेतीको फरिया समातेर तान्दै चिच्याउँछ । ठूली चण्डी भएर शिरानमुनि राखिछोड़ेको खुकुरी झिकेर मीनबहादुर घलेलाई ताकेर दगुर्छे । मीनबहादुर घलेलाई झन्डै हान्ने लागेकी थिई, यतिकैमा सेती चिच्याएर दगुर्छे र देब्रे हातले खुकुरीको वार रोक्छे । सेतीको आधा हात काटिई 'मरें !' भन्ने शब्दसाथ सेती भूईमा ब्याङ्ग लड्छे । हर्खे कङ्कला शब्द गरी चिच्याएर रुन्छ । मीनबहादुर घले पनि चिच्याउँदै एक हातले ठूलीको हातबाट खुकुरी खोस्छ र अर्को हातले सेतीको काटिएको हात समात्न पुग्छ । ठूली किंकर्त्तव्यविमूढ भई उभिरहन्छे । २।४ जना मानिस जम्मा हुन्छन् । सेती आधा काटिएको हात दुखेर पछाडिरहन्छे । हर्खे आमानेर बसी रोइ-हन्छ ।

मीनबहादुर घले

(गहभरी आंसु गरी, कातर भावमा बुई मागेर) **अस्पताल जाऔं है, चांडै निको हुन्छ ।**

सेती

(घाउको चहन्याइले छटपटिंदै, मीनबहादुरघलेप्रति मायालाग्दो भावमा हेरेर) **म हीं मछु, मलाई राम्रोसंग काटिदिनुस्, तपाईकै हातले मर्छु ।** (ठूलीप्रति हेरेर) **आमा, किन टोला-इरहनुभा'को ? याँ आउनुस्, तपाईलाई केही दोष छैन, मायै गर्नुभा'को हो ।**

ठूली

[पछुतोको भावमा जिब्लिएरै सेतीतिर पुग्छे ।]

Digitization by Arya Samaj Charitable Foundation, Chennai

मीनबहादुर घले

[खुकुरी भूईमा राखेर] अस्पताल जाऔं सेती ।

सेती

[मीनबहादुरघलेप्रति मायालाग्दो अनुहारले पुलुक्क हेर्छें]

मीनबहादुर घले

सेती ।

सेती

(हर्खेलाई अँगाल्दै मीनबहादुरघलेप्रति हेरेर) आज यसका बाबुको बर्खी छ । म पहिले उनकै स्वास्नी थिएं । उ मरेको हुनाले म फेरि तपाईकी स्वास्नी भएं ! मलाई उसको पनि माया भे'र आयो, आज रातभरी मलाई सपना पनि देखायो ! म मरें भने पनि मलाई माया नमार् भनी बराबर भन्नुहुन्थ्यो, त्यसैले उनको सराध गर्न आ'को, तर तपाईलाई मन परेन छ ।

सेती बर्बर्ती आंसु चुहाएर मीनबहादुर घलेको मुख हेरिरहन्छे । हर्खे गहभरी आंसु गरेर टोलाइरहन्छ । ठूली पनि टोलाइनैरहन्छे । अरू मानिसहरू पनि सहानुभूतिपूर्ण भावमा जिल्लेर उभिरहन्छन् । मीनबहादुरघलेले पनि केही बोल्नसक्तैन । पछुतोको भावले उ पनि टोलाइरहन्छ ।

२६, श्रावण, १०६।

पटाक्षेप

Digitization by Arya Samaj Charitable Foundation, Chennai

Digitization by Arya Samaj Charitable Foundation, Chennai

तीस रुपियां नोट

(नेपाली निबन्ध-साहित्यमा नयां प्रयोग)

यसमा जम्मा १२ निबन्ध छन्। निबन्ध विचारको क्षेत्र भए अनुसार मौलिक विचार सिँचँदै गएर लेखकले सबै निबन्धलाई भावात्मक र कलात्मक पार्नुभएको छ। निबन्ध पढ्दा एउटा कलाकार साथीसित रमाइलो ठट्टा गरिरहेको र एउटा मार्मिक कथा सुनिरहेको जस्तो मज्जा आउँछ। यही यसमाका निबन्धहरुको विशेषता हो। समालोचकहरुले पनि यस पुस्तकका निबन्धहरुलाई अंग्रेजी साहित्यका ठूला ठूला निबन्धकारका निबन्धसित दँजेकाछन्।

मूल्य ।७५, १) मात्र।

लेखकका अरु पुस्तकहरु

साहित्य : एक दृष्टिकोण ।८५, १=) भूस्वर्ग १।५०, १॥) केही नेपाली नाटक १।७५, २।) : चित्र-परिचय ।७२, ॥।) : शिशु-शिक्षण-कला ।२५, ।) : शुद्धाशुद्धिया ताचा ।८, =)

—५५२, हिमालय पुस्तक भंडार भोटाहिटी, नेपाल।

Digitization by Arya Samaj Charitable Foundation, Chennai

Digitization by Arya Samaj Charitable Foundation, Chennai



एक वैज्ञानिक अनुसन्धान

शब्द-शुद्धि-विचार

(सात घण्टामा शुद्ध सिकाउने व्याकरण)

अनौठा तरीकाको सजिलो संस्करण । मूल्य पनि आधा (।७५ ।।।-)

मात्र ।

अब ७ वर्ष, ७ महीना बिताउनु पर्दैन, केवल ७ घण्टैमा शब्द-शुद्धिका पंडित बन्नुहोस् । यसमा नेपालीमा चलेका संस्कृत, हिन्दी, उर्दू, अंग्रेजी सबै भाषाका अलग-अलग खण्ड छन । 'ह्रस्व' हो कि 'दीर्घ', 'ट' हो वा 'त', 'श' कि 'ष' अथवा 'स' पो हो कि, 'ब' कहाँ लेखिन्छ, 'व' कहाँ ?—यी मात्र होइनन्, प्रायः लेख्न बस्दा खाँचो हुने यावत् विषयको बारेमा वैज्ञानिक ढङ्गमा, छूमन्त्रको रूपमा युक्तिहरू बताइएका छन् । एकाध नमूना-ठाउँ र पोथी बाहेक पछाडि 'ति, धि, पि' भएका संस्कृत शब्दः ह्रस्व--समिति, सन्धि, कदापि, इ० । 'उ, तु, दु, नि' बाहेक रेफ अगाडि दीर्घः--पूर्व, आशार्वाद । 'क' की आसपास प्रायः 'श':--कुशल, शुक्ल । 'ध' वाला शब्दमा 'ब' र बीच वा अन्त्यमा 'व':—बध, निबन्ध ; अवतार, मानव । अगाडि 'त, ता' वाला उर्दु शब्द दीर्घः--तपसील, तकलीफ्, तालीम, तारीफ् । संस्कृत, उर्दू इत्यादि शब्द थाह पाइने काइदा पनि बताइएको छ ।

५५२, हिमालय-पुस्तक भंडार. भोटाहिटी, नेपाल

भी. पी. र मनिआडरबाट पाइने ठेगाना :--ऋद्धि-सिद्धि एण्ड सन्स, शेर कटेज बीरगंज, पो. रक्सौल, जि. चम्पारन ।